सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ चैत २०८२, शुक्रबार (27 March 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कार्की आयोगको प्रतिवेदनप्रति कांग्रेस र एमालेको आपत्ति



प्रतिवेदन प्रथमदृष्टिमै अपूर्ण/अधुरो, समिति गठन गरेर अध्ययन हुन्छ : **कांग्रेस**

बलजफ्ती कानुनको दफा ठेस्नु घृणाको राजनीतिको प्रकटीकरण हो : **एमाले**

(विस्तृत पृष्ठ ३)

निर्वाचनको हरित सम्परीक्षण



अग्रलेख

● लोकबन्धु घिमिरे

कार्बन फुटप्रिन्ट वृद्धिसँगै पृथ्वीको तापमान पनि बढ्ने भएकाले यसमा न्यूनीकरण गर्न सबै मानवीय गतिविधिबाट हुने कार्बन फुटप्रिन्ट घटाउनैपर्छ

(पृष्ठ ४)

सांस्कृतिक सम्पदामा भएका हमलाले इरानवासीलाई गर्दै छ एकजुट



अन्तर्राष्ट्रिय कानुनले युद्धको समयमा ऐतिहासिक सांस्कृतिक सम्पदामाथि हमला गर्न रोक लगाए पनि अमेरिका र इजरायलले इरानका सांस्कृतिक सम्पदालाई निशाना बनाइरहेका छन्

(विस्तृत पृष्ठ ५)

नेपालमा कार्यालय स्थापना गर्न ४५ पुनर्बिमा ब्रोकरको अझै आनाकानी



शाखा स्थापना गर्न प्राधिकरणले दोस्रोपटक दियो असारसम्मको अल्टिमेटम

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सिंहदरबारमा आज बालेनको 'इन्ट्री'

राष्ट्रपति भवन शीतलनिवासमा दिउँसो १२:३४ मा प्रधानमन्त्रीको शपथ लिएपछि बालेनले २:१५ बजे सिंहदरबारमा पदबहाली गर्ने, मन्त्रालयहरूले प्रधानमन्त्री कार्यालयमा बुझाए नयाँ सरकारले तत्काल गर्नुपर्ने सुधारका पाँच-पाँच एजेन्डा

प्रधानमन्त्रीले शपथ लिएलगत्तै शीतलनिवासमा मन्त्रीहरूले पनि लिने



कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाको झन्डै दुईतिहाइ सिटको बलमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) शुक्रबार प्रधानमन्त्री बन्दै छन्। निर्वाचनमै बालेनलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरेको रास्वपाले बिहीबार संसदीय दलको नेता चयन गरेपछि प्रधानमन्त्रीको शपथ लिने कानुनी बाटो खुलेको हो।

प्रतिनिधिसभा सदस्यहरूको शपथपछि बिहीबार साँझ सभापति रवि लामिछानेको अध्यक्षतामा बसेको रास्वपा केन्द्रीय समिति र संसदीय दलको बैठकले बालेनलाई सर्वसम्मत दलको नेता चयन गरेको थियो। रास्वपा नेतृ सोविता गौतमका अनुसार सुरुमा केन्द्रीय समितिले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा दलको नेता

» पृष्ठ २ मा क्रमशः

■ ०६४ पछि एकै दिन शतप्रतिशत सांसदको शपथ



प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यहरूले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन्। २१ फागुनको निर्वाचनबाट चुनिएका रास्वपाका १८२, कांग्रेसका ३७, एमालेका २५, नेकपा १७, श्रम संस्कृतिका सात, राप्रपाका ५ र स्वतन्त्र १ सदस्यले सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको साँघुरो हलमा शपथ लिएका हुन्। कांग्रेसबाट निर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले बुधबार राष्ट्रपतिबाट शपथ लिएका थिए, उनले बाँकी सांसदहरूलाई शपथ गराए। २९५ कुर्सी राखिएको शपथ समारोह हलमा २७५ सांसद र संसद् सचिवालयका उच्च कर्मचारी मात्रै उपस्थित थिए। सुरुकै दिन सबै सांसदहरूले शपथ खाएको ०६४ यता यो पहिलोपटक भएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए।

- **शपथका लागि आ-आफ्नै वेशभूषामा उपस्थित भए सांसद**
- **पहिलो लाइनमा रवि, बालेनदेखि प्रचण्ड र हर्कसम्म**
- **कांग्रेस, एमाले र नेकपा एउटै रोमा**
- **बैठक हल छिर्दा अलमलिए बालेन र प्रचण्ड**
- **उपसभामुख नखाने महावीरको घोषणा**

सांसदहरूको मासिक सेवा-सुविधा

तलब : **रु. ६६,०७०/-**

- सञ्चार : रु. ३,०००
- घरभाडा : रु. १८,०००

(उपत्यकामा घर भएकाले रु. ९,०००)

- निजी सचिवालय बन्दोबस्त : रु. १,२००
- अतिथि सत्कार : रु. १,५०० ● धारा-बिजुली : रु. २,००० ● विविध : रु. १,००० ● सदन वा समिति बैठकमा सहभागी हुँदा (प्रतिदिन) : रु. २,०००
- दैनिक भ्रमण भत्ता : रु. २,५००

(सचिवालयतर्फ शाखा अधिकृतसरह एक स्वकीय सचिव पाउँछन्)

राष्ट्रका नाममा प्रधानमन्त्री कार्कीको सम्बोधन

युवा नेतृत्वको नयाँ सरकारले जेन-जी आन्दोलनको माग र आकांक्षाअनुसार काम गर्ने विश्वास छ



काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी आन्दोलनको माग सम्बोधन गर्ने गरी नयाँ सरकारले भ्रष्टाचारको अन्त्य, आर्थिक विकास र सामाजिक न्यायको क्षेत्रमा नतिजामुखी काम गर्ने विश्वास व्यक्त गरेकी छिन्। देशले निर्वाचित सरकार पाउन लागेको पूर्वसन्ध्यामा बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै उनले त्यसका लागि आफू नेतृत्वको सरकारले केही आधारशिला तयार गरेको बताएकी छिन्।


> प्रधानमन्त्री सुशीला कार्की शीतलनिवासबाटै टोखा जाने

'युवाको नेतृत्वमा बन्न लागेको नयाँ सरकारले जेन-जी आन्दोलनको माग र आकांक्षाबमोजिम मुलुकमा भ्रष्टाचारको अन्त्य, सुशासन स्थापना, देशभित्रै रोजगारी सिर्जना, आर्थिक विकास र सामाजिक न्यायको क्षेत्रमा नतिजामुखी कार्य गर्नेछ भन्ने विश्वास लिएकी छु। यसका लागि सरकारको

» पृष्ठ २ मा क्रमशः

आज र भोलि हावाहुरीसहित वर्षाको आकलन

आज कोशीदेखि गण्डकीका पहाडी र हिमाली क्षेत्रका धेरै ठाउँमा वर्षा हुने, भोलि पूर्वी नेपालकेन्द्रित वर्षा हुने



नयाँ पत्रिका

पश्चिमी, न्यूनचापीय र स्थानीय वायु सक्रिय हुँदा बिहीबारबाट वर्षाका गतिविधि बढेका छन्। शुक्रबार र शनिबार हावाहुरी, चट्याङ र असिनापानीको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। कोशी, बागमती र गण्डकीका पहाडी भेग तथा हिमाली भूभागका धेरै

» पृष्ठ २ मा क्रमशः

- **गत साताजस्तो अत्यधिक वर्षा नहुने**
- **आइतबारबाट मौसममा सुधार आउने**

'फेक रेस्क्यु' प्रकरणमा उन्मुक्ति दिइएका राजेन्द्रबहादुर सिंह

प्रमाण नष्ट गर्न क्यानको बोर्ड सदस्यसमेत नियुक्त गराए

- **'फेक रेस्क्यु'मा संलग्न श्यामसुन्दर कँडेलसँग सिंहले गरेको 'ह्वाट्सएप च्याट'**

सिंह : श्यामजी, आजदेखि रवीन्द्र सिलवाल क्यानको बोर्ड अफ डाइरेक्टर हो है। आज अपोइन्टमेन्ट लिनुभयो। ६ महिना लाग्यो मलाई यो गराउन।

कँडेल : ए ल गुड न्युज सर। आज बधाई दिन्छु।

- **यो प्रमाण भेटाएको सिआइबीले अभियोगपत्रमा भनेको छ–**

योजनाबद्ध रूपमा नियामक निकायमा आफूअनुकूलको मान्छेलाई नियुक्ति दिलाई संगठित रूपमा उद्धार कम्पनीसँग आपराधिक मिलेमतो गरी अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि अपमान हुने काम गरी राष्ट्रहित प्रतिकूल कार्य गरेको पुष्टि भयो।



राजेन्द्रबहादुर सिंह

टेकराज थामी/नयाँ पत्रिका

पर्यटक उद्धारको 'फर्जी कागजात' बनाएर वर्षौंदेखि भइरहेको बिमा रकम ठगीको 'मास्टरमाइन्ड' भए पनि सरकारी वकिलको कार्यालयले उन्मुक्ति दिएका हवाईविज्ञ राजेन्द्रबहादुर सिंहले आफूअनुकूल काम गर्न नागरिक उड्डयन प्राधिकरण (क्यान)को बोर्ड सदस्य नै नियुक्त गराएको खुलेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरेर काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयमा पेस गरेको अभियोगपत्रमा सिंहले 'फेक रेस्क्यु' धन्दा चलाउन क्यानको सञ्चालक समितिमा रवीन्द्र सिलवाललाई नियुक्त गरेको उल्लेख छ।

'फेक रेस्क्यु' प्रकरणकै अभियुक्तमध्ये एक श्यामसुन्दर कँडेललाई सिंहले ६ जुन २०२५ मा पठाएको ह्वाट्सएप सन्देशमा यसलाई पुष्टि गर्ने प्रमाण भेटिएको सिआइबीले जनाएको छ। घटनामा संलग्न हुनेहरूको प्रमाण नष्ट

» पृष्ठ २ मा क्रमशः

जाँचबुझ आयोग प्रतिवेदन कार्यान्वयन गर्दा दुई हजारभन्दा धेरै सुरक्षाकर्मी छानबिनमा तानिने

हतियारदेखि कार्यालयसम्मको सुरक्षा गर्न नसक्ने प्रहरीमाथि छानबिन गर्न विज्ञसहितको अनुसन्धान टोली गठन गर्न सिफारिस

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनका घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा दुई हजारभन्दा धेरै सुरक्षाकर्मी छानबिनमा तानिने भएका छन्। आयोगले २२ जनाको हकमा किटेरै कारबाही सिफारिस गरेको छ भने अन्यको हकमा थप छानबिन गरेर कारबाही गर्न भनेको छ।

आयोगले आन्दोलनमा प्रयोग गर्ने हतियारदेखि कार्यालयको सुरक्षा गर्न नसक्ने प्रहरीमाथि विज्ञसहितको 'सशक्त अनुसन्धान टोली' गठन गरेर छानबिन गर्न गृह मन्त्रालयलाई भनेको छ। प्रतिवेदनमा भनिएको छ, 'हतियार गोली-गठ्ठाजस्तो राज्यको एकाधिकार विषय हल्का नठानी राज्यले तत्कालै गृह मन्त्रालयको नेतृत्वमा विज्ञहरूसहितको सशक्त अनुसन्धान टोली बनाई भाद्र २३ गते दुवै प्रहरी संगठनहरूका के, कुन नाम, दर्जाका अधिकृत/जवानबाट के-कति कारणले कुन अवस्थामा के-कति गोली-गठ्ठा प्रयोग गरी खर्च गरेको हो भन्ने विषय यकिन गरी गलत र गैरजिम्मेवार भई खर्च गरेको हो भन्ने सप्रमाण पुष्टि भई ठहर भएमा कानुनबमोजिम

» पृष्ठ २ मा क्रमशः

■ आयोगले पत्ता लगाउन सकेन गोली हान्ने



२३ भदौको आन्दोलनमा बानेश्वर क्षेत्रमा प्रहरीको गोली लागेर २९ जनाले ज्यान गुमाएको आयोगको प्रतिवेदनमा उल्लेख छ। आन्दोलनकै दिन १७ जनाको मृत्यु भएको थियो भने घाइते भएका थप १२ जनाले पछि ज्यान गुमाए। आन्दोलनमा गोली लागेर एक सयभन्दा धेरै घाइते भएका थिए। साढे पाँच महिना लगाएर छानबिन गरेको जाँचबुझ आयोगले कुन प्रहरीले कसको आदेशमा गोली चलायो भन्ने त पत्ता लगाउन सकेन नै, कुन कार्यालयका प्रहरीले गोली हानेकोसमेत खोतल्न असफल भएको छ। आयोगले एक सयभन्दा धेरै प्रहरीसँग सोधपुछ गरेपछि कसैले पनि आफूले गोली हानेको स्वीकार गरेका छैनन्।

संसद् भवनको सुरक्षामा प्रहरीको स्पेसल टास्क फोर्स (एसटिएफ)बाट टोली खटिएको थियो। सो टोलीका इन्स्पेक्टर समुन्नत अधिकारीसँग आयोगले बयान लिएको थियो। तर, उनले आफ्नो कार्यालयबाट गोली प्रहार नभएको बताएका छन्। काठमाडौं परिसर, बानेश्वर वृत्तलगायतका प्रहरीले पनि भिडमाथि गोली चलाएको अस्वीकार गरेका छन्। सशस्त्र प्रहरी बलले हवाई फायर मात्र गरेको छ। कतिपय भिडियोमै गोली चलाउने प्रहरी प्रस्ट देखिएको अवस्थामा पनि आयोगले कसले गोली चलायो भनेर किटान गर्न सकेको छैन। नेपाल प्रहरी र सशस्त्र प्रहरीले यससम्बन्धी विस्तृत विवरण नदिएकाले प्रस्ट उल्लेख गर्न नसकिएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा घातक हतियारबाट मृत्यु भएको उल्लेख छ। तर, कसलाई कुन हतियारको गोली लागेर मृत्यु भयो भन्ने छैन।

२३ भदौमा बानेश्वर क्षेत्रको घटनामा प्रमाण सुरक्षित गर्न नसकेकोसमेत आरोप लगाइएको छ। 'सुबत प्रमाण सुरक्षित भए मिडिया, अदालत, मानव अधिकारवादी संस्थालगायत सरकारी आयोग र अन्य स्वतन्त्र निकायले छानबिन गर्न सक्ने, तर यो अभावमा केही नहुने भनी उल्लेखित सबुत प्रमाण संकलन नगर्ने सुरक्षा अधिकारीको मनसाय रहेको पनि हुन सक्छ,' प्रतिवेदनमा भनिएको छ।

■ सेतो मत्स्येन्द्रनाथको रथजात्रा



पाँच दिन चल्ने सेतो मत्स्येन्द्रनाथ (जनबहाः द्यः) को रथजात्रा शुक्लपक्ष अष्टमी (बिहीबार)बाट सुरु भएको छ। पहिलो दिन जमलस्थित जनबहालबाट रथलाई खटमा राखेर असन पुऱ्याइएको छ। शुक्रबार असनदेखि हनुमानढोकासम्म रथ तानेर लगिन्छ भने तेस्रो दिन हनुमानढोकाबाट लगनसम्म पुऱ्याइन्छ। मत्स्येन्द्रनाथको रथ लगन पुगेपछि यसको स्वागत गरी भोज खाने चलन छ। र, जात्राको चौथो दिन रथलाई लगन आमा रुख परिक्रमा गराइन्छ। पाँचौं दिन ज्याबहाल द्यः लँ, युतुनिं, कोहिति, भीमसेनस्थान, मरु, यतखा, नरदेवी किलागल, भेडासिंह, केलटोल हुँदै मच्छिन्द्र बहालसम्म रथजात्रा हुनेछ। आर्यावलोकितेश्वर अर्थात् मत्स्येन्द्रनाथलाई मानव जगत्को भलो चाहने भगवान्को रूपमा पुज्ने गरिन्छ। यो जात्रा १२औं-१३औं शताब्दीदेखि मनाउँदै आएको इतिहास छ। काठमाडौंमा सेतो मत्स्येन्द्रनाथको जात्रा सकिएपछि पाटनमा रातो मत्स्येन्द्रनाथको जात्रा सुरु हुन्छ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

शपथ लिन मौलिक वेशभूषामा सजिएर आए सांसद













नवनिर्वाचित सांसदहरूले शपथ समारोहमा आफ्नो भाषा र वेशभूषा प्रदर्शन गरे । नेपालको विविधता झल्किने गरी सांसदहरूले भाषा र पोसाकमार्फत आफ्नो पहिचान प्रस्तुत गरेका हुन् । संसद् सचिवालयका अनुसार ६३ सांसदले १८ मातृभाषामा शपथ लिए । शपथ समारोहमा सांसदहरूले तामाङ, मगर, थारू, ब्राह्मण, मधेशी, मुस्लिम, शेर्पा, मगहीलगायत पोसाक लगाएर आफ्नो समुदायको प्रतिनिधित्वको सन्देश दिएका थिए । 'आ-आफ्नो वेशभूषामा उल्लेख्य उपस्थिति थियो,' संसद् सचिवालयका प्रवक्ता गिरीले भने, 'मातृभाषामा विविधता, पोसाकमा विविधता, संसद्मा विविधताको प्रतिनिधित्व देखिएको छ ।' सचिवालयका अनुसार सांसदहरूले नेपालीबाहेक नेपाल भाषा, डोटेली, बझांगी, थारू, कठरिया थारू, राना थारू, मैथिली, भोजपुरी, संस्कृत, छन्त्याल, मगही, बान्तवा, बज्जिका, चाम्लिङ, तामाङ, अवधि, लिम्बू, मगर खाम भाषामा शपथ लिएका थिए ।

तस्बिरहरू : **अमुल थापा, संजित परियार**/नयाँ पत्रिका

नयाँ पत्रिका

प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिएका छन् । २१ फागुनको निर्वाचनबाट निर्वाचित रास्वपाका १८२, कांग्रेसका ३७, एमालेका २५, नेकपा १७, श्रम संस्कृतिका सात, राप्रपाका पाँच र स्वतन्त्र एक सदस्यले सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको साँघुरो हलमा शपथ लिएका हुन् ।

बुधबार राष्ट्रपतिबाट शपथ लिएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले बिहीबार दिउँसो २:१३ बजे अन्य सांसदहरूलाई शपथ गराए । जेन-जी आन्दोलनमा नयाँ बानेश्वरस्थित संसद् भवन जलेपछि संसद् सचिवालयले सिंहदरबारभित्र निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा शपथको व्यवस्था मिलाएको थियो ।

शपथ र केही बैठक सञ्चालन गर्ने गरी बहुउद्देश्यीय हललाई अस्थायी रूपमा व्यवस्थापन गरिएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए । २९५ कुर्सी राखिएको शपथ समारोह हलमा २७५ सांसद र संसद् सचिवालयका उच्च कर्मचारी मात्रै उपस्थित थिए । साँघुरो हलका कारण सचिवालयकै कर्मचारी र सांसदहरूका स्वकीय सचिव, परिवारका सदस्य, आफन्त, सञ्चारकर्मीले शपथलाई प्रत्यक्ष हेर्ने अवसर पाएनन् । उनीहरूलाई अर्को हल र कोठामा प्रोजेक्टरबाट शपथ हेर्ने व्यवस्था मिलाइए पनि सिटभन्दा धेरै पास वितरण गरिँदा धेरैले उभिएर हेर्नुपरेको थियो । सञ्चारकर्मीलाई समाचार संकलनमा समेत असुविधा भएको थियो ।

संसद् सचिवालयले हल साँघुरो भएका कारण आगामी दिनमा बैठक चलाउन चुनौती हुने महसुस गरेको छ । प्रवक्ता गिरीले साँघुरो हलमा कर्मचारीले सांसदहरू नै नदेख्ने अवस्था रहेको र पूर्णतः प्रविधिमा भर परेर बैठक चलाउने अवस्था रहेको बताए । 'कार्यव्यवस्था शाखाका पदाधिकारीले नै सभा सञ्चालनको सन्दर्भमा जुन सहजताका साथ सदस्यहरूलाई देख्नुपर्ने अवस्था हुनुपर्ने हो, फ्लोरको बनावटको कारणले असुविधाजनक छ,' उनले भने, 'कोही बोल्न चाहने सदस्यको नाम लेखाउन खोज्दा नदेखिएला, सदस्यहरू रोस्टममा आउन समय लाग्ने देखिन्छ । वेल पनि सानो छ, माइक उपलब्ध गराउन कतिअौं नम्बरको हो भनेर अलमलिने अवस्था छ ।'

प्रवक्ता गिरीका अनुसार संघीय संसद्को संयुक्त बैठक बस्न पनि असुविधा छ । 'संयुक्त बैठक बस्नुपर्दा राष्ट्रिय सभा अध्यक्ष राख्नुपर्‍यो । राष्ट्रपति राख्नुपर्छ । सभामुखको आसन र रोस्टम तथा कर्मचारी रहने भाग पुनर्निर्माण गर्नुपर्ने हुन सक्छ,' उनले भने । समयमा प्रतिनिधिसभा हल नबनेका कारण यो असुविधा भोग्नुपर्ने अवस्था बनेको उनको भनाइ छ ।

पहिलो लहरमा रवि, बालेनदेखि प्रचण्ड र हर्कसम्म

शपथ समारोहमा सत्तापक्षलाई दायाँतर्फ राखिएको थियो भने प्रतिपक्षीलाई क्रमशः बायाँतर्फ राखिएको थियो । सत्तापक्षलाई तीनवटा रो दिइएको थियो भने विपक्षीलाई दुई रोह छुट्याइएको थियो । सत्तापक्षको रोको पहिलो लाइनमा रास्वपा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह, उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्ले, महामन्त्री कवीन्द्र बुर्लाकोटी, सहमहामन्त्री विपिन आचार्य, कोषाध्यक्ष लिमा अधिकारी, सहकोषाध्यक्ष बसुमाया तामाङ, सचिवालय सदस्य सोविता गौतम र विराजभक्त श्रेष्ठ बसेका थिए । प्रतिपक्षीतर्फ कांग्रेसका भीष्मराज आङ्देम्बे, मोहन आचार्य, एमालेका रामबहादुर थापा 'बादल', नेकपाका पुष्पकमल दाहाल 'प्रचण्ड', श्रम संस्कृतिका हर्क साम्पाङ र राप्रपाका ज्ञानबहादुर शाही पहिलो रोहमा थिए ।

हल छिर्दा अलमलिए बालेन र प्रचण्ड

सिंहदरबारभित्र निर्माणाधीन संसद् भवन पहिलोपटक सांसद बनेकाका लागि मात्रै होइन, सबैका लागि नौलो थियो । प्रतिनिधिसभाको मूल हल नबनिसकेकाले संसद् सचिवालयले दायाँतर्फको बहुउद्देश्यीय हललाई शपथका लागि तयार गरेको थियो । सांसदहरू संसद् भवनको मूलगेटमा ओर्लिएर सोझै दायाँतर्फको हल गइरहेका थिए । तर, करिब २ बज्नै लाग्दा पुगेका रास्वपा वरिष्ठ नेता बालेन भवनको मूलगेट हुँदै प्रवेश गर्न खोजेका थिए । बालेन झुक्किएर मूल ढोकातर्फ उक्लेपछि संसद् सचिवालयका मर्यादापालक कुदेर उनलाई लिन गएका थिए । पछि सांसद दीपक बोहरालेे उनलाई शपथ स्थलसम्म पुऱ्याएका थिए । बालेन शपथ लिन जाँदा र फर्किँदा सञ्चारकर्मीसँग बोलेनन् । शपथ समारोहमा पनि उनले अन्य सांसदहरूसँग अन्तरक्रिया नगरेको सांसदहरूले बताएका छन् । शपथलगत्तै बालेन सबैभन्दा पहिले निस्किएका थिए ।

बालेनभन्दा अघि संसद् भवन पुगेका नेकपा अध्यक्ष प्रचण्ड पनि हल जाने बाटो नचिनेर अलमलिएका थिए । उनी पनि मूलगेटबाटै जान खोज्दा मर्यादापालकले फर्काएर शपथहलतर्फ लगेका थिए । शपथ समारोहका लागि अन्तिममा रास्वपा सभापति रवि लामिछाने आएका थिए । उनलाई पनि बोहराले नै स्वागत गरेर लगेका थिए । लामिछाने आएपछि शपथ सुरु भएको थियो ।

बालेनको सन्देशमूलक पोसाक

रास्वपा वरिष्ठ नेता बालेनले विविधता झल्किने पोसाक लगाएका थिए । राष्ट्रिय पोसाक दौरा-सुरुवाल लगाएका बालेनको कोटमा सिलाम साक्मा सजिएको थियो । सिलाम साक्मा किराँत (लिम्बू) समुदायको सांस्कृतिक पहिचानसँग जोडिएको छ । रास्वपाबाट संसद्मा राई-लिम्बूको प्रतिनिधित्व नभएका वेला बालेनले सिलाम साक्मा लगाएर अपनत्वको सन्देश दिन खोजेको नेताहरू बताउँछन् । यसअघि धरानको मेयर हुँदा हर्क साम्पाङले बालेनलाई सिलाम साक्मा लगाईदिएका थिए ।

अभिमुखीकरण छिट्टै

संसद् सचिवालयले सांसदहरूलाई अभिमुखीकरण दिने तयारी गरेको छ । प्रवक्ता एकराम गिरीले संसद् अधिवेशन आह्वान भएपछि बैठकहरूको बिचमा पारेर अभिमुखीकरणको तयारी भइरहेको बताए । 'शीघ्र अभिमुखीकरण गर्ने हो । तर, हलको समस्या छ । अब सांसदहरूको समूह विभाजन गर्ने वा कुन मोडलमा जाने भन्ने टुंगिएको छैन । अधिवेशन आह्वान भइसकेपछि टुंग्याउँछौं,' उनले भने ।

सिंहदरबारमा...

पृष्ठ १ बाट क्रमशः

चयन गर्न संसदीय दलसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै संसदीय दलको बैठकले उक्त प्रस्ताव पारित गर्दै राजनीतिक दलसम्बन्धी ऐनको दफा २५(१) बमोजिम संसदीय दलको नेता चयन गरेको थियो । रास्वपाले उक्त निर्णय राष्ट्रपति कार्यालयलाई समेत जानकारी गराइसकेको छ ।

राष्ट्रपति कार्यालयले प्रधानमन्त्रीको शपथका लागि शुक्रबार ११:१५ बजेभित्र शीतलनिवासमा उपस्थित हुन सूचना जारी गरेको छ । 'राष्ट्रपति रामचन्द्र पौडेलज्यूसमक्ष नवनियुक्त प्रधानमन्त्रीज्यूबाट पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम रहेको हुँदा समुपस्थितिको लागि सादर अनुरोध गर्दछु' भनेर राष्ट्रपति कार्यालयका सचिव महादेव पन्थले सूचना पठाएका छन् ।

बालेन संविधानको धारा ७६(१) अनुसार प्रधानमन्त्री नियुक्त हुनेछन् । 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछन् र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ,' ७६(१) मा भनिएको छ ।

१२:३४ बजे शपथ : प्रधानमन्त्रीसँगै मन्त्रीहरूले पनि लिने

दिउँसो १२:३४ बजे बालेनलाई राष्ट्रपति पौडेलले शपथग्रहण गराउने रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए । उनका अनुसार शपथग्रहण समारोहमा सातवटा शंखबाट शंखनाद गरिनेछ । त्यस्तै, १०८ बटुकबाट स्वस्तिशान्ति वाचन र १६ बौद्ध भिक्षुबाट अष्टमंगल पाठ गरिने उनले बताए । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले पनि शपथको तयारी भइरहेको बताए । 'राष्ट्रपति कार्यालयको प्रांगणमा शपथ हुन्छ, सबै तयारी भइरहेको छ,' उनले भने । महामन्त्री बुर्लाकोटीका अनुसार प्रधानमन्त्रीसँगै मन्त्रीहरूले पनि शपथ लिनेछन् । मन्त्रीका नाम टुंग्याउन सभापति लामिछाने र वरिष्ठ नेता बालेनबिच छलफल भइरहेको उनले बताए । विज्ञता, समावेशिता, भूगोल मिलाएर मन्त्रिपरिषद्ले पूर्णता पाउने उनको भनाइ छ ।

२:१५ बजे सिंहदरबारमा पदबहाली : प्रधानमन्त्री कार्यालयले केही मन्त्रालयसँग माग्यो सुधारका पाँच-पाँच एजेन्डा

शपथपछि बालेनले २:१५ बजे सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पदबहाली गर्ने कार्यतालिका छ ।

प्रधानमन्त्रीको पदभार ग्रहणका लागि तयारी भइसकेको मुख्यसचिव सुमनराज अर्यालले जानकारी दिए । पदबहालीपछि प्रधानमन्त्रीको निर्देशनअनुसार काम हुने पनि उनले बताए । भोलि नै मन्त्रिपरिषद् बैठक बस्ने सम्भावनाको विषय पनि प्रधानमन्त्रीको निर्देशनअनुसारै हुने मुख्यसचिव अर्यालको भनाइ छ ।

प्रधानमन्त्री कार्यालयले नयाँ प्रधानमन्त्री र मन्त्रिपरिषद् गठन भएपछि त्यहाँबाट निर्णय गर्ने गरी केही मन्त्रालयहरूसँग सुधारका कम्तीमा पाँच-पाँचवटा एजेन्डा मागेको छ । ती एजेन्डा तत्तत् मन्त्रालयले प्रधानमन्त्री कार्यालयमा पठाएका छन् । तिनलाई पनि प्रधानमन्त्री कार्यालयले समेटेर नयाँ प्रधानमन्त्री र मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ ।

मुख्यसचिव सुमनराज अर्यालले प्रधानमन्त्रीका लागि कार्यालयका तर्फबाट आवश्यक तयारी र व्यवस्थापन भइसकेको बताए । उनका अनुसार प्रधानमन्त्रीका लागि कार्यकक्ष र मन्त्रिपरिषद् बैठक बस्ने पूर्वाधारको प्रबन्ध गरिएको छ । मन्त्रिपरिषद् बैठकका लागि भने सम्भावित आकार हेरेर विकल्पसहित हलको व्यवस्थापन गरिएको छ । बिहीबार दिउँसो बालेनको तर्फबाट एक टोली प्रधानमन्त्री कार्यालय हेर्नसमेत गएको थियो । कार्यालयमा बालेनका लागि वास्तुअनुसार सामान्य आसन परिवर्तन गरिएको छ ।

आज र...

पृष्ठ १ बाट क्रमशः

स्थानमा शुक्रबार पानी पर्ने आकलन गरिएको छ । त्यस्तै, बाँकी प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थान तथा तराईका थोरै स्थानमा पनि वर्षाको सम्भावना छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् रोजन लामिछानेले पहाडी र हिमाली क्षेत्रभन्दा तराईमा कम पानी पर्ने बताए । 'शुक्रबार दिउँसोसम्म पश्चिमी पहाड र साँझबाट मध्य तथा पूर्वी पहाडकेन्द्रित वर्षा हुने देखिन्छ,' उनले भने, 'शनिबार भने मध्य र पूर्वी नेपालमा वर्षा हुने देखिएको छ ।' यद्यपि, गत साताजस्तो अत्यधिक वर्षाको सम्भावना भने नरहेको उनले बताए ।

मौसमविद् लामिछानेका अनुसार वर्षा गराउने प्रणाली शनिबार साँझबाट कमजोर हुनेछ भने आइतबारबाट मौसममा सुधार आउनेछ ।

युवा नेतृत्वको...

पृष्ठ १ बाट क्रमशः

पूर्ण सफलताको कामना पनि गर्दछु,' प्रधानमन्त्री कार्कीले भनिन्, '६ महिने अवधि रहेको चुनावी सरकारले जेन-जी आन्दोलनमा अभिव्यक्त सबै काम गर्न सक्ने अवस्था थिएन । तर, हामीले केही आधारशिला अवश्य तयार गरेका छौं ।'

अन्तरिम सरकारको कार्यभार पूरा भएको र निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त भइसकेको हुँदा नयाँ सरकारलाई स्वागत गर्न आफू आतुर रहेको प्रधानमन्त्री कार्कीले बताइन् । 'आज पूर्ण आत्मविश्वासका साथ यो देशको उज्यालो भविष्य देखिरहेकी छु- जहाँ हाम्रो एकता, इमानदारी र प्रत्येक नागरिकको परिश्रमले नयाँ इतिहास लेख्नेछ,' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनको मर्म र भावनाबमोजिम परिवर्तनको पक्षमा स्पष्ट जनादेश आएको उल्लेख गरेकी छिन् । 'यो निर्वाचनमा जेन-जी आन्दोलनको मर्म र भावनाबमोजिम परिवर्तनको पक्षमा नागरिकले स्पष्ट जनादेश दिनुभएको छ । यो संविधानमा भएको निर्वाचन प्रणालीले कुनै दलले बहुमत प्राप्त गर्न सक्दैन भन्ने भाष्यलाई समेत गलत साबित गरिदिएको छ,' उनले भनिन् ।

उनले मुलुकका सबै संस्था र सबै पक्षले आ-आफ्नो संवैधानिक मर्यादाको परिपालना गर्दै अगाडि बढ्नुको विकल्प नरहेको बताएकी छिन् । 'यसबाट मात्र सुशासनको जग मजबुत हुन्छ भन्ने हेक्का राख्न विनम्र अनुरोध गर्दछु,' कार्कीले भनिन् ।

२४ मंसिरमा जेन-जी आन्दोलनकारीसँग भएको सम्झौता स्मरण गर्दै प्रधानमन्त्री कार्कीले केही काम अधुरा रहेको र आगामी सरकारले प्राथमिकता साथ अघि बढाउने विश्वास लिएको पनि बताएकी छिन् । आफू नेतृत्वको सरकारले जटिल अपराध र भ्रष्टाचारको छानबिन गर्ने निकायलाई पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न प्रेरित गरेको उनको भनाइ छ । 'परिणामस्वरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले लामो समयदेखि दबाएका प्रकरणमा मुद्दा अघि बढाएका छन्,' उनले भनिन्, 'ठेक्का लिएर काम नगर्ने, बिजुली बालेर बिल नतिर्नेजस्ता बेथितिविरुद्ध पनि सरकारले ऐतिहासिक रूपमा कठोर कदम चालेको छ ।'

जाँचबुझ आयोगको प्रतिवेदनमा सरकारले आवश्यक कदम चाल्ने विश्वास

प्रधानमन्त्री कार्कीले नयाँ सरकारले जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनमा आवश्यक कदम चाल्ने विश्वाससमेत व्यक्त गरेकी छिन् । 'आन्दोलनका क्रममा भएको बल प्रयोग, तोडफोड, आगजनी, लुटपाटलगायतका घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भइसकेको छ,' उनले भनेकी छिन्, 'आगामी सरकारले प्रतिवेदनको पूर्ण अध्ययन गरी सिफारिस र सुझावका सन्दर्भमा आवश्यक कदम चाल्ने नै छ ।'

जेन-जी आन्दोलनबाट प्रभावित उद्योग, व्यापार र प्रतिष्ठानलाई राहत, कर छुट, सहुलियत तथा सुविधा प्रदान गरी आर्थिक गतिविधि सहज रूपमा सञ्चालन गर्न र उद्योगी-व्यवसायीको मनोबल उच्च राख्न एकीकृत व्यावसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याइएको पनि प्रधानमन्त्री कार्कीले स्मरण गराएकी छिन् । त्यस्तै, जेन-जी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको पुनर्निर्माण प्राथमिकताका साथ अगाडि बढाइएको उनले बताएकी छिन् । 'यो कठिन घडीमा हामीले निकै सानो र छरितो टिम बनाएर रातदिन खटेर, आलोचना र प्रहार सहेर, पीडा खपेर, देशकै निम्ति भनेर काम गरेका छौं । कुनै सुविधाको लोभ नगरी मितव्ययी ढंगले हामी चलेका छौं । यस क्रममा सबै काम राम्रो र त्रुटिरहित ढंगले गर्‍यौं भन्ने पनि दाबी छैन,' उनले भनिन्, 'तर, यहाँहरूसामु के निवेदन गर्दछु भने हामीले गलत नियत राखेर कुनै काम गरेका छैनौं । पारदर्शिता, निष्ठा र जनभावनालाई केन्द्रमा राखेर काम गर्ने जमर्को गरेका छौं ।'

प्रधानमन्त्री कार्की शीतलनिवासबाटै टोखा जाने

नयाँ प्रधानमन्त्रीको शपथको तयारी भइरहँदा प्रधानमन्त्री सुशीला कार्की शुक्रबारै बिदा हुँदै छिन् । २४ फागुनदेखि नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय छोडेकी कार्कीले शुक्रबारदेखि सरकारी निवास बालुवाटार पनि छोड्न लागेकी हुन् । पूर्वप्रधान्यायाधीश कार्की जेन-जी आन्दोलनपछि २७ भदौ राति प्रधानमन्त्री नियुक्त भएकी थिइन् ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले नवनियुक्त प्रधानमन्त्रीको शपथमा सहभागी भएर प्रधानमन्त्री कार्की उतैबाट आफ्नो निवासतर्फ प्रस्थान गर्ने बताए । 'अहिले बालुवाटारमै हुनुहुन्छ । बालुवाटारबाट शपथमा जानुहुन्छ । शपथ सकिएपछि उतैबाट घर जानुहुन्छ,' उनले भने । रावलका अनुसार प्रधानमन्त्री कार्कीले प्रयोग गर्दै आएका सामानहरू सारिसकिएको छ । नयाँ प्रधानमन्त्रीको टिमले वास्तुअनुसार आवश्यक हेरफेर गरिरहेको छ ।

जाँचबुझ...

पृष्ठ १ बाट क्रमशः

कारबाहीलाई सिफारिस गर्नुपर्छ ।'

२३ भदौमा मात्र दुई हजारभन्दा धेरै प्रहरी नयाँ बानेश्वर क्षेत्रमा खटिएका थिए । त्यसकारण यस विषयमा एकैपटक हजारौं प्रहरीमाथि छानबिन गर्नुपर्ने हुन्छ । 'यो प्रतिवेदन कार्यान्वयन भयो भने दुई हजारभन्दा धेरै सुरक्षाकर्मी कारबाहीमा पर्ने देखिन्छ,' एक प्रहरी अधिकारीले भने, 'त्यस्तो अवस्थामा प्रहरीले कसरी काम गर्न सक्ला ?' आयोगको प्रतिवेदनमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको ऐन र नियमावलीअनुसार छानबिन गरेर कारबाही गर्नुपर्ने उल्लेख छ । आयोगका पदाधिकारी भने दमनमा संलग्न प्रहरीमाथि कारबाही नभएमा भोलिका दिनमा हुने आन्दोलनमा अझै ठुलो क्षति हुन सक्ने बताउँछन् ।

आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र आइजिपी चन्द्रकुवेर खापुडलाई लापरबाहीले ज्यान लिएको भन्दै १० वर्षसम्म सजाय हुने गरी मुद्दा चलाउन सिफारिस गरेको छ । त्यस्तै, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र तत्कालीन काठमाडौंका सिडिओ छवि रिजाललाई हेलचेक्र्याइँले ज्यान लिएको भन्दै तीन वर्षसम्म सजाय हुने गरी मुद्दा चलाउन सिफारिस गरेको छ ।

अन्य १५ जनालाई विभागीय कारबाहीको सिफारिस भएको छ । जसमा, नेपाल प्रहरीका आइजिपी दानबहादुर कार्की, एआइजी सिद्धिविक्रम शाह, डिआइजीहरू ओम राना, विश्व अधिकारी र एसएसपीहरू दीपशमशेर जबरा र ऋषिराम कँडेल छन् । त्यस्तै, सशस्त्र प्रहरीका एआइजी नारायणदत्त पौडेल, डिआइजी सुरेश श्रेष्ठ र एसपी जीवन केसी, नेपाली सेनाका सहायक रथी मनोज बैदवार, प्रमुख सेनानी दिवाकर खड्का, प्रमुख सेनानी गणेश खड्का र सेनानी सन्तोष ढुंगेल तथा राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक कृष्णप्रसाद खनाल र सहअनुसन्धान निर्देशक रिबेनकुमार गच्छदारमाथि पनि कारबाही सिफारिस भएको छ ।

आयोगले २३ भदौमा बढी बल प्रयोग गर्दा धेरै मानवीय क्षति भएको र २४ भदौ बल नै प्रयोग नगर्दा धेरै भौतिक क्षति भएको भन्दै नेपाल प्रहरी, सशस्त्र र गुप्तचरका प्रमुखमाथि समेत कारबाही सिफारिस गरेको छ । तर, सेनाको हकमा भने फिल्ड कमान्डरलाई मात्र आयोगले दोषी देखाएर विभागीय कारबाही सिफारिस गरेको छ ।

गृह मन्त्रालयको 'सिभिल सुप्रिमेसी' रोक्न सिफारिस

आयोगले सिभिल सुप्रिमेसीका नाममा गृह मन्त्रालयले सुरक्षा निकायमा हस्तक्षेप गरेको भन्दै त्यसलाई रोक्न भनेको छ । सिफारिसमा भनिएको छ, 'सिभिल सुप्रिमेसीको नाममा ब्युरोक्र्याटिक सुप्रिमेसी भइरहेको हालको अवस्थालाई तत्काल रोकी मन्त्रालयले फेसिलियटरको भूमिका निर्वाह गर्नुपर्ने ।' त्यस्तै, आयोगले गृह मन्त्रालयलाई छुट्टै शाखा अधिकृतलाई समेत भिड नियन्त्रणको तालिम दिन पनि भनेको छ । बल प्रयोगसम्बन्धी सिडिओले प्रयोग गर्दै आएको अधिकार जिल्ला प्रहरी प्रमुख वा फिल्ड कमान्डरलाई दिन भनिएको छ ।

प्रमाण नष्ट...

पृष्ठ १ बाट क्रमशः

गर्न सक्रिय सिंहकै योजनामा क्यानको बोर्ड सदस्यमा सिलवाल नियुक्त भएको सिआइबीको निष्कर्ष छ । यद्यपि, सिलवालविरुद्ध अनुसन्धान नगरेको सिआइबीले अभियोगपत्रमा उनको नियुक्तिका सम्बन्धमा प्रश्न उठाएको छ । सिआइबीले सिंहलाई भने घटनाको 'मास्टरमाइन्ड' ठहर गर्दै मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, सरकारी वकिलको कार्यालयले उनको नाम हटाएर कँडेलसहित ३२ जनाविरुद्ध मात्रै अदालतमा मुद्दा चलाएको छ ।

सिंहले कँडेललाई ६ जुन २०२५ मा ह्वाट्सएप सन्देश पठाएका थिए, 'श्यामजी, आजदेखि रवीन्द्र सिलवाल क्यानको बोर्ड अफ डाइरेक्टर हो है । आज अपोइन्टमेन्ट लिनुभयो । ६ महिना लाग्यो मलाई यो गराउन ।'

जवाफमा कँडेलले लेखेका छन्, 'ए ल गुड न्युज सर । आज बधाई दिन्छु ।' सोही प्रमाणका आधारमा सिआइबी सिंहकै योजनामा क्यानमा सिलवालको नियुक्ति भएको निष्कर्षमा पुगेको थियो । तर, सिआइबीले सिलवालविरुद्ध भने अनुसन्धान गरेको छैन । उसले अभियोग-पत्रमा सिलवालको नियुक्तिको सम्बन्धमा प्रश्नचाहिँ उठाएको छ ।

सिआइबीले अभियोग-पत्रमा भनेको छ, 'योजनाबद्ध रूपमा नियामक निकायमा आफूअनुकूलको मान्छेलाई नियुक्ति दिलाई संगठित रूपमा उद्धार कम्पनीसँग आपराधिक मिलेमतो गरी अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि अपमान हुने काम गरी राष्ट्रहित प्रतिकूल कार्य गरेको पुष्टि भयो ।'

कँडेल स्वाकन इन्टरनेसनल अस्पतालका सञ्चालक हुन् । उनी अहिले फरार छ । कँडेल र सिंहबिच फेक रेस्क्युका क्रममा हुने फाइदाका सम्बन्धमा समेत ह्वाट्सएपमा पटक-पटक संवाद हुने गरेका थिए । संवादका क्रममा सिंहले कँडेललाई एफसिआईको रेभेन्यु र बिजनेस प्रोफाइल चाहिने भनेका छन् । जवाफमा कँडेलले त्यसको जानकारी रवीन्द्र सिलवालसँग रहेको संकेत गरेका छन् ।

ह्वाट्सएप सन्देशमा सिंहले लेखेका छन्, 'एफसिआईको रेभेन्यु अनि बिजनेस प्रोफाइल पनि चाहिन्छ है ।'

जवाफमा कँडेलले लेखेका छन्, 'रवीन्द्र (सिलवाल) सरसँग छ जस्तो लागेको छ ।'

साथै उनले थप लेखेका, 'एफसिआई टोटल टर्नओभर एप्रोक्स एक अर्ब ५० करोड । नेट प्रोफिट ५ देखि ६ करोड । स्वाकनको टोटल रेभेन्यु ४५ देखि ५० करोड, नेट प्रोफिट एप्रोक्स १५ करोड । ग्रिनपार्कको टोटल रेभेन्यु एप्रोक्स ३० करोड, नेट प्रोफिट एप्रोक्स ५ करोड । केटिए कन्सल्टिङ ग्रुपको टोटल रेभेन्यु ३५ करोड, नेट प्रोफिट १० करोड । डाइनेस्टीको टोटल रेभेन्यु ८० करोड, नेट प्रोफिट १५ करोड ।'

सिआइबीका अनुसार कँडेलको अस्पतालले मात्रै फेक रेस्क्युमार्फत १६ करोड ९३ लाख ७५ हजार ३६७ रुपैयाँ आर्जन गरेको थियो । घटनाको अनुसन्धानलगत्तै फरार रहे पनि उनीसँग सिंहले ह्वाट्सएपमार्फत पटक-पटक संवाद गरेको भेटिएको छ । संवादमा कँडेलले सिंहसँग सिआइबीको अनुसन्धानबारे पनि सोधेका छन् । जवाफमा सिंहले मुद्दा अदालतमा नटिक्ने भन्दै आश्वस्त तुल्याएका छन् ।

कँडेलले भनेका छन्, 'म त यता पोखरातिर छु । त्यो अघि एउटा न्युज त्यहाँ भित्रबाट आयो । राज्यविरुद्धको संगठित हो कि संगठनात्मक अपराध भनेरचाहिँ मुद्दा हाल्न लागेको छ रे भन्ने कुरा आयो के । के रहेछ त्यो भनेको ? के हुन्छ ? कस्तोखाले मुद्दा हो, के भन्न खोजेको ? मैले कुरै बुझिनँ । त्यसको के हुने हो ?'

जवाफमा सिंहले भनेका छन्, 'सिआइबीले चाहिँ संगठनात्मक अथवा ठगी, आर्थिक अपराधलगायतका कुराहरू हेर्ने भएकोले उसले त्यही भन्ने भन्या हो । तर, अब राज्यविरुद्धको भनेर हाल्यो भने, यो भन्न केही पनि टिक्दै टिक्दैन अदालतमा । किनभने अब यो त ट्याक्स चोरी गरेको, सबै मिलेर राज्यलाई ट्याक्स चोर गरेको भयो भने त्यस्तो भन्न मिल्छ ? यो त त्यस्तो विषय नै होइन नि । के डेभलपमेन्ट हुन्छ, भन्नुस् न मलाईचाहिँ ।'

सिआइबीले ५६ वर्षीय सिंहलाई गत १३ फागुनमा पक्राउ गरेको थियो । उनले घटनामा पक्राउ परेकाहरूविरुद्ध रेस्क्युमा संलग्न हेलिकोप्टर कम्पनी, विमानस्थलस्थित हवाई अड्डा मात्र नभई नागरिक उड्डयन प्राधिकरणमा रहेको तथ्यांकसमेत नष्ट गर्न भूमिका खेलेका थिए । उनकै निर्देशनपछि प्राधिकरणले सिआइबीलाई घटनामा संलग्नहरूविरुद्धको तथ्यांक उपलब्ध गराउनसमेत इन्कार गरेको थियो । सोही आधारमा सिंहविरुद्ध मुद्दा चलाउन सिआइबीले सिफारिस गरेको थियो । तर, चर्को चलखेलपछि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले उनीविरुद्ध मुद्दा नचलाउने निर्णय गरेको थियो । उनीसँगै घटनामा जोडिएका अन्य ३२ विरुद्धको ८ चैतमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता भएको छ । राज्यविरुद्धको कसुर र संगठित अपराधसहित उनीहरूविरुद्ध एक अर्ब ५१ करोड रुपैयाँ मूल्यबराबरको धनमाल जफत गर्न माग गरिएको छ ।

कार्की आयोगको प्रतिवेदनप्रति कांग्रेस र एमालेको आपत्ति

प्रतिवेदन प्रथमदृष्टिमै अपूर्ण/अधुरो, समिति गठन गरेर अध्ययन हुन्छ : कांग्रेस

बलजफ्ती कानुनको दफा ठेस्नु घृणाको राजनीतिको प्रकटीकरण हो : एमाले

शुरोजंग पाण्डे/नयाँ पत्रिका



प्रतिपक्षी दल कांग्रेस र एमालेले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले गत २३ र २४ भदौको जेन-जी आन्दोलनको छानबिनबारे तयार गरेको प्रतिवेदनप्रति आपत्ति जनाएका छन्। २३ भदौको घटनाको व्याख्यात्मक विश्लेषणसहित फौजदारी कारबाहीमा सिफारिस गरिनु र तर २४ को घटनाबारे केही उल्लेख नहुनुप्रति दुवै दलले आपत्ति प्रकट गरेका हुन्।

एमालेले कार्की आयोगको प्रतिवेदन अस्वीकार्य भएको बताएको छ। एमाले अध्यक्ष केपी ओलीले कार्की आयोगको प्रतिवेदन र सिफारिस पूर्वाग्रह र घृणाको राजनीतिको प्रकटीकरण भएको टिप्पणी गरेका छन्। कानुन जान्ने र बुझ्ने जोकोहीले कानुनका दफा र कसुरबिच कुनै मेल नै नखाने सिफारिस न्यायाधीश र प्रहरीको उच्च ओहदामा बसेर काम गरिसकेको मान्छेले गर्ने नसक्ने भन्दै ओलीले बदनाम गर्दै चरित्र हत्या गर्ने उद्देश्य राखेर प्रतिवेदन आएको बताए।

'न्यायाधीश भइसकेको, प्रहरीको उच्च ओहदामा अनेक मुद्दा हेरेर, चलाएर, छानबिन गरेर आएका मान्छेहरूबाट जुन दफाहरू देखाएर सिफारिस भएको छ, त्यो अत्यन्तै निराधार र कानुनी हिसाबले पनि कुनै मेल नखाने स्थिति छ। किनकि प्रधानमन्त्री, गृहमन्त्री, आइजिपी जो घटनास्थलमा उपस्थित नै छैन। साधारणतया कानुन बुझेको मान्छेले त्यस्ता सिफारिस त गर्ने सक्दैन। विशेष अदालतको पूर्वन्यायाधीश र प्रहरीको उच्च तहको मान्छेले दण्डसंहिताको दफा १८१ र १८२ को अर्थ के हो नबुझ्ने कुरा छैन,' नवनिर्वाचित पार्टीका सांसदलाई बिहीबार निर्देशन दिने क्रममा ओलीले भने, 'तैपनि हाम्रो नाम त्यहाँ उल्लेख गर्नु भनेको कतै कहीं केही नभेटेपछि बलजफ्ती नै दफा ठेसिएको छ। त्यो बदनाम गर्ने, चरित्र हत्या गर्ने र घृणाको राजनीतिको अर्को प्रकटीकरण मात्र हो। त्यसकारण यो निन्दनीय छ, अस्वीकार्य छ।'

एमाले महासचिव शंकर पोखरेलले मिडियामार्फत प्रतिवेदन सार्वजनिक भएपछि आयोगको निष्पक्षतामाथि प्रश्न उठाएका छन्। उनले कार्की आयोगले २३ र २४ भदौको आन्दोलनको निष्पक्ष छानबिन हुँदैन भनेर यसअघि भनेको कुरालाई पुष्टि हुनेगरी प्रतिवेदन आएको टिप्पणी गरेका हुन्। महासचिव पोखरेलले निर्वाचन र जाँचबुझ आयोगको प्रतिवेदनसँगै नेपालको राजनीति नयाँ मोडतर्फ अग्रसर भएको दाबीसमेत गरेका छन्।

कांग्रेसले कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनका आधारमा बेग्लै छानबिन समिति गठन गर्ने भएको छ। कांग्रेस प्रवक्ता देवराज चालिसेले प्रतिवेदनको विस्तृत अध्ययन गर्न कानुनविद्, प्रशासनका जानकार, जेनजी आन्दोलनका अभियानी तथा विज्ञहरू सम्मिलित समिति गठन गरिएको जानकारी दिए। 'गौरीबहादुर कार्की संयोजकत्वको जाँचबुझ आयोगको प्रतिवेदन प्रथमदृष्टिमा नै अपूर्ण/अधुरो देखिन्छ। २३ भदौको घटनामा जति प्रकाश पार्न खोजिएको छ, २४ को घटनालाई अलपत्र पार्न खोजिएको छ,' चालिसेले बिहीबार आयोजित पत्रकार सम्मेलनमा भने, 'हामी प्रतिवेदन अध्ययन गर्छौं। यसका लागि कानुनवेत्ता, प्रशासनका अनुभवी व्यक्ति, अभियन्ता र जेन-जी आन्दोलनका युवा तथा विज्ञ साथीहरूको समिति बनाएर अध्ययन गर्छौं। मानव अधिकार आयोगले दिएको प्रतिवेदन पनि अध्ययन गरेर कांग्रेसले धारणा बनाउनेछ। त्यसपछि धारणा सार्वजनिक गर्छौं।'

■ घृणाको राजनीति र चौतर्फी हमलाले हट्र्यौं, अक्षम भएर होइन : ओली



एमाले अध्यक्ष केपी ओलीले चौतर्फी हमला र घृणाको राजनीतिका कारण पार्टी पराजित भएकाले निराश हुनुपर्ने कुनै कारण नभएको भन्दै गम्भीर शिक्षा लिएर अघि बढ्ने बताए। 'हामीले राजनीतिको उतारचढावसँग हरेस खानुहुँदैन। अर्थशास्त्रमा सीमान्त उपयोगी ह्रासको नियम भन्ने हुन्छ। कुनै चिज क्लाइमेक्समा पुगेपछि फेरि त्यसको घटोत्तरी प्रारम्भ हुन्छ। हामी कुनै गल्तीले, देश, जनता, सुशासनविरोधी कुनै कामले, भ्रष्टाचारजन्य कुनै कामले, विकास गर्न नसक्ने कामले सरकाबाट हटेको होइन। घृणाको राजनीतिको कारणले र चौतर्फी संयुक्त हमलाले हटेको हुनाले निराश हुनुपर्दैन। फेरि पनि जनतालाई साथ लिएर अघि बढ्न सक्छौं,' ओलीले भने, 'सबभन्दा चरम घटोत्तरी अहिले भएको हो।। अरू अनेक शक्ति नाम-निसान नरहँदा पनि एमाले तेस्रो शक्तिका रूपमा रहेकै छ। यथार्थ विश्लेषण त त्यही हो नि। गम्भीर शिक्षा लिने अवसर प्राप्त गरेका छौं।' ओलीले संसदीय दलमा पनि सर्वसम्मत पदाधिकारी चुनिने भन्दै महत्त्वाकांक्षा नराख्न सचेत गराए। 'हामीले केही दिनभित्र दुवै सदनको पदाधिकारी चयन गर्नेछौं र जिम्मेवारी तोक्नेछौं। कामका अभिभारा सुम्पिइनेछ। त्यसलाई पार्टीले गरेका मूल्यांकन, पार्टीले ठानेको आवश्यकताअनुसार साथीहरू चल्नुपर्छ। मलाई यो पद चाहियो, त्यो पद चाहियो भन्ने हाम्रो शैली होइन। पाएको जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने र त्यस आधारमा मूल्यांकन हुँदै जान्छ। क्षेत्रीय, जातीय, धार्मिक, लैंगिक आदि आधारहरू हेरेर मूल्यांकन हुँदैन,' उनले भने।

■ नेपाल बारको असहमति, अध्ययन समिति गठन

नेपाल बार एसोसिएसनले 'कार्की आयोगको प्रतिवेदन भनी विभिन्न सञ्चारमाध्यममार्फत प्रकाशित प्रतिवेदन' प्रथमदृष्टिमै आयोगको तोकिएको कार्यक्षेत्रबाहिर गई शक्ति विभाजनको सिद्धान्तलाई समेत अनदेखा गरेको आरोप लगाएको छ। 'सर्वोच्च अदालतको सबै न्यायाधीशको पूर्ण इजलासले संविधान र कानुन आफैंले संशोधन गर्न सक्नुपर्दछ भन्नेलगायतको प्रतिवेदनको विषयहरूप्रति बारको प्रारम्भिक रूपमै गम्भीर ध्यानाकर्षण भएको छ। स्वतन्त्र न्यायपालिकाको मूल मर्म र भावनाविपरीतको कथनप्रति बार असहमति प्रकट गर्दछ,' बिहीबार जारी विज्ञप्तिमा बारले भनेको छ। बारको सल्लाहकार समितिसँगको बैठकपछि यस्तो धारणा सार्वजनिक गरिएको हो।

बारले स्वतन्त्र न्यायपालिका र स्वतन्त्र कानुन व्यवसायमा समेत प्रभाव पार्ने विषय प्रतिवेदनमा पर्न गएको भन्दै यसबारे प्रधानन्यायाधीशमार्फत सर्वोच्च अदालतको पूर्ण बैठक (फुल कोर्ट)को ध्यानाकर्षण गराउने निर्णय गरेको छ। बारले कार्की आयोगको प्रतिवेदन र यसै विषयमा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनसमेत अध्ययन गर्न बारका अध्यक्ष वरिष्ठ अधिवक्ता डा. विजयप्रसाद मिश्रको अध्यक्षतामा वरिष्ठ अधिवक्ताहरू सुजन लोप्चन, टीकाराम भट्टराई, डा. दीनमणि पोखरेल सदस्य तथा बार महासचिव केदारप्रसाद कोइराला सदस्यसचिव रहेको अध्ययन समिति गठन गरेको छ। समितिले दिएको प्रतिवेदनका आधारमै यस विषयमा बारले आफ्नो अवधारणा प्रकाशनमा ल्याई कार्यक्रम सञ्चालन गर्ने विज्ञप्तिमा छ। कार्की आयोगको प्रतिवेदन भनी विभिन्न सञ्चारमाध्यममार्फत प्रकाशित प्रतिवेदन प्रथमदृष्टिमै आयोगको तोकिएको कार्यक्षेत्र बाहिर गई शक्ति विभाजनको सिद्धान्तलाई समेत अनदेखा गरी टिप्पणीहरू गरेको ठहर बारको छ।

सुदूरपश्चिममा सत्ता गठबन्धनमा खटपट

एमाले मन्त्रीहरूले गरे मन्त्रिपरिषद् बैठक बहिष्कार

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशमा सत्ताको नेतृत्व गरेको कांग्रेस र सहयात्री दल एमालेबिच खटपट देखिएको छ। दुई दलबिच खटपट भएपछि एमालेका मन्त्रीहरू बिहीबारको मन्त्रिपरिषद् बैठकमा सहभागी भएनन्। प्रदेश सरकारमातहतका निकायमा राजनीतिक नियुक्तिको भगबन्डाका विषयमा विवाद देखिएको हो। मुख्यमन्त्री कमलबहादुर शाहले अपराह्न ४ बजे बोलाएको बैठक एमाले मन्त्रीहरूले बहिष्कार गरे।

भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पालले मुख्यमन्त्रीसँग केही असहमति भएपछि आफूहरू मन्त्रिपरिषद् बैठकमा नगएको बताए। 'मन्त्रालयको राजनीतिक नियुक्तिदेखि अरू केही कुरामा असहमति थियो, ती विषयमा मुख्यमन्त्रीसँग छलफल पनि गर्‍यौं, तर सहमति भएन,' उनले भने, 'हामीले ती विषय नमिल्दासम्म जाँदैनौं भन्यौं।'

कांग्रेस र एमालेले भागबन्डाका आधारमा प्रदेशमातहतका अस्पतालमा व्यवस्थापन समिति, पर्यटन विकास बोर्ड, युवा परिषद्लगायत निकायमा रिक्त पदमा राजनीतिक नियुक्ति गर्दै छन्। पछिल्लो समय अस्पताल व्यवस्थापन समिति गठनको विषयमा दुई दलबिच विवाद रहेको बताइएको छ।

● **सुरेन्द्रबहादुर पाल**, भौतिक पूर्वाधार विकासमन्त्री, सुदूरपश्चिम



मन्त्रालयको राजनीतिक नियुक्तिदेखि अरू केही कुरामा असहमति थियो, ती विषयमा मुख्यमन्त्रीसँग छलफल पनि गर्‍यौं, तर सहमति भएन। हामीले ती विषय नमिल्दासम्म जाँदैनौं भन्यौं।

एमालेका मन्त्रीहरू सहभागी नरहेको मन्त्रिपरिषद् बैठकले टीकापुर, दार्चुला, बैतडी र बझाङ अस्पतालमा व्यवस्थापन समिति अध्यक्ष नियुक्त गरेको छ। बझाङबाहेक अन्य अस्पतालमा नियुक्त अध्यक्षहरू कांग्रेसबाट नियुक्त गरिएका मुख्यमन्त्री कार्यालय स्रोतले जनाएको छ।

यसअघि एमालेलाई दिने सहमति भएको टीकापुर अस्पताल व्यवस्थापन समितिमा मुख्यमन्त्रीले आफ्नो पार्टी कांग्रेसबाट नियुक्त गर्न खोजेपछि विवाद बढेको एमालेको भनाइ छ।

राज्यमन्त्रीसहित नौ सदस्यीय प्रदेश मन्त्रिपरिषद्मा एमालेबाट तीन मन्त्री र एक राज्यमन्त्री छन्। राजनीतिक नियुक्तिको विषयमा एमालेभित्र पनि चर्को विवाद छ। दलका नेता राजेन्द्रसिंह रावलले संसदीय दल र पार्टीसँग सल्लाह नगरी एकलौटी नियुक्तिको सिफारिस गरेको भन्दै एमाले प्रदेश अध्यक्ष कृष्णप्रसाद जैशीले रावलको कार्यशैलीमाथि प्रश्न उठाउँदै पार्टी केन्द्रलाई गत साता पत्र पठाएका थिए। एमाले प्रदेश अध्यक्ष जैशीले मुख्यमन्त्री शाहलाई समेत पत्र पठाएर दुई दलको सहमतिमा मात्र राजनीतिक नियुक्ति गर्न आग्रह गरेका थिए। नियुक्तिलगायत विषयमा आन्तरिक विवाद चर्किएपछि एमालेभित्र दलको नेता रावललाई हटाउने चर्चा छ।

सुदूरपश्चिममा एमाले र नेकपाबिच गठबन्धनको समेत प्रयास भइरहेको छ। दुवै दलका केही सांसद एमाले-नेकपाबिच सत्तासमीकरण निर्माणको प्रयासमा छन्। यी दुई दल मिल्दा प्रदेशमा स्पष्ट बहुमत पुग्छ। मन्त्री पाल भने केही विषयमा मुख्यमन्त्री शाहसँग असहमति देखिए पनि सत्तागठबन्धन परिवर्तन गर्ने तहमा नपुग्ने दाबी गर्छन्।

लुम्बिनी प्रादेशिक अस्पताल न्यूनतम सेवा मापदण्डमा पहिलो

बुटवल/ लुम्बिनी प्रादेशिक अस्पताल बुटवलले न्यूनतम सेवा मापदण्ड मूल्यांकन (एमएसएस)मा लगातार उत्कृष्ट नतिजा प्राप्त गरेको छ। अस्पतालले यस वर्ष पनि सेकेन्डरी 'बी' लेभल अस्पतालहरूको मूल्यांकनमा सुधार गर्दै ९० अंकसहित लगातार तेस्रोपटक नेपालमै पहिलो बनेको छ। गत वर्ष ८९ अंक प्राप्त गर्दै सो अस्पताल देशकै प्रथम भएको थियो। अस्पतालमा आयोजित सेवा मूल्यांकन समीक्षा कार्यक्रममा उपलब्ध सेवा, उपकरण, भौतिक संरचना तथा जनशक्तिलगायतबारे जानकारी गराइएको थियो। भक्तपुर अस्पतालले समेत समान ९० अंक प्राप्त गरेको छ।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारूले जनताले महसुस गर्ने गरी काम गर्न निर्देशन दिए। उत्कृष्टता हासिल गर्नुभन्दा पनि यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण भएको बताउँदै उनले थप सुधारका काममा लाग्न आग्रह गरे। स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रोशनलाल चौधरीले सेवालाई थप विस्तार र विशिष्टीकृत गर्दै लैजान आग्रह गरे। प्रदेश सरकारले अस्पतालका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा बजेट व्यवस्थापनमा तयार रहेको उल्लेख गरे।

अस्पतालका मेडिकल सुपेरिटेन्डेन्ट डा. इन्द्र ढकालले न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा प्राप्त अहिले नतिजा पर्याप्त नभएको उल्लेख गर्दै थप सुधारका योजनासाथ काम गरिरहेको उल्लेख गरे।
उनले न्यूनतम सेवा मूल्यांकनका मादण्डअनुसारका आधारभूत कुराको व्यवस्थापनमा सरकारले समेत ध्यान दिनुपर्नेमा जोड दिए। सरकारले नीति बनाउँदा कार्यान्वयनको पाटोलाई समेत ध्यान राख्न आग्रह गरे। अस्पतालको निर्माणाधीन भवनबाट स्वास्थ्य सेवा सञ्चालनका लागि अहिलेदेखि नै सञ्चालन कार्यविधि (ओएमएस) निर्माण गर्नुपर्नेमा ढकालले जोड दिए।

सञ्जीवनी अस्पतालमा 'हिलियम फ्री एमआरआई'

दाङ/ दाङको घोराही उपमहानगरपालिका- ३, वर्गदुवास्थित सञ्जीवनी टिचिङ अस्पतालले 'हिलियम फ्री एमआरआई' सेवा सञ्चालनमा ल्याएको छ। अस्पतालका रेडियोलोजी विभाग प्रमुख तथा कन्सल्ट्यान्ट रेडियोलोजिस्ट डा. जेशन केसीका अनुसार जर्मनीमा बनेको १.५ टेस्ला क्षमताको एमआरआई मेसिनबाट सेवा सुरु गरिएको हो। परम्परागत मेसिनबाट अत्यधिक हिलियम ग्यास प्रयोग हुने हुँदा सञ्चालन लागत बढाउने र मर्मतसम्भार जटिल बनाउने गर्दछ। तर, यस मेसिनबाट त्यो समस्या न्यून हुने उनको भनाइ छ। केसीका अनुसार यो मेसिन वातावरणमैत्री रहेको छ। त्यस्तै, मेसिनमा 'डिप रिजोल्भ' नामक अत्याधुनिक कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिसमेत प्रयोग गरिएको छ। जसले स्क्यान प्रक्रियालाई छिटो र सहज बनाउनुका साथै छोटो समयमा उच्च गुणस्तरको इमेज प्राप्त गर्न सकिन्छ। यसले गर्दा चकित्सकलाई रोग पहिचान गर्न सहज हुन्छ। मुटुसम्बन्धी एमआरआई परीक्षणका क्रममा प्रयोग हुने अटोमेटेड पोजिसनिङ प्रणालीले बिरामीलाई सहजता प्रदान गर्नुका साथै स्क्यानको गुणस्तर उच्च बनाउने अस्पतालले जनाएको छ। यसले म्यानुअल त्रुटि घटाउँदै परीक्षण प्रक्रियालाई अझ प्रभावकारी बनाउँछ। मुटु, मस्तिष्क, मेरुदण्डलगायत संवेदनशील अंगहरूको परीक्षणमा यस प्रविधि अत्यन्त उपयोगी हुने विश्वास गरिएको छ।



SuryaJyoti is one of the largest life insurers in terms of capital base, investments, life fund, number of branches, agency network and policyholders. We are seeking career oriented and highly motivated individuals to be part of the team for following roles:

BRANCH MANAGER

Vacant Branches	Education Qualification	Experience	Age Limit	Required Skills
Madhesh Province Nijgadh **Bagmati Province** Bhaisepati	A minimum of a Bachelor's degree is required; candidates holding a Master's degree in Management/Business Studies from a recognized university will be given preference	Minimum 3 years of experience in the Insurance, Banking and Finance sector	Up to 40 years	• Sales & Marketing • Effective Communication • Leadership • Knowledge of Life Insurance Products

Key Responsibilities:
- Recruit, train and mobilize insurance agents to meet business target
- Ensure prompt and excellent service to agents and policyholders
- Build and manage a high-performing team of insurance agents
- Oversee all branch operations for smooth functioning of Branch
- Contribute to the overall success and brand reputation of the branch
- Display highest standard of professionalism and maintain company standards with a positive attitude

TRAINEE ASSISTANT

Vacant Branches	Education Qualification	Age Limit	Required Skills
Koshi Province Biratchowk **Lumbini Province** Bhairahawa	Minimum Intermediate or 10+2 passed however preference shall be given to Bachelors passed in Management/Business Studies from the recognized university	Up to 35 Years	• Knowledge of Microsoft Word, Excel and Email communications. Fluent typing skill in Nepali and English • Basic knowledge of general accounting • Excellent communication and interpersonal skills • Knowledge of Life Insurance and related Product

Key Responsibilities:
- Carry out data entry and oversee underwriting process during customer on boarding
- Provide prompt service to agents and policy holders
- Coordinates with various departments at Head Office for smooth branch operations
- Provide support with various agent related activities
- Display highest standard of professionalism and maintain company standards with a positive attitude

Salary and Benefits:
- Competitive salary and benefits package
- Opportunity to work in a dynamic and growing industry
- Continuous learning and development opportunities
- Positive and supportive work environment

Important Information to the Applicant:
- Last date for application is 17:00 hours, April 3, 2026
- Application must be submitted via given digital process only
- Only shortlisted candidates will be contacted for further selection process
- Company reserves the right to cancel the vacancy process or reject any/all applications at its own discretion

Scan QR Code

Visit the offittcial website at https://suryajyotilife.com/vacancy

www.suryajyotilife.com

SuryaJyoti जीवनको लागि

सम्पदा भेटिएपछि सूर्यविनायक-धुलिखेल सडक स्तरोन्नतिको रोकियो काम

भक्तपुरको जगातीस्थित शिखंव फल्चा र शिखंव हिटी जोगाएर सडक विस्तार गर्न सम्पदाप्रेमीको माग

शिवहरि घिमिरे/नयाँ पत्रिका





भक्तपुरको सूर्यविनायक नगरपालिका- ९ जगातीमा ऐतिहासिक सम्पदा भेटिएपछि सूर्यविनायक-धुलिखेल सडकखण्ड विस्तारको काम रोकिएको छ। सडकखण्ड चौडा पार्ने क्रममा जगाती क्षेत्रमा सम्पदा भेटिएपछि अध्ययनका लागि भन्दै हाल सडक विस्तारको काम रोखिएको हो। क्षेत्रस्थित सडकको दायाँबायाँ ऐतिहासिक फल्चा र हिटी छन्। ती ऐतिहासिक सम्पदा जोगाएर काम गर्नुपर्ने भन्दै स्थानीय र सम्पदाप्रेमीले सडक विस्तारको काम रोकेका हुन्।

सम्पदा सडकको बिचमै पर्ने भएकाले त्यसको विकल्प के गर्ने भन्ने सम्बन्धमा निष्कर्ष अझै निस्किएको छैन। दायाँबायाँ रहेका ढुंगेधारा नहटाउँदा सडक साँघुरो हुने तथा अवरोध हुने सडक विभागको भनाइ छ। तर, त्यसलाई जोगाएर सडक विस्तार गर्नुपर्ने अडान स्थानीयवासी, सम्पदाप्रेमी र पुरातत्त्व विभागको छ।

स्थत शिखंव फल्चा र शिखंव हिटी मल्लकालीन सम्पदा हुन्। हिटीमा प्रयोग भएको पुरानो इँटाले मल्लकालीन भन्ने प्रमाणित गरेको छ। सूर्यविनायक-१० मा पर्ने बाचामरी हिटी पनि सडक विस्तारको चेपुवामा परेको छ। यो सम्पदा पनि सडक विभागले अन्तै सार्नुपर्ने औंल्याएको छ। तर, सम्पदा एक ठाउँबाट अर्को ठाउँमा सार्न नमिल्ने भन्दै विरोध भइरहेको छ। बाचामरी हिटी पुनर्निर्माणका लागि वडा कार्यालयले चालू आर्थिक वर्षका लागि ८० लाख बजेटसमेत विनियोजन गरेको छ। तर, सडक विस्तारका क्रममा मासिने भएपछि वडाले काम थालेको छैन। विभाग र वडाबिच सार्ने वा त्यस ठाउँलाई छाडेर सडक विस्तार गर्ने भन्ने सम्बन्धमा सहमति जुटिसकेको छैन। गत मंगलबार हिटीमा डोजर चलाउन थालिएपछि सम्पदाप्रेमीले विरोध गरेर रोकेका छन्।

सडक विभागले भने सडकको बीचमा भएका संरचना छाडेर सडक बनाउँदा जोखिम हुने भन्दै त्यसलाई हटाउनुपर्ने धारणा अघि सारेको छ। 'त्यहाँ पहिले नै हेरिटेन एसेसमेन्ट गरेको हो, खन्दा इँटाहरू भेटिए, त्यसलाई अन्त सार्ने गरी हामीले कुरा गरिरहेका छौं,' सडक विभागका महानिर्देशक विजय जैसीले भने, 'सडकको बीचमा त्यसलाई छाडेर विस्तार गर्न मिल्दैन, थुप्रै ठाउँमा सडक विस्तार हुँदा वर पिपलका रुख त हामीले काटेका छौं, त्यहाँका सम्पदा पनि अन्यन्त्र सार्ने भन्ने सवालमा छलफल भइरहेको छ।'

ठेकेदार कम्पनीले सम्पदामाथि नै डोजर चलाउन थालेपछि त्यसलाई रोकिएको सम्पदाप्रेमी यादवलाल कायस्थले बताए। उनका अनुसार सडकखण्डको जगाती क्षेत्रमा ढुंगेधारा र फल्चा छन्। ती ऐतिहासिक सम्पदा मासिन दिन नहुन गृह मन्त्रालय, पुरातत्त्व विभाग, सडक विभाग, सूर्यविनायक नगरपालिकालगायतको ध्यानाकर्षण गराइएको छ। 'विकासका नाममा ऐतिहासिक सम्पदा मास्नुहुँदैन, त्यो सम्पदा त्यही ठाउँमा सुरक्षित राखेर सडक बनाउनुपर्छ, सम्पदा अन्त सारेर त्यस्तै बनाउँछौं भन्नु मुर्खता हो, प्राचीन स्मारक ऐनले पनि सम्पदा सार्न दिँदैन, जहाँ छ त्यहीं कलात्मक तरिकाले बनाउनुपर्छ, सडकको नजिकै ढुंगेधारा छ, त्यहाँ पानी आउँछ, बटुवालाई सहज हुन्छ,' उनले भने, 'तर, सजाउनुपर्ने सम्पदा हटाउन खोज्नु सम्पदामाथिको प्रहार हो।' यस क्षेत्रमा सम्पदा अन्त सारियो भने गलत नजिर बस्ने र अन्य स्थानका सम्पदा पनि यसैगरी सार्नेक्रम बढ्ने कायस्थको भनाइ छ।

शुक्रबार १३ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

निर्वाचनको हरित सम्परीक्षण

कार्बन फुटप्रिन्ट वृद्धिसँगै पृथ्वीको तापमान पनि बढ्ने भएकाले यसमा न्यूनीकरण गर्न सबै मानवीय गतिविधिबाट हुने कार्बन फुटप्रिन्ट घटाउनैपर्छ



● लोकबन्धु घिमिरे

अग्रलेख

पर्यावरणमैत्री निर्वाचन : नेपालले भर्खरै प्रतिनिधिसभा निर्वाचन-२०८२ सम्पन्न गर्‍यो। युवामैत्री नयाँ विचार बोक्ने सरकार बन्दै छ। पर्यावरणीय चेतना पनि नयाँ विचार हो। जेन-जी आन्दोलनको म्यान्डेटलाई निर्वाचनबाट वैधता दिने गरी निष्कर्षमा लैजान यो निर्वाचन गरिएको हो। राम्रै जनसहभागितामा शान्तिपूर्ण रूपमा सम्पन्न यस निर्वाचनमा ६४ राजनीतिक दल र स्वतन्त्रसमेत गरी तीन हजार ४०६ जना प्रत्यक्ष उम्मेदवार थिए।

यसपटक निर्वाचन आयोगले सबै उम्मेदवारका लागि हरित निर्वाचन आचारसंहिता (ग्रिन इलेक्सन कोड) जारी गरेको थियो, जो पर्यावरणमैत्री चुनावको महत्त्वपूर्ण आधारस्तम्भ थियो। निर्वाचन प्रचारप्रसारका क्रममा वायु प्रदूषण नगर्न, चर्को ध्वनि ननिकाल्न र कोलाहल नगर्न भनिएको थियो। साथै सिंगल युज प्लास्टिक ब्याग र सभासम्मेलनमा अजैविक फोहोर पनि नगर्न निर्देशन थियो नै। कसैले यस्तो आचारसंहिता उल्लंघन गरेको र कारबाही भएको नसुनिएकाले यो लगभग प्लास्टिक-फ्री र हरित निर्वाचन भयो भन्न सकियो। तर, सो आचारसंहितामा न्यून कार्बन उत्सर्जनको मापदण्ड समावेश थिएन, यस मानेमा समग्र निर्वाचन लो-कार्बन इलेक्सन भयो वा भएन, वा जलवायुमैत्री निर्वाचन भयो-भएन भन्ने यकिन गर्न सकिएन।

हो, यसरी निर्वाचनजन्य क्रियाकलापबाट कार्बन उत्सर्जनको पनि लेखाजोखा गर्ने र समग्र चुनावलाई नै हरित निर्वाचन अभियानका रूपमा लैजान अबका दिनमा सरकार, निर्वाचन आयोग र वातावरण विभागले उपयुक्त कार्ययोजना ल्याउला, त्यो आशा गर्न सकिने भयो नै। यस्ता निर्वाचनमा सघन मानवीय क्रियाकलाप हुने र प्रचारप्रसार दौरान इनर्जी तथा 'मटेरियल' खपत पनि बढी हुने प्रवृत्तिले वातावरणमा हरितगृह ग्यास (खासगरी कार्बन डाइअक्साइड र मिथेन) थप हुन गई वैश्विक तापमान वृद्धिमा योगदान पुग्ने देखिँदा यस्को न्यूनीकरणतर्फ सचेत भई लाग्नुपर्ने हुन्छ। यस्तो ग्रिन इलेक्सन अभियान छिमेकी देश भारत, अमेरिका, युरोपलगायतमा डिजिटल भोटिङ (इ-भोटिङ) का रूपमा हुन थालेको छ। हामीले पनि यस्ता असल अभ्यास अनुसरण गर्दै नेपालका अब आउने निर्वाचनमा राजनीतिक दललाई पर्यावरणमैत्री बनाउन कडा रूपले आचारसंहिता पालना, सोको स्थलगत अनुगमन, कारबाही, दण्डजरिवना र हरित सम्परीक्षण (ग्रिन अडिट) प्रतिवेदन बुझाउने प्रावधान निर्वाचन कार्यविधिमा थप गर्नुपर्छ। यसो गर्दा सबै दललाई कार्बन फुटप्रिन्ट कम गर्न अपिल गर्न अनि सोको निराकरणका लागि कार्बन ह्यान्डप्रिन्ट बढाउन सकेमा कार्बन अफसेटिङ गर्न लगाउने पद्धति विकास गरी इलेक्सनको ग्रिन अडिट कार्ड लिने अवधारणा पनि लैजान सकिन्छ।

बढ्दो कार्बन फुटप्रिन्टको चिन्ता : युरोपेली संघ क्लाइमेट कोपर्निकसअनुसार संसारले सन् २०२३-०२५ मा लगातार उच्च तापमान (करिब १.४८ डिग्री) वृद्धि रेर्कड गर्‍यो। यसरी नै एनओएएको आर्कटिक रिपोर्ट २०२४ ले पनि ध्रुवीय तापमान वृद्धि १.२ डिग्रीसम्म पुगेको देखायो। इसिमोडका अध्ययनले हिन्दकुश हिमालयमा अचेल तापमान बढ्दा हिउँ कम परेको देखाउँदै छन्। यो चरम पर्यावरणीय विशृंखलता हो। पृथ्वीको तापमान यसरी वृद्धि हुनुको खास कारण औद्योगीकरण, जंगल आगलागी र फँडानी, उच्च उपभोगजस्ता मानवीय क्रियाकलाप बढ्नु नै हो। यीबाटै वैश्विक हरितगृह ग्यास (मूलतः कार्बन डाइअक्साइड र मिथेन) को उत्सर्जनमा भारी बढोत्तरी देखिएको छ। कार्बन उत्सर्जन तथ्यांक हेर्दा उन्नाइसौँ शदीमा यसको मात्रा २८० पिपिएम थियो। तर, आज ४२९ पिपिएमस्तरमा छ। 'पेलिओक्लाइमेट डाटा'सँग तुलना गर्दा यस्तो तीव्र कार्बन वृद्धिदर एक लाख वर्षयताको सबभन्दा उच्च मानिन्छ।

विगत दुई शताब्दीयता औद्योगिक देशबाट अधिक कोइला, पेट्रोल, ग्यास जलनकै कारण वायुमण्डलमा धेरै हरितगृह ग्यास थुप्रिएको र यिनले सौर्य तापलाई पुनः कब्जा (रिट्र्यापिङ) गर्दा पृथ्वी बढी तातेकाले यस्तो उत्सर्जन घटाउन वैश्विक गैरकार्बनीकरण मार्ग पेरिस सहमति-२०१५ ले सुझाएको हो। तर, उल्टै जीवाश्म ऊर्जा खपत र कार्बन उत्सर्जन बढेकोबढ्यै छ। प्रत्येक मानिस, संस्था, फर्म वा पार्टीबाट भएको कार्बन डाइअक्साइड उत्सर्जन र खपतलाई वार्षिक रूपले 'कार्बन इक्वेभेलेन्ट'मा बहीकृत गरी कार्बन फुटप्रिन्टका रूपमा व्यक्त गरिन्छ। यो बस्तु खपत क्रियाकलापसँग बढी जोडिन्छ। कसैले त कार्बन डेबिट र क्रेडिट खाता पनि बनाउँछन्। यो भनेको जोकसैले व्यक्तिगत वा संस्थागत रूपमा गर्ने वार्षिक कार्बन खपत परिमाण हो।

जति कार्बन फुटप्रिन्ट (कार्बन पदचिह्न) बढ्छ, उति पृथ्वीको तापमान बढ्ने बुझ्न सकिन्छ। यसर्थ, पृथ्वीको तापमान घटाउन सबै मानवीय गतिविधिबाट हुने कार्बन फुटप्रिन्ट घटाउनैपर्छ। आवर वर्ल्ड इन डाटा (२०२५) को प्रतिवेदनअनुसार हाल अमेरिकी प्रतिनागरिकको कार्बन फुटप्रिन्ट १४.२३ मेटन देखिन्छ, जो उच्च छ। वैश्विक औषत प्रतिव्यक्ति कार्बन फुटप्रिन्ट ४.७३ मेटन छ। आज हामी नेपालीको कार्बन फुटप्रिन्ट ०.६३ मेटन परकेपिटा छ, जबकि सन् २०१५ मा यो ०.२५ मेटन थियो। यस तथ्यांकले हाम्रो कार्बन खपत बढेको देखाउँछ, अब यस्तो खपत न्यूनीकृत गर्नुपर्छ।

१.५ डिग्री तापमान लक्ष्यमा सघाउने : सन् २०२३ यता कार्बन डाइअक्साइडको वैश्विक वार्षिक उत्सर्जन ४०-४२ बिलियिन मेटन देखिएको छ। उत्सर्जन रेकर्ड हेर्दा अमेरिका र युरोपका धनी देश नै यसमा जिम्मेवार छन्।



पेरिस सहमतिपत्र-२०१५ ले आउँदो शदीभित्र पृथ्वीको तापमान वृद्धि १.५ डिग्रीभित्रै राख्ने लक्ष्य बोकेको छ। तापमान यो सीमाभन्दा बढ्यो भने पृथ्वीमा भयानक पर्यावरणीय नोक्सानीका परिघटना हुनेछन्, जसले मानवजातिको अस्तित्व नै विनाश गर्ने भय पैदा गर्छ। बाढीपहिरो, हिमपिघ्लन, समुद्रसतह बढ्ने, चक्तवात बढ्ने, जंगलमा आगलागी बढ्नेजस्ता डरलाग्दा रूप अब देखिनेछन्। यस्ता प्रलयको रोकथाम गर्न सोही पेरिस सहमतिले कार्बन उत्सर्जनमा तीव्र कटौती योजना ल्याएको हो। जसअनुसार हरेक देशले सन् २०३५ भित्र सन् २०१९ को दाँजोमा कार्बनस्तर ४३ प्रतिशतले घटाउने र सन् २०५० मा शून्य (नेट जिरो) कार्बन अवस्था ल्याउनुपर्ने भनिएको छ। यो डिकार्बनाइजेसन हो। यो मिसन पूरा गर्न सबै देशले मुख्यतः पाँचवटा उपाय अपनाउनुपर्नेछ। ती हुन्- १) हरेक देशले एनडिसी पेपर तयार गरी कार्बन कटौती परिमाण बढाउँदै जाने, २) हरेक देशले जीवाश्म ऊर्जा (कोइला, तेल पेट्रोल) बन्द गर्दै जाने, ३) हरेक देशले नवीकरणीय ऊर्जा उत्पादन-खपत बढाउने साथै हरित प्रविधिमा जोड दिने, ४) सबै देश नेचर बेस्ड योजनामा जाने जसमा उच्चस्तरमा वन जंगल र इकोसिस्टम प्रवर्द्धन उपाय लागू गर्ने र ५) अर्थतन्त्रको उपभोक्ता (खाद्य-कृषि) क्षेत्र र यातायात क्षेत्रबाट अधिक कार्बन फुटप्रिन्ट घटाउने।

यी सबै उपायलाई अर्थतन्त्रका स्कोप १, २ र ३ 'इमिसन प्रोटोकल'सँग समायोजन गरिएको हुनाले यिनबाट कार्बन फुटप्रिन्टको उल्लेख्य घटोत्तरीले १.५ डिग्री वैश्विक तापमान स्थिरीकरणलाई सघाउ पुग्ने हुँदा राष्ट्र संघले खासगरी उपभोक्ता कार्बन घटाउन स्कोप-२ र ३ का अप्रत्यक्ष विधि व्यापक गर्न भनेको छ।

यसै सन्दर्भमा नै कार्बन फुटप्रिन्ट घटाई कार्बन ह्यान्डप्रिन्ट बढाउन आग्रह भएको हो। साँच्चै विश्वका आठ अरब जनसंख्याले आफ्ना दैनिक क्रियाकलाप नियन्त्रण गरी निजी उपभोगस्तर न्यूनीकरण गर्दै जान सकेमा, व्यावसायिक फर्मले आफ्ना भ्यालु चेनमा बढी उत्सर्जन घटाउन सकेमा र हरेक देशका निर्वाचन पर्यामैत्री बनाउन सकेमा कार्बन ह्यान्डप्रिन्ट बढ्ने र जलवायु व्यवस्थापनमा सकारात्मक योगदान पुग्ने देखिन्छ।

चुनावमा कार्बन ह्यान्डप्रिन्ट बढाऊ : हामीले ग्रिनहाउस ग्यासको उत्सर्जन प्रोटोकल स्कोप-१, २ र ३ ले कसरी कार्बन फुटप्रिन्ट बढाउने रहेछन् भन्ने बुझ्यौं। स्कोप-१ ले सबैभन्दा बढी उत्सर्जन गर्छ, जसमा प्रत्यक्ष कार्बन उत्सर्जन क्रियाकलाप पर्छन्, जस्तै- उद्योग सञ्चालन, मेनुफेक्चर फेक्ट्री तथा खनिज ऊर्जा उत्खनन परियोजना सञ्चालनजस्ता कार्य यसअन्तर्गत पर्छन्। स्कोप-१ को कार्बन घटाउन ट्रेड एन्ड क्याप, सिसिएस, डिए वा यस्तै उपाय अवलम्बन गरिन्छन्, जो महँगो र उच्च प्रविधिमा निर्भर छ।

> निर्वाचनपछि चुनाव खर्च बुझाउने व्यवस्था भएजस्तै दलहरूलाई आआफ्नो हरित अडिट रिपोर्ट (कार्बन फुटप्रिन्ट र ह्यान्डप्रिन्ट लेजर) अर्थात् ग्रिन ब्यालेन्स सिट पनि बुझाउन लगाउनुपर्छ

यसैले स्कोप-२ र ३ लाई अप्रत्यक्ष उत्सर्जन वर्गमा राखिएको छ, जसमा घरेलु वा कार्यालयमा हुने विद्युत् खपत, बोइलर सञ्चालन, लजिस्टिक कार्य, यातायात क्षेत्र (कार, गाडी, हवाईयात्रा अदि), खाद्य सामग्री उपभोग, प्याकेजिङ, प्लास्टिक प्रयोगजस्ता सामान्य क्रियाकलाप पर्छन्। कार्बन ह्यान्डप्रिन्ड बढाउन यिनै स्कोप-२ र ३ का क्रियाकलापमा न्यूनता ल्याउने र वस्तु खपत पनि घटाउन सकिन्छ। चुनावी क्रियाकलाप पनि यसैमा पर्छन्।

स्कोप-२ र ३ बाट कार्बन उत्सर्जन कम गर्न घरेलु काममा कम पानी उपभोग गर्ने, अफिसमा इ-ऊर्जा, सोलार प्रयोग, इभी कार र इ-मोटर प्रयोग, कम हवाई यात्रा, कम राजनीतिक भिडभाड, हरित निर्वाचनजस्ता कार्य अपनाउन सकिन्छ। यसरी नै प्लास्टिक बहिष्करण, मासु कम उपभोग, फोहोरमैला थ्रिआर (रिड्युस, रिसाइकल, रियुज) व्यवस्थापन क्रियाकलाप गर्न सकिन्छ। नेचर बेस्ड समाधान गरी सडक वृक्षरोपणजस्ता समूहगत क्रियाकलापबाट कार्बन ह्यान्डप्रिन्ट बढाउन सकिन्छ।

कैयौँ देशले स्थानीय, प्रादेशिक र संसदीय चुनावलाई हरित निर्वाचन अभियान बनाई कार्बन फुटप्रिन्ट घटाइरहेका छन्। भारतले बीस वर्षअघि निर्वाचनमा प्लास्टिक बन्देज लगाएको र हाल बायोडिग्रेडेबल सामग्री मात्रै प्रयोग गर्न दिएको छ। अमेरिकी चुनाव पनि सन् २०१६ यता ग्रिन इलेक्सन बनाइएको छ। इस्टोनियाको सन् २०२३ को चुनावी अध्ययनले प्रतिपेपर भोट र प्रतिविद्युतीय भोटको कार्बन फुटप्रिन्ट क्रमशः २.२४० केजी र ०.०१२ केजी देखाएको छ।

पर्यामैत्री-राजनीतिको मापदण्ड बनाउने : नेपालले पनि अबका निर्वाचनलाई हरित स्वरूप दिएर सकारात्मक जलवायु अभियानका रूपमा बढाउन सकिन्छ। इ-भोटिङमा जाने निर्वाचनले गैरकार्बनीकरण दिशामा सहयोग गर्छ। स्थानीय, प्रदेश र संघीय निर्वाचनमा स्कोप-२ र ३ बाट हुने उत्सर्जन घटाउनुपर्छ। चुनावी उपक्रममा प्रदूषण नगर्न, अधिक वस्तु र प्लास्टिक खपत कम गर्न, फ्लेक्स-वालपोस्टर र भित्तेलेखन नगर्न, फोहोर नगर्न, ध्वनि उत्पन्न नगर्न, पेट्रोल-डिजेल खपत कम गरी आआफ्नो कार्बन फुटप्रिन्ट घटाएकोबारे हरित सम्परीक्षण गर्न-गराउन सबै दलसँग अनुरोध गर्न सकिन्छ।

हरित आचरसंहिताको पालना, अनुगमन र ग्रिन अडिटबारे निर्वाचन आयोगले वातावरण विभागसँग समन्वय गरी त्यहाँका निरीक्षकलाई जिम्मा दिन सक्छ। निर्वाचनपछि चुनाव खर्च बुझाउने व्यवस्था भएजस्तै दलहरूलाई आआफ्नो हरित अडिट रिपोर्ट (कार्बन फुटप्रिन्ट र ह्यान्डप्रिन्ट लेजर) अर्थात् ग्रिन ब्यालेन्स सिट पनि बुझाउन लगाउनुपर्छ। निर्वाचनपछि आफ्नो दलले गरेको कार्बन उत्सर्जन 'सेक्वेट्रेसन' (अधिशोषण) गर्न पर्याप्त रुख लगाउने व्यवस्थाका लागि तोकिएको अफसेटिङ वृक्षरोपण वा कार्यकर्ताबाट भोलन्टियर वृक्षरोपण गर्ने अभ्यास पनि बसाल्न सकिन्छ, जसका लागि वन विभागसँग सहयोग लिन सकिन्छ। प्रचारप्रसारदेखि समग्र निर्वाचनका क्रममा सबै दलले हरित आचारसंहिता र जैविक चुनावी उपाय अपनाउँदै कार्बन ह्यान्डप्रिन्ट बढाउने र कार्बन फुटप्रिन्ट घटाउने क्रियाकलाप गरी निर्वाचनबाट सकारात्मक जलवायु योगदान दिन सक्छन्।

तसर्थ, अब निर्वाचन आयोग आफैं पनि निर्वाचन हरितीकरण गर्न इ-भोटिङ, पेपरलेस र गैरकार्बनीकरणतर्फ अगाडि बढ्नुपर्छ। सकिन्छ भने दलहरूका समग्र नीति, विचार, कार्यक्रम र घोषणापत्र पनि पर्यामैत्री, चुरे-निकुञ्ज र वनक्षेत्रमैत्री, नदीनालामैत्री, प्रदूषण घटाउने, वातावरण संरक्षण गर्ने र जलवायुमैत्री छ-छैन ? सोको पनि थप रुजु गर्ने जाँच कार्यविधि बनाई निर्वाचनको ग्रिन अडिट (हरित सम्परीक्षण) गर्ने प्रचलन बसाल्न सकिन्छ। जसले हाम्रो समग्र राजनीतिलाई जलवायुमैत्री, पर्यामैत्री र हरितीकृत हुन सघाउँछ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **पूर्णचन्द्र भट्टराई**लाई



सुशासन मार्गचित्र, २०८२ ले वैदेशिक रोजगारीको श्रम स्वीकृति र अध्ययनको एनओसी खारेज गर्न दिएको सुझाव कस्तो छ ?

वैदेशिक रोजगारीको श्रम स्वीकृति मूलतः तीनवटा पाटासँग जोडिन्छ। पहिलो, अभिलेख- को-को कुन-कुन पेसा र कम्पनीमा कहाँ जान लागेका हुन् ? कति समयका लागि जान लागेका हुन् ? दोस्रो, नियमन- जसमा इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण, स्वास्थ्य परीक्षण, बिमालगायत संस्थाको नियमन र तेस्रो, संरक्षण- जसमा वैदेशिक रोजगारीमा जाने कामदारको सेवा र सर्त, पारश्रमिक, शोषण र ठगीबाट संरक्षण उद्धार तथा सहयोग आदि पर्छन्। शिक्षाका हकमा पनि को विद्यार्थी कुन मुलुक र संस्थामा के-कस्तो अध्ययनका लागि जाने हो भन्ने पहिचान र विदेशमा अध्ययनका क्रममा आवश्यक विदेशी मुद्रा उपलब्ध गराउनेजस्ता विषय जोडिएका हुन्छन्। यी उद्देश्य श्रम स्वीकृति वा एनओसीविनै प्राप्त हुन सक्छ भने यसको जरुरी नपर्न सक्छ। वैदेशिक रोजगारमा धेरै समस्या छन्। यसका लागि थप उपाय अवलम्बन गर्नुपर्ने हुन्छ, जुन वैदेशिक रोजगार ऐनमै संशोधन गरेर मिलाउनुपर्ने हुन्छ।

यो सुझाव कार्यान्वयन भएको अवस्थामा यसका सकारात्मक पक्ष के-के हुन सक्छन् ?

यसबाट सेवा प्रवाहका चरण घट्छन्। स्वाभाविक रूपमा अनियमितताको विन्दु पनि कम हुन सक्छ। एनओसी हटाउँदा राज्यले आफ्ना नागरिकको अभिलेख र अन्य सुविधाका लागि कुनै न कुनै अभिलेख राख्नैपर्ने हुन्छ, जुन अनलाइनबाटै स्वतः प्राप्त हुने व्यवस्था गर्न सकिन्छ।

यो सुझाव कार्यान्वयनका चुनौती के-के हुन सक्छन् ?

हाम्रा धेरैजसो श्रमिक आफ्नो अधिकारबारे न्यून जानकार छन्। उनीहरू विदेशी भूमिमा काम गर्न जाँदा मूलतः व्यवसायीमा निर्भर हुन्छन्। यस्तो अवस्थामा वैदेशिक रोजगारीमा संलग्न नागरिकका हित र संरक्षण सुनिश्चित गर्न यससम्बन्धी व्यवसायीको दक्षता, पेसागत/व्यावसायिक आचरणको अनुपालना र जिम्मेवार बनाउनु कम चुनौतीपूर्ण छैन।

प्रेरक प्रसंग

कदर गर्न जान्नेलाई मद्दत गर

एउटा जंगलमा दुई वयस्क सिंहको बिचमा बडो निर्भयतापूर्वक एक मुडुली (पोथी मृग) हिँडिरहेकी थिई। यस्तो अनौठो दृश्य देख्दा एक साधु अचम्ममा परे। उनले मुडुलीसित प्रश्न गरे- यति डरलाग्दा हिंस्रक सिंहको माझमा हिँड्दा तिमीलाई डर लाग्दैन ? मुडुलीले मुसुक्क हाँसेर जवाफ दिई- साधु महाराज, वर्षौंपहिले यस जंगलमा एक पोथी सिंहको अचानक मृत्यु भयो। आमाको मृत्युपछि उनका दुई शिशु दुध खान नपाएर भोकले छट्पटिएर जीवन-मरणको दोसाँधमा पुगेका थिए। त्यतिवेला मैले तिनलाई सन्तानलाई जस्तै आफ्नो दुध पिलाएर बचाएँ। आज तिनै दुई शिशु यस जंगलमा मेरा दुई सन्तानका रूपमा चिनिन्छन्। यिनै दुई प्यारा सन्तानका कारण आज यस जंगलमा मलाई कसैले ठाडो शिरले हेर्ने हिम्मतसम्म गर्दैन।



मुडुली र सन्तको संवाद रुखको हाँगामा बसेको सुगाले सुनिरहेको थियो। उसले मनमनै सोच्यो- ओहो ! मैले पनि त्यसैगरी कसैलाई मद्दत गर्न पाए जंगलमा मेरो पनि सबैले इज्जत गर्ने थिए। त्यति नै वेला सुगाले त्यहीं नजिकै मुखमा काँडो बिझेर छटपटाइरहेको एउटा सर्पलाई देख्यो। सुगाले तत्काल जमिनमा उत्रिएर सर्पको मुखको काँडो निकालिदियो। तर, जब सर्प केही ठिक भयो, तब उसले नजिकै बसेर उसैको देखभाल गरिरहेको सुगालाई डसेर आफ्नो विष छाडिदियो। विषको प्रभावले सुगा छटपटिन थाल्यो। यस्तो दृश्य देखेपछि तिनै साधुले सुगालाई सोधे- आखिर तिमीले विषालु सर्पको देखभाल गर्ने मूर्खता किन गर्‍यौ ? विषको प्रभावले छट्पटिइरहेको सुगाले भन्यो- मैले मुडुलीले जस्तै इज्जत पाउने लोभमा यसको सेवा गरेको थिएँ, उल्टै यसले मलाई यस्तो हालतमा पुर्‍यायो।

साधुले भने- कसैको मद्दत गर्नु नै छ भने सिंहका बच्चाहरूको गर, विषालु सर्पको होइन। मद्दत त्यसको गर, जसले तिम्रो मद्दतको कदर गर्न सकोस्। अन्यथा, गलत व्यक्तिको मद्दत गरियो भने तिम्रैजस्तो हालत सबैको हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दोषी उम्किन नपाऊन्

सुर्खेतकी १६ वर्षीया किशोरी इनिसा विकको बलात्कार र हत्यासम्बन्धी घटनामा प्रहरीले अनुसन्धान पूरा गरी सोको प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस गरेको समाचार पढियो। पछिल्लो समयमा महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न मुद्दामा चलखेल गरिरहेको र अभियुक्तहरूको पहुँचका आधारमा उनीहरूलाई उन्मुक्ति दिएका समाचार आइरहेको समयमा प्रहरीको यो प्रतिवेदनले पनि सोही नियति भेल्नु नपरोस्। इनिसाजस्ता लाखौं बालिका, किशोरी, युवती तथा महिलालाई बलात्कारीबाट जोगाउने हो भने यस्ता घटनामा संलग्न अपराधी जुनसुकै उमेर, जुनसुकै समुदाय र जतिसुकै पहुँचवाला भए पनि तिनलाई कानुनको कठघरामा उभ्याउन कसैले पनि अवरोध पुऱ्याउनुहुँदैन। इनिसाका हत्यारा पनि उमेर या अन्य कुनै छिद्रका आधारमा उम्किन नपाऊन्। बलात्कार गरेर कसैको ज्यान लिन सक्ने अभियुक्त अबोध बालक हुन सक्दैन।

● **सम्झना परियार**, कोहलपुर, बाँके

यो कस्तो पुल बन्दै थियो ?

'बेमौसमी वर्षाले भाँचियो नौ करोडको मोटरेबल पुल' शीर्षकको समाचार पढ्दा अचम्म लाग्यो। कैयौं मालवाहक सवारीसाधनलाई एकसाथ थेग्न सक्ने गरी निर्माण गरिँदै गरेको पुल सामान्य वर्षाबाट कसरी ढल्न सक्छ ? जब त्यो यति सामान्य वर्षाबाटै ढल्छ भने त्यसले कसरी सवारीसाधन र अन्य भार वहन गर्न सक्दो हो ? के यस विषयमा राज्यले गम्भीर छानबिन गर्नुपर्दैन ?

● **गोविन्द महर्जन**, गोठाटार, काठमाडौं

दुई सरकारबिच विवाद किन ?

सुदूरपश्चिम प्रदेश सरकार र कैलाली जिल्लाको लम्कीचुहा नगरपालिकाबिचको विवादले लम्कीचुहा नगर अस्पताल स्तरोन्नतिको विषयमा विवादमा परेको समाचार सुन्दा हाम्रा प्रदेश र स्थानीय सरकार कति कच्चा छन् भन्ने ज्ञान भयो। आखिर सो अस्पताल प्रदेशको मातहतमा रहे पनि लम्कीचुहाआसपासका सर्वसाधारणले सेवा पाउने हुन्। स्थानीय नगरपालिकाअन्तर्गत रहे पनि तिनै सर्वसाधारणले सेवा पाउने हुन्। अनि, विवाद किन ?

● **शैलेन्द्र पाठक**, बुटवल-६, रुपन्देही

होला त प्रतिवेदन कार्यान्वयन ?

देशमा नयाँ निर्वाचनपछि प्रचण्ड बहुमतसाथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार बन्दै छ। जेन-जी आन्दोलनको जग नै रास्वपाले प्राप्त गरेको बहुमतको आधार हो। सोही जेन-जी आन्दोलनमा भएको दमन र आगजनीबारे छानबिन गर्न गठित कार्की आयोगले वर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारलाई प्रतिवेदन सुम्पिसकेको छ। तर, कार्की सरकार सो प्रतिवेदन सार्वजनिक गर्न हिच्किचाइरहेको समयमा मिडियाले एकसाथ सो प्रतिवेदन सार्वजनिक गरिदिएका छन्।

अब यही शुक्रबार रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त हुँदै छन् र उनको नेतृत्वमा रास्वपाको एकमना सरकार बन्दै छ। यस्तोमा यो सरकारलाई कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्न कुनै कठिनाइ हुनेछैन। तर, नयाँ सरकारले आवेशमा आएर यो प्रतिवेदन कार्यान्वयन गर्ने दोषी देखाइएका पूर्व तथा वर्तमान पदाधिकारीमाथि कारबाही गर्न हतारो गरेमा त्यसले नकारात्मक प्रतिक्रिया जन्माउन सक्छ। साथै, नयाँ सरकारले तत्कालीन पदाधिकरीमाथि प्रतिशोध साधेको ठहरिन सक्छ। त्यसैले, नयाँ सरकारले सो प्रतिवेदनको सूक्ष्म अध्ययन गरी कानुनबमोजिम अधिकारप्राप्त निकायबाट कार्यान्वयन गराउने बाटो अंगीकार गर्नु मनासिब ठहर्छ।

● **गुराँस मल्ल**, लैनचौर, काठमाडौं

अन्त्य हुनुपर्छ क्युबामाथिको आर्थिक हिंसा

निर्मम आर्थिक नाकाबन्दीका कारण इन्धन आयातमा आएको गिरावटले क्युबाली नागरिकको जीवन गम्भीर जोखिममा पर्ने देखिन्छ



देश/विदेश

● मार्क वेइसब्रोट

भियतनाम युद्धमा अमेरिकी सैन्य वृद्धिको समयमा मार्टिन लुथर किंग जुनियरले भनेका थिए, अमेरिकी सरकार 'संसारमा हिंसाको सबैभन्दा ठुलो प्रवर्तक' हो। त्यसपछिका वर्षमा अमेरिकी सरकारले आफ्नो उद्देश्य प्राप्त गर्न घातक हिंसा बढाउने नयाँ विधिको द्रुत विकास गरेको छ, व्यापक, एकपक्षीय आर्थिक प्रतिबन्ध। ल्यान्सेट ग्लोबल हेल्थ मेडिकल जर्नलद्वारा प्रकाशित एक अध्ययन (मैले अर्थशास्त्री फ्रान्सिस्को रोड्रिगेज र सिल्भियो रेन्डोनसँग सहलेखन गरेको थिएँ) मा अनुमान गरिएको छ, एकपक्षीय प्रतिबन्धले वार्षिक लगभग पाँच लाख ६४ हजारको ज्यान लिन्छ। यो सशस्त्र द्वन्द्वबाट हुने विश्वव्यापी वार्षिक मृत्युसँग तुलना गर्न सकिन्छ। अहिले हामी वास्तविक समयमा देख्न सक्छौं कि यस्ता मृत्यु कसरी हुन्छन्। 'अमेरिकी तेल नाकाबन्दीअन्तर्गत क्युबामा जीवन रोकिएको छ,' केही दिनअघि वाल स्ट्रिट जर्नलको शीर्षक थियो। केही समयअघि भेनेजुएलाको तेल उत्पादनमा नियन्त्रण गरेपछि अमेरिकाले क्युबाको सबैभन्दा ठुलो आपूर्तिकर्ता भेनेजुएलाबाट तेल नाकाबन्दी गर्‍यो। लगत्तै राष्ट्रपति डोनाल्ड ट्रम्पले एक कार्यकारी आदेश जारी गरे, जसमा क्युबामा तेल वा पेट्रोलियम उत्पादन निर्यात गर्ने विश्वको कुनै पनि देशमा कर लगाउने धम्की थियो। यस महिना क्युबाको तेल आयात लगभग शून्यमा झरेको छ।

तेल आयातमा आएको गिरावटले तत्काल जीवन जोखिममा पार्ने देखिन्छ। क्युबाको ८० प्रतिशतभन्दा बढी बिजुली तेलबाट उत्पादन हुन्छ। क्षमता घट्दै जाँदा ब्ल्याकआउट पहिले नै बढेको छ। अस्पताल, स्वास्थ्य सेवा र औषधिको उपलब्धता अवरुद्ध भएको छ। संयुक्त राष्ट्र मानव अधिकार उच्चायुक्तले पिउने पानी र सरसफाइसहित पानीको आपूर्तिको क्षतिबाट 'क्युबाका जनताको मानवअधिकारमा गम्भीर प्रभाव' पर्ने चेतावनी दिएका छन्। इन्धन अभावका कारण सहायता ढुवानीको वितरण पनि अवरुद्ध भएको छ- जसबाट खाद्यान्नको व्यापक अभाव र मूल्यवृद्धि भएको छ। ट्रम्पको कार्यकारी आदेश, सबै एकपक्षीय अमेरिकी प्रतिबन्धजस्तै अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत अवैध छ। यसले अमेरिकी कानुनको पनि प्रत्यक्ष उल्लंघन गर्छ, किनकि क्युबाली सरकारले अमेरिकी नागरिकका लागि कुनै 'राष्ट्रिय आपत्‌काल' सिर्जना गरेको छैन वा अमेरिकी राष्ट्रिय सुरक्षाका लागि कुनै 'असामान्य र असाधारण खतरा' पनि सिर्जना गरेको छैन।

वासिंटनले ६७ वर्षमा देशको सबैभन्दा खराब आर्थिक संकटका लागि क्युबालाई दोष दिन खोजिरहेका वेला हालका प्रतिबन्ध निर्मम देखिन्छन्। जनवरी २०२१ मा ट्रम्प प्रशासनले क्युबालाई आतंकवाद प्रायोजन गर्ने राज्यका रूपमा पुनः सूचीकृत गर्ने निर्णय गर्‍यो। सन् १९८२ देखि २०१५ सम्म क्युबालाई यस्तै सूचीकृत गरिएको थियो। राष्ट्रपति बाराक ओबामाले आफ्नो कार्यकालमा क्युबालाई उक्त सूचीबाट हटाए। उसलाई सूचीकृत गर्ने कहिल्यै कुनै तथ्यात्मक आधार थिएन। तर, यसले क्युबाको पर्यटन उद्योगमा गहिरो नकारात्मक प्रभाव पार्‍यो, किनभने यसले युरोपेली र केही अन्य देशका नागरिकलाई क्युबा भ्रमणमा जान जटिल बनायो। क्युबा भ्रमण गर्ने विदेशी पर्यटकको संख्या २०१९ को तुलनामा अनुमानित ६८ प्रतिशतले घटेको छ। यसले क्युबाको विदेशी विनिमय आम्दानीबाट अर्बौं डलर गुमेको छ।

ट्रम्प प्रशासनले 'आतंकवाद प्रायोजन गर्ने राज्य'को बिल्ला भिराएका कारण क्युबा बैंक तथा अन्तर्राष्ट्रिय वित्तीय प्रणालीसँग अन्तर्क्रिया गर्नबाट वञ्चित भयो। यसले क्युबाली अर्थतन्त्रलाई उल्लेखनीय रूपमा कमजोर र अस्थिर बनायो। यी विभिन्न प्रतिबन्ध लामो समयसम्म कायम रहे भने त्यसको परिणाम थाहा पाउन भेनेजुएलालाई हेरे पुग्छ। भेनेजुएला अमेरिकाको दोस्रो (क्युबापछि) निसाना थियो। अमेरिकी प्रतिबन्धले भेनेजुएलामा इतिहासकै गम्भीर मन्दी ल्यायो। सन् २०१२ देखि २०२० सम्मका वास्तविक जिडिपीमा ७३ प्रतिशत घाटा हुनु अमेरिकी महामन्दीको आकारभन्दा तीन गुणा बढी हो।

राजनीतिक परिवर्तनलाई जबर्जस्ती थोपर्न नागरिकमाथि आर्थिक हिंसा लादिन्छ। क्याबिनेटस्तरका अमेरिकी अधिकारीले वर्षौंदेखि वा क्युबाको हकमा दशकौंदेखि यो कुरा ठुलो स्वरमा भन्दै आएका छन्। ट्रम्प अघिल्ला नेताभन्दा केवल यस हिसाबले फरक छन् कि उनी बहाना गर्दैनन्। बरु तत्कालै एक्सन लिन्छन्। पछिल्लो एक्सन इरान युद्ध हो। यसैबिच धेरै सरकारले क्युबालाई मानवीय सहायता प्रदान गरिरहेका छन्। यसमा मेक्सिको, भियतनाम, चीन, भेनेजुएला, स्पेन, रुस, युरोपेली संघ र चिली समावेश छन्। लगभग सबै विश्वले यहाँ सही र गलतबिचको भिन्नता देख्न सक्छन्, संयुक्त राष्ट्र महासभाले क्युबामाथिको प्रतिबन्ध अन्त्य गर्न लगातार ३३ वर्ष मतदान गर्‍यो। सन् २०२४ मा १८७ का विरुद्ध दुई मत खस्यो (अमेरिका र इजरायलले विरोधमा मतदान गरे) र एक राष्ट्र मतदानमा सहभागी भएन। यद्यपि, ट्रम्पको तेल नाकाबन्दीको घातक प्रभावबाट क्युबालीलाई बचाउन मानवीय सहायता पर्याप्त छैन।

(वेइसब्रोट अमेरिकाको सेन्टर फर इकोनोमिक एन्ड फोलिसी रिसर्चका सहनिर्देशक हुन्)

न्युजविकबाट


सांस्कृतिक सम्पदामा भएका हमलाले इरानवासीलाई गर्दै छ एकजुट

अन्तर्राष्ट्रिय कानुनले युद्धको समयमा ऐतिहासिक सांस्कृतिक सम्पदामाथि हमला गर्न रोक लगाए पनि अमेरिका र इजरायलले इरानका सांस्कृतिक सम्पदालाई निशाना बनाइरहेका छन्



इरानविरुद्ध संयुक्त राज्य अमेरिका र इजरायलीको हमलाले अब महिना दिन पुरा गर्दैछ। सैन्य अभियान सुरु भएदेखि ने द्वन्द्वको मानवीय क्षति निरन्तर बढिरहेको छ। मुख्यत, द्वन्द्वमा सबैभन्दा बढि संख्यामा इरानी मारिदैछन्। दिनहुँ हुने हमलाका कारण मानवीय क्षतिसँगै इरान र वरपरका खाडी देशमा ठुलो भौतिक क्षति पनि भएको छ।

बम विस्फोट अभियानले पूर्वाधारमा व्यापक विनाश निम्त्याएको छ। सैन्य लक्ष्यसँगै युद्धको पहिलो हप्तामा हजारौं नागरिक भवन क्षतिग्रस्त वा नष्ट गरिए। यस विनाशका बिच द्वन्द्वको अर्को आयामले समेत अहिले अन्तर्राष्ट्रिय चिन्ता बढाउँदै छ, इरानको सांस्कृतिक सम्पदामाथि पुऱ्याइएको क्षति। हो, इरान युद्धको झन्डै एक महिनामा सांस्कृतिक सम्पत्तिमाथिको आक्रमण समेत निरन्तर बढिरहेको छ।



● कोस्टान्जा मुसु
कोस्टान्जा क्यानडाको ओटावा युनिभर्सिटीकी सहप्राध्यापक हुन्।

युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेका स्थलसहित धेरै ऐतिहासिक रूपमा महत्त्वपूर्ण स्थलहरू प्रभावित भएका छन्। तेहरानमा भएका विस्फोटले 'गोलस्तान दरबार'लाई क्षति पुऱ्यायो भने इस्फहानमा भएका आक्रमणले 'नक्स-ए जहान चोक'वरपरका संरचनालाई क्षति पुऱ्याएको छ। 'नक्स-ए जहान चोक'मा अली कापु दरबार, चेहेल सोटुन र मस्जिद-ए जामेह समावेश छन्। त्यस्ता स्थलको विनाशले युद्धमा अपनाउनुपर्ने सतर्कता बारम्बार बेवास्ता गरिएको कुरालाई प्रकाश पार्छ, जब युद्ध सञ्चालनलाई नियन्त्रण गर्ने नियम विस्तार गरिन्छ वा बेवास्ता गरिन्छ, नागरिक जीवनजस्ता सांस्कृतिक सम्पदामा स्वाभाविक क्षति हुन्छ।

युद्धका नाममा मनपरी गर्न छैन छुट

युद्ध भनेको स्वतन्त्र र मनपरी हुनु होइन। युद्धका पनि आफ्नै नियम हुन्छन्, गैरसैनिक क्षेत्रमा र ऐतिहासिक सांस्कृतिक सम्पदामाथि हमला गर्न रोक। यो अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा पालना हुन्छ, जसले शत्रुता सुरु भएपछि सैन्य बल कसरी प्रयोग गर्न सकिन्छ भन्ने सीमा तोक्छ। यी नियम नागरिक र नागरिक वस्तुको सुरक्षा गरेर सशस्त्र द्वन्द्वको मानवीय र भौतिक विनाशलाई कम गर्ने उद्देश्यले बनाइएका हुन्। राज्यले यी कानुनी दायित्वलाई विद्यमान नियममार्फत लागू गर्छन्, जसले अन्तर्राष्ट्रिय मानवीय कानुनको अनुपालनमा कसरी र कहिले बल प्रयोग गर्न सकिन्छ भनेर मार्गदर्शन गर्छ, जसलाई अमेरिकी युद्धमन्त्री पिट हेगसेथले 'सहभागिताका मूर्ख नियमहरू' भनेर निन्दा गरेका छन्।

अन्तर्राष्ट्रिय मानवीय कानुनले सांस्कृतिक सम्पदाको संरक्षण गर्छ। दोस्रो विश्वयुद्धमा भएको व्यापक विनाशपछि राज्यहरूले १९५४ को हेग महासन्धि अंगीकार गरे, स्मारक, संग्रहालय र पुरातात्त्विक स्थलहरूलाई विशेष रूपमा संरक्षित सांस्कृतिक सम्पत्तिको रूपमा मान्यता दिए र युद्धरत राष्ट्रलाई अत्यावश्यक सैन्य आवश्यकताबाहेक उनीहरूमाथि आक्रमण गर्नबाट टाढा रहन आग्रह गरे। सांस्कृतिक सम्पत्ति संरक्षणलाई बेवास्ता गर्नु संयुक्त राज्य अमेरिकासहित धेरै सैन्य बलहरूले स्वीकार गरेको पाठको विपरीत हो, सांस्कृतिक सम्पदाको संरक्षण गर्नु कानुनी दायित्व मात्र होइन, रणनीतिक रूपमा स्मार्ट हुनु पनि हो। विगत दुई दशकमा यो दृष्टिकोण बढ्दो रूपमा सैन्य सिद्धान्तमा एकीकृत भएको छ। स्मारक र ऐतिहासिक स्थलको संरक्षण गरेर, सैन्य बलहरूले समाजको पहिचानको सम्मान गर्ने, स्थानीय जनसंख्यासँग विश्वास निर्माण गर्ने र स्थानीय नागरिक समर्थनलाई बढावा दिएर व्यापक राजनीतिक उद्देश्यलाई अगाडि बढाउने संकेत गर्छ।

जनभावना परिवर्तन

वर्तमान द्वन्द्वमा अमेरिकी अधिकारीले सैन्य अभियान इरानका जनतालाई लक्षित नगरी १९७९ को क्रान्तिदेखि देशमा सत्ता चलाइरहेको शासनलाई लक्षित गरेको तर्क गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको भविष्य अब यसका नागरिकको हातमा रहेको सुझाव दिएका छन्, जसले शासन कमजोर हुँदा इरानीलाई फरक राजनीतिक भविष्य निर्माण गर्न अनुमति दिन सक्छ भन्ने संकेत गर्छ।

सुरुमा, इरानी डायस्पोरामा र इरानभित्रका केही आवाजले राजनीतिक परिवर्तनको ढोका खोल्न सक्ने आशामा हमलालाई स्वागत गरे। तैपनि, सहर पूर्वाधार र ऐतिहासिक सांस्कृतिक स्थलमा गरिएको विनाशको मात्राले जनभावना परिवर्तन गरिरहेको देखिन्छ। अर्थात्, सांस्कृतिक सम्पदामाथि भएका हमलाले इरानी नेतृत्वलाई विदेशी आक्रमणविरुद्ध राष्ट्रिय एकताको कथावरिपरि जनसंख्यालाई एकताबद्ध गर्न अनुमति दिएको छ।

> सांस्कृतिक स्मारक, ऐतिहासिक सहर र धार्मिक स्थल केवल वास्तुकलाका कलाकृति होइनन्, तिनीहरू सामूहिक पहिचान र ऐतिहासिक निरन्तरताको शक्तिशाली प्रतीक हुन्। जब तिनीहरू विदेशी सैन्य बलद्वारा क्षतिग्रस्त वा नष्ट हुन्छन्, आक्रमणलाई प्रायः सरकारविरुद्धको हमला मात्र होइन, राष्ट्रमाथि नै आक्रमणको रूपमा लिइन्छ।

साथै, द्वन्द्वले इरानभन्दा बाहिरका सांस्कृतिक सम्पदालाई खतरामा पारिरहेको छ। इरानी क्षेप्यास्त्रले जेरुसेलम र वरपरका क्षेत्रमा प्रहार गरेका छन्, जहाँ यसको पुरानो सहरमा विश्वका केही महत्त्वपूर्ण धार्मिक र ऐतिहासिक स्थल मात्र एक वर्गकिलोमिटरभित्र छन्। यी स्थल यहुदी धर्म, इसाई धर्म र इस्लामका लागि पवित्र छन्। यदि सैन्य अभियानको उल्लिखित उद्देश्य इरानी सरकारलाई कमजोर पार्नु र राजनीतिक परिवर्तनको सम्भावना खोल्नु हो भने सांस्कृतिक सम्पदाको विनाशले विपरीत प्रभाव पार्नेछ। सांस्कृतिक स्मारक, ऐतिहासिक सहर र धार्मिक स्थल केवल वास्तुकलाका कलाकृति होइनन्, तिनीहरू सामूहिक पहिचान र ऐतिहासिक निरन्तरताको शक्तिशाली प्रतीक हुन्। जब तिनीहरू विदेशी सैन्य बलद्वारा क्षतिग्रस्त वा नष्ट हुन्छन्, आक्रमणलाई प्रायः सरकारविरुद्धको हमला मात्र होइन, राष्ट्रमाथि नै आक्रमणको रूपमा लिइन्छ।


नागरिकलाई एकताबद्ध गर्दै

युद्धको समयमा सांस्कृतिक सम्पदाको क्षतिले राष्ट्रवादी भावनालाई कसरी उत्तेजित पार्न सक्छ र त्यसले अन्तत सरकारकै वैधतालाई कसरी बलियो बनाउन सक्छ भन्ने धेरै उदाहरण इतिहासमा धेरै भेटिन्छ। उदाहरणका लागि बोस्नियाली युद्धको समयमा मोस्टारको पुरानो पुलको विनाश (जुन राष्ट्रिय क्षति र पहिचानको शक्तिशाली प्रतीक बनेको थियो) देखि आइएसआइएसद्वारा पाल्माइराका प्राचीन मन्दिरको विनाशसम्म पाईन्छ। उक्त विनाशपछि सिरियाली सरकारले सांस्कृतिक अभिभावकत्व र राजनीतिक वैधताको दाबीलाई बलियो बनाउन आह्वान गरेको थियो।

इरानी नेतृत्वलाई कमजोर पार्नुको सट्टा, व्यापक विनाश, विशेषगरी जब यसले सांस्कृतिक सम्पदालाई असर गर्छ, यसले सार्वजनिक क्रोधलाई परिचालन गर्नुका साथै देशको रक्षाका लागि नागरिकलाई एकताबद्ध हुन मद्दत गर्न सक्छ। अन्तर्राष्ट्रिय कानुन र ऐतिहासिक अनुभव दुवैले एउटै दिशामा औंल्याउँछन्, सांस्कृतिक सम्पदाको संरक्षण केवल मानवीय दायित्व मात्र होइन, बरु प्रभावित मानिसको मनोवृत्तिमा निर्भर दीर्घकालीन परिणामसँगको द्वन्द्वमा रणनीतिक विचार हो।

- द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् १९७७ : स्पेनको टेनराइफ विमानस्थलको धावनमार्गमा बोइङ -७४७ मोडलका दुई विमान जुध्दा ५८३ को मृत्यु भयो। यो हवाई इतिहासको सबैभन्दा भयानक दुर्घटना हो।

● **सन् १७९४** : केहीअघि स्वतन्त्र भएको अमेरिकाले एक स्थायी नौसेना गठन गर्ने कानुन ल्यायो।

● **सन् १९१४** : डा. अल्बर्ट हस्टिनले ब्रसेल्समा पहिलो 'अप्रत्यक्ष रक्तदान' (दाताले दिएको रगत केही समय राखेर आवश्यक पर्दा दिन सकिने) सफल परीक्षण गरे। रगत जम्न नदिन 'सोडियम साइट्रेट'को प्रयोग गरिएको थियो।

● **सन् १९३३** : आविष्कारकद्वय रेगिनाल्ड गिब्सन र एरिक विलियम फसेटले 'पोलिथिन'को आविष्कार गरे।

● **सन् १९७६** : अमेरिकाको राजधानी वासिंटन डिसीको भूमिगत रेलमार्गको पहिलो खण्ड सञ्चालनमा आयो।

● **सन् १९९०** : अमेरिकाले क्युबामा क्यास्ट्रोविरोधी भावना फैलाउन 'टिभी माट्रिन'को प्रसारण सुरु गऱ्यो।

● **सन् १९९३** : जियाङ जेमिन जनवादी गणतन्त्र चीनका राष्ट्रपति चुनिए।

● **सन् २००६** : म्यानमारको सैन्य सरकारले औपचारिक रूपमा देशको राजधानी ऱ्याङगुनबाट नेपिड सरेको घोषणा गऱ्यो।

● **सन् २०२०** : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोभिडपछि थलिएको अर्थतन्त्रलाई उकास्न भन्दै २.२ ट्रिलियन डलरको आर्थिक राहत प्याकेजमा हस्ताक्षर गरे।

इरानलाई युद्धमा सघाएको आरोपको रुसद्वारा खण्डन

वासिंटन डिसी / रुसी अधिकारीको एक प्रतिनिधिमण्डल आफ्ना अमेरिकी समकक्षीसँग भेटघाटका लागि संयुक्त राज्य अमेरिका आइपुगेको छ। बिहीबारदेखि सुरु भएको यो भ्रमण रुसले युक्रेनमाथि आक्रमण गरेपछिको पहिलो हो। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भ्रमणबारे टिप्पणी गर्दै भने, 'यी कदमले अमेरिका-रुसबिचको द्विपक्षीय संलग्नताको पुनरुत्थानमा योगदान पुऱ्याउनेछ भन्ने हामी आशा गर्छौं।' भ्रमणका 'प्रमुख निर्देशन' रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफैंले तय गरेका पस्कोभले बताउँदै पछि अमेरिकामा हुने बैठकबारे पुटिनलाई फेरि 'पूर्ण रूपमा जानकारी दिइने' बताए। युक्रेनमा युद्ध अन्त्य गर्ने सम्बन्धमा अमेरिकाको मध्यस्थतामा भएका वार्ता अहिले रोकिएको समयमा भ्रमण भएकाले धेरैको यसमाथि नजर रहनेछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प गत वर्ष ह्वाइट हाउस फर्किएदेखि रुस र युक्रेनबिच विभिन्न चरणका वार्ता भए पनि गतिरोध तोड्न असफल भएको देखिन्छ। पश्चिमी गुप्तचर अधिकारीले इरानी सरकारको प्रमुख समर्थकका रूपमा रुसलाई उद्धृत गरिरहेको सन्दर्भमा बुधबार बेलायतबाट छापिने 'फाइनान्सियल टाइम्स' पत्रिकामा 'रुसले इरानमा ड्रोनको ढुवानी पूरा गर्न लागेको' समाचार छापियो। यसबारे सोधिएको प्रश्नको जवाफ दिँदै पेस्कोभले भने, 'मिडियाले धेरै झुट फैलाइरहेका छन्। त्यततर्फ ध्यान नदिनुहोस्।'

मदुरो दोस्रोपटक अमेरिकी अदालतमा उपस्थित

वासिंटन डिसी / जनवरी ३ मा संयुक्त राज्य अमेरिकाको सेनाले अपहरण गरेर अमेरिका ल्याइएका भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरो दोस्रोपटक अमेरिकी अदालतमा उपस्थित गराइए। जनवरीको आफ्नो पहिलो अदालती उपस्थितिमा मदुरोले आफू आमप्रतिवादी नभएर 'युद्धबन्दी' र 'अपहरणमा परेको' राष्ट्रपति भएको दाबी गरेका थिए। अमेरिकी अदालतमा विदेशी व्यक्तिविरुद्ध घरेलु कानुनअनुसार कारबाही गरेको इतिहास भए पनि बहालवाला र पूर्वराष्ट्रप्रमुखमाथि अभियोजन अत्यन्तै दुर्लभ देखिन्छ। सन् १९८९ मा पनामाका तत्कालीन नेता म्यानुअल एन्टोनियो नोरिगामाथिको अभियोजन हो भने पछिल्लो सन् २०२४ मा होन्डुरसका पूर्वराष्ट्रपति हुँआ ओर्लान्डो हर्नान्डेजमाथिको अभियोजन समावेश छ।

किम र बेलारुसी राष्ट्रपतिबिच भेटवार्ता

प्योङयाङ / उत्तर कोरियाली नेता किम जोङ उन र बेलारुसी राष्ट्रपति अलेक्ज्यान्डर लुकासेन्कोबिच प्योङयाङमा भेटवार्ता भएको छ। भेटवार्ता लुकासेन्कोको प्योङयाङको दुईदिने भ्रमणका क्रममा भएको हो। त्यही क्रममा बिहीबार दुई नेताले द्विपक्षीय सम्बन्धलाई थप सघन बनाउने 'मैत्री सन्धि'मा हस्ताक्षर गरे। दुवै नेता रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका नजिकका सहयोगी मानिन्छन्। बुधबार सुरु भएको भ्रमणका क्रममा उत्तर कोरियाले लुकासेन्कोको सम्मानमा भव्य कार्यक्रम राखेको थियो। सेतो घोडा सवार घोडचढी, झन्डा बोकेका बालबालिकासहितको क्रार्यक्रममा लुकासेन्कोलाई २१ तोपको सलामीसमेत दिइएको थियो। दुवै राष्ट्रले युक्रेनमा रुसी प्रयासलाई समर्थन गरिरहेका छन्।

ऊर्जा संकटले प्रेरित गर्नुपर्छ हरित क्रान्तिलाई

हरित लगानी 'विन विन' समाधान हो, जसले जलवायु परिवर्तनलाई कम गर्नुका साथै उत्पादकत्व वृद्धि, गुणस्तरीय रोजगारीको वृद्धि र उच्च जीवनस्तर सिर्जना गर्छ।



इरानविरुद्धको अमेरिका-इजरायल युद्धले अहिले सम्पूर्ण मध्यपूर्व अस्थिर बनेको छ। ठुलो मानवीय र वातावरणीय क्षति पुऱ्याउँदै भइरहेको युद्धले हालसम्मकै सबैभन्दा ठुलोमध्ये एक तेलको मूल्यमा उतारचढाव निम्त्याएको छ। यसको प्रभाव विश्वव्यापी सेयर बजारमा पनि महसुस गरिएको छ। महँगीले सरकारको ऋण लागत बढ्दै जाँदा, नीति-निर्माताले अब अहिलेको ऊर्जा संकटको प्रभाव अल्पकालीन नहुने बुझ्नुपर्छ। भूराजनीतिक उथलपुथलको यो युगमा अब कुनै पनि आर्थिक दिगोपनका लागि उसले ऊर्जाको प्रकार बदल्न मात्र ध्यान नदिई कसरी, कहाँ र कसले उत्पादन गर्छ भन्ने कुरा पनि बदल्न आवश्यक छ।

हरियो औद्योगिक रणनीति र रणनीतिक सार्वजनिक लगानीलाई समर्थन गर्ने बृहत् अर्थशास्त्रीय आर्थिक ढाँचा अवलम्बन गरेर सरकारहरूले एकसाथ जीवनस्तर र आर्थिक दिगोपन सुनिश्चित गर्न सक्छन्। ठुला आर्थिक लक्ष्य अगाडि बढाउने हो भने आमपरिवार र व्यवसायमाथि पर्ने बढ्दो लागतको प्रभाव कम गर्ने गरी तत्काल कदम चाल्नुपर्छ। र, यस क्रममा ल्याइने कुनै पनि नीतिले खनिज इन्धन क्षेत्रको नाफा बढाउन ध्यान दियो भने यसलाई असफलता मान्नुपर्छ। खासमा यो नयाँ दृष्टिकोणको समय हो।

भूराजनीतिक द्वन्द्वले ऊर्जा महँगिने र त्यसले मुद्रास्फीतिमा झट्का लाग्ने क्रम बढ्न थालेको छ। इरानले गत वर्ष जुन महिनामा भएको १२ दिने युद्धकै समयमा 'स्ट्रेट अफ हर्मुज' बन्द गर्ने धम्की दिएको थियो। उसले त्यो वाचा अहिले कार्यान्वयन गरेको छ। यसले गर्दा सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि पहिलोपटक तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ।

चार वर्षअघि रुसी युद्धपछि प्राकृतिक ग्यासमाथिको भारी निर्भरता र भण्डारण क्षमताको सीमितताका कारण पश्चिमी युरोपका अन्य देशभन्दा बढी बेलायत प्रभावित भएको थियो। ब्रिटिस ऊर्जामन्त्री एड मिलिब्यान्डले बिजुली ग्रिडलाई 'डिकार्बोनाइज' गर्ने उद्देश्यले ल्याएको 'क्लिन पावर' अभियानमा केही प्रगतिका बाबजुद बेलायतमा ग्यासको मूल्य र कुल बिजुलीको मूल्यबिचको सम्बन्ध तोडिएको छैन। यसैले इरानसँगको युद्ध सुरु भएदेखि नै बेलायतमा थोक ऊर्जाको मूल्य लगभग ५० प्रतिशतले बढिसकेको छ। यही उदाहरणलाई हेरेर पनि विकसित अर्थतन्त्रले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अनुसरण गरी जीवाश्म इन्धनमा आफ्नो निर्भरता बढाउनु गल्ती हुनेछ। खनिज इन्धनमाथिको उच्च दबाबले नै समय-समयमा ऊर्जा मूल्यमा अस्थिरता बढाउने गरेको छ। साथै यो इन्धन सैन्य दबाबको उपकरणका रूपमा प्रयोग हुने उच्च सम्भावना भएको वस्तु बनेको छ।

यदि हाम्रो बिजुली आपूर्ति सफा, घरेलु स्रोतबाट आयो भने मात्र बेलायत र अन्य सबै अर्थतन्त्र बढी सुरक्षित हुनेछन्। तर, यो लक्ष्य प्राप्त गर्न सरकारभित्रका आवास, यातायात, विज्ञान तथा प्रविधि र वित्त समेट्ने मन्त्रालयले मिलेर काम गर्नुपर्छ। सरकारले मिसनका रूपमा यी सबै सान्दर्भिक मन्त्रालयका लागि महत्त्वाकांक्षी लक्ष्य तोक्नुपर्छ, जसले मात्र आवश्यक अन्तर-क्षेत्रगत लगानी परिचालन गराउन सक्छ। अहिलेको उर्जा संकटले सबैजसो देशमा जीवनयापनको लागत बढ्दै गएको छ।

यसबाहेक, सन् २०२२-२३ मा कर्पोरेट नाफा मुद्रास्फीतिको एक प्रमुख स्रोत रहेको प्रशस्त प्रमाण भेटिएका छन्। जुन ऊर्जा संकटका बेला ऊर्जा कम्पनीले अतिरिक्त नाफा कमाउन सक्षम बनेकाले भएको हो, तिनको उत्पादकत्व बढेका कारणले होइन। सरकारको उचित भूमिका यहींनेर आउँछ। अर्थात्, उसले अहिलेको संकटले सानो हिस्सालाई ठुलो फाइदा गरेर समाजको ठुलो हिस्सालाई घाटा हुने अवस्था आउन नदिने सुनिश्चित गर्नुपर्छ। सही प्रतिक्रियामार्फत सरकारले वास्तविक आर्थिक गतिविधि र व्यापक आर्थिक रूपान्तरण प्रेरित गर्न सक्छ।

उदाहरणका लागि, बेलायती प्रधानमन्त्री केयर स्टारमर र वित्तमन्त्री रचेल रिभ्सले मूल्यवृद्धिविरुद्ध 'शून्य सहनशीलता'को नीति घोषणा गरेका छन्। यस नीतिले इन्धनका खुद्रा विक्रेतालाई क्रुद्ध बनाएको छ। तथापि, यस्ता नीतिभित्रका मूल पक्ष महत्त्वपूर्ण हुन्छन्। जस्तो, बेलायतको सन् २०२२-२३ 'इनर्जी प्राइस ग्यारेन्टी' योजनाले आपूर्तिकर्तालाई अनुदान दिएर घरपरिवारले तिर्ने भुक्तानीमा सीमा तोकेको थियो। फेरि तिनै आपूर्तिकर्तामाथि अतिरिक्त मुनाफा कर लगाएको थियो।

उता, स्पेन र पोर्चुगलले बिजुली उत्पादन गर्न प्रयोग हुने ग्यासको मूल्यमा सीमा तोकेर स्रोतमै अतिरिक्त नाफामा सीमा लगाउने उपाय अवलम्बन गरेका थिए। यो दोस्रो उपायमा नवीकरणीय ऊर्जाको महत्त्वाकांक्षी विस्तार जोड्ने हो भने बढी प्रभावकारी परिणाम आउनेछ। सन् २०२२ को दोस्रो भागमा स्पेनमा बिजुलीको मूल्य युरोपेली औसतभन्दा ५७ प्रतिशत कम थियो। महँगो ग्यासले अहिले स्पेनिस बिजुली मूल्यको १५ प्रतिशत मात्र हिस्सा निर्धारण गर्छ, जबकि इटालीमा यसको हिस्सा ८९ प्रतिशत देखिन्छ। यदि दिगो विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य राख्ने हो भने पहिले एकाधिकार नाफालाई अनुमति दिने र पछि कर लगाउनुभन्दा सुरुदेखि नै निष्पक्ष आर्थिक सम्बन्ध स्थापना गर्नु राम्रो हुन्छ।

● मारियाना माजुकाटो
मारियाना 'युनिभर्सिटी कलेज लन्डन'की प्राध्यापक हुन्।

तेलको हिस्सा बढी भएकाले उत्पादन, यातायात र कृषिमा र तिनका अन्य शाखा क्षेत्रमा यसको झट्का थप बढी हुने भएकाले ऊर्जा संकटको प्रभाव अर्थतन्त्रमा बृहत्तर हुन्छ। यसबाहेक, मुद्रास्फीतिसँग लड्ने हालको प्रमुख उपकरण मानिने ब्याजदर वृद्धिले स्थिति थप खराब बनाउनेछ। ब्याजदर बढाइए मुद्रास्फीतिको आपूर्ति-पक्षको मूल कारण सम्बोधन हुँदैन। अर्को नवीकरणीय ऊर्जाका लागि वित्तपोषणलगायत लगानी महँगो बन्नेछ। अझ खराब लगानीकर्ताले यही प्रवृत्ति पछ्याउँदै शिक्षा, स्वास्थ्य र पूर्वाधारमा सार्वजनिक लगानी थप घटाउन सक्छन्। यो नकारात्मक प्रवृत्तिबाट जोगिन सरकारहरूले केन्द्रीय बैंकहरूमा अत्यधिक भर पर्न छाड्नुपर्छ र मुद्रास्फीतिलाई यसको मूलमै सम्बोधन गर्न सुरु गर्नुपर्छ।

सौभाग्यवश, हरित लगानी सबैको जित हुने समाधान हो। यसले जलवायु परिवर्तनलाई कम गर्नुका साथै उत्पादकत्व वृद्धि, गुणस्तरीय रोजगारीको वृद्धि र उच्च जीवनस्तर सिर्जना गर्छ। यी कुरालाई ध्यानमा राख्दा लगानी गरिएको परियोजना आफैंले भुक्तानी गर्ने आय दिन्छ। गत हप्ता मात्र बेलायतको स्वतन्त्र जलवायु निकायले पुष्टि गऱ्यो कि 'नेट-शून्य' कार्बन उत्सर्जनको लक्ष्यतर्फ गरिएको प्रत्येक पाउन्डको लगानीले लगभग २-४ पाउन्ड मूल्य सिर्जना गर्छ। सँगसँगै सफा हावा, न्याना घरहरू र स्वस्थ आहारजस्ता अन्य फाइदा त हुने नै भए।

अहिलेको ऊर्जा संकट राज्यका लागि उचित मूल्यमा आधारभूत आवश्यकता प्रदान गर्ने क्षमता, उपकरण र संस्था विकास गर्ने वेला हो। साथै अपमानजनक कर्पोरेट नाफामा रोक लगाउन र औद्योगिक रूपान्तरणलाई प्रवर्द्धन पनि यस्तै समयमा गर्न सकिन्छ। अर्थशास्त्री जोन मेनार्ड केन्सले लगभग एक शताब्दीअघि जोड दिएझैं, निजी क्षेत्र र उपभोक्ताको विश्वास घटेको समयमा राज्यले दिशा र लगानी प्रदान गर्नुपर्छ। सरकारहरूले अहिले देखिएको उर्जा संकटमा निरीह नभई मानव पीडा कम गर्न र दीर्घकालीन आर्थिक दिगोपनमा लगानी गर्न निर्णायक कदम चाल्नुपर्छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १३ चैत ०८२

संक्षेप

१४ अंकले बढ्यो नेप्से



काठमाडौं / साताको अन्तिम कारोबार दिन बिहीबार नेप्से दोहोरो अंकले उकालो लागेको छ। उक्त दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १४.२१ अंकले बढेर २ ९५०.१६ विन्दुमा बन्द भएको हो।

सूचक बढे पनि कारोबार रकममा गिरावट आएको छ। बिहीबार तीन सय ४३ वटा कम्पनीका करिब तीन करोड चार लाख कित्ता सेयर तीन अर्ब ३८ करोड रुपैयाँबराबरमा किनबेच भए। बुधबार भने कुल १५ अर्ब नौ करोड रुपैयाँको कारोबार भएको थियो।

कारोबारमा आएका कुल कम्पनीमध्ये एक सय ७८ वटाको सेयर मूल्य बढ्दा ८० वटाको घट्यो भने आठवटाको मूल्य स्थिर रह्यो।

१३ वटा उपसमूहमध्ये अधिकांश समूहको परिसूचक बढेको छ। सर्वाधिक बढ्नेमा म्यानुफ्याक्चरिङ समूह छ। यो समूहको सूचक १५६.५३ अंकले बढेको छ। डेभलपमेन्ट बैंक, लाइफ इन्स्योरेन्स र ट्रेडिङ समूहको घटेको छ।

सो दिन पाँच कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्यो। रिलायन्स स्पिनिङ मिल्स, सुपर खुदी हाइड्रोपावर, होटेल फोरेस्ट, सोलु हाइड्रोपावर र भुजुङ हाइड्रोपावरका लगानीकर्ताले उच्च लाभ कमाए। त्यस्तै, पञ्चकन्या माई हाइड्रो, सिन्धु विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंकका लगानीकर्ताले सर्वाधिक गुमाए।

सुनचाँदीको मूल्य घट्यो



काठमाडौं / नेपाली बजारमा बिहीबार सुनचाँदीको मूल्य घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुन तोलामा दुई हजार नौ सय रुपैयाँले घटेर दुई लाख ८५ हजार ६ सय रुपैयाँमा कारोबार भयो। बुधबार सुन तोलामा दुई लाख ८८ हजार पाँच सय रुपैयाँमा कारोबार भएको थियो। त्यस्तै, मंगलबार दुई लाख ७३ हजार नौ सय, सोमबार दुई लाख ७५ हजार पाँच सय र आइतबार दुई लाख ८२ हजारमा कारोबार भएको थियो। एक सातामा सुनको भाउ १६ हजार सात सय रुपैयाँ घटेको छ।

यस्तै, चाँदीको मूल्य पनि घटेको छ। चाँदी एक सय रुपैयाँले घटेर तोलामा चार हजार आठ सय २० रुपैयाँमा कारोबार भएको थियो। बुधबार चार हजार नौ सय २० रुपैयाँमा कारोबार भएको थियो।

कर्मचारी सञ्चय कोष र पञ्जीकरण विभागबिच सम्झौता

काठमाडौं / कर्मचारी सञ्चय कोषले राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको विद्युतीय सेवा (इ-सर्भिस) प्रयोग गर्ने भएको छ। कर्मचारी सञ्चय कोषको सेवा प्रवाहलाई थप सहज, प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले कोष र विभागबिच बिहिबार सम्झौता भएको हो। विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबिच राष्ट्रिय परिचय व्यवस्थापन प्रणालीको विद्युतीय सेवा प्रयोग गर्नेसम्बन्धी सम्झौतामा विभागका महानिर्देशक नमराज घिमिरे र कोषका प्रशासक जितेन्द्र धितालले हस्ताक्षर गरेका छन्।

सम्झौताबाट कोषमा आबद्ध हुने र आबद्ध भइसकेका सञ्चयकर्तालाई नयाँ परिचयपत्र जारी गर्दा पहिचानको प्रमाणीकरण राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमार्फत हुने सुनिश्चित भएको छ। यसबाट प्रमाणीकरण पहिचानका लागि सञ्चयकर्ताहरू कोषमा भौतिक रूपमा उपस्थित हुनुपर्ने झन्झटसमेत अन्त्य भएको छ।

नेपालमा कार्यालय स्थापना गर्न ४५ पुनर्बिमा ब्रोकरको अझै आनाकानी

शाखा स्थापना गर्न प्राधिकरणले दोस्रोपटक दियो असारसम्मको अल्टिमेटम

मिलन विश्वकर्मा / नयाँ पत्रिका

नेपालमा कारोबार गर्दै आएका विदेशी पुनर्बिमा दलाल कम्पनी (रि-इन्स्योरेन्स ब्रोकर)ले आफ्नो शाखा कार्यालय स्थापना गर्न आनाकानी गरेका छन्। अहिले नेपालमा ५४ वटा रि-इन्स्योरेन्स ब्रोकर कम्पनीले कारोबार गर्दै आएको भए पनि पाँचवटाले मात्रै शाखा कार्यालय सञ्चालनमा ल्याएका छन्। अन्य चारवटाले भने कार्यालय स्थापना गर्न आशयपत्र लिएको प्राधिकरणले जनाएको छ। यीबाहेक ४५ रि-इन्स्योरेन्स ब्रोकरले नेपालमा शाखा खोल्न पहल गरेका छैनन्।

प्राधिकरणले पछिल्लोपटक पुनर्बिमा ब्रोकरलाई कार्यालय स्थापना गर्न पुस मसान्तसम्मको म्याद दिएको थियो। गत साउनमा पुनर्बिमा निर्देशिका, २०८० संशोधन गर्दै सो म्याद दिएको थियो। सो समयमा चारवटाले मात्रै शाखा कार्यालय खोल्ने आशयपत्र लिएका छन्। प्राधिकरणले जेन-जी आन्दोलनलगायतका कारण ब्रोकरले शाखा कार्यालय खोल्न नसकेको भन्दै असारसम्मको म्याद थप गरेको छ। प्राधिकरणले बिहीबार निर्देशिकाको दोस्रो संशोधन गर्दै ब्रोकरलाई असारसम्म कार्यालय खोल्न निर्देशन दिएको हो।

'प्राधिकरणबाट सूचीकरण नम्बर प्राप्त गर्ने पुनर्बिमा दलालले ०८३ साल असार मसान्तभित्र शाखा तथा सम्पर्क कार्यालय वा संयुक्त लगानीमा कार्यालय स्थापना गरिसक्नुपर्नेछ,' निर्देशिकामा भनिएको छ। प्राधिकरणकी प्रवक्ता पूजन ढुंगेल अधिकारीले पुनर्बिमा ब्रोकरलाई कार्यालय स्थापना गर्न असारसम्मको म्याद थप गरेको बताइन्। 'यसअघिको म्याद पुससम्म थियो। तर, विभिन्न कारणले गर्दा त्यस अवधिमा ब्रोकरहरूले कार्यालय स्थापना गरेको देखिएन,' उनले भनिन्, 'त्यसपछि असारसम्मको म्याद दिएका हौं।'

नेपाल बिमा प्राधिकरणमा सूचीकरण भएको ६ महिनाभित्रै नेपालमा कार्यालय स्थापना गर्नुपर्ने नियम छ। तर, बिमा प्राधिकरणमा सूचीकृत ५४ विदेशी रि-इन्स्योरेन्स ब्रोकर कम्पनीमध्ये पाँचवटाले मात्रै नेपालमा शाखा कार्यालय सञ्चालन गरेका छन्।

प्राधिकरणमा सूचीकृतमध्ये भारतको जेबी बोडा इन्स्योरेन्स एन्ड रि-इन्स्योरेन्स ब्रोकर्स प्रालिले नक्सालमा, श्रीधर इन्स्योरेन्स ब्रोकर प्रालिले टेकुमा र फर्स्ट पोलिसी इन्स्योरेन्स ब्रोकर्स प्रालिले बालुवाटारमा शाखा कार्यालय स्थापना गरेका छन्। मलेसियाको सिनर्जी रि-इन्स्योरेन्स लवुअन लिमिटेडले हात्तीसारमा र सिंगापुरको युआइबी एसिया रि-इन्स्योरेन्स ब्रोकर्स प्रालिले बखुन्डोलमा कार्यालय स्थापना गरेका छन्।



यस्तै, एक्सपेरिट्स इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत), पायोनियर इन्स्योरेन्स तथा पुनर्बिमा ब्रोकर्स प्रालि (भारत), रिस्क केयर इन्स्योरेन्स ब्रोकिङ सर्भिसेस प्रालि (भारत) र बिकन इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)ले कार्यालय स्थापना गर्ने आशयपत्र लिएका छन्।

नेपाली कम्पनीले विदेशी कम्पनीमा पुनर्बिमा गर्न र दाबी भुक्तानी लिन अप्ठ्यारो भएपछि ब्रोकरलाई यहाँ शाखा कार्यालय खोल्न अनिवार्य गरिएको हो। 'पुनर्बिमा सेवा लिन नेपालका कम्पनीले धेरै दुःख पाए। विशेषगरी पुनर्बिमा दाबी गर्ने वेलामा ब्रोकरहरू समयमा सम्पर्कमा आएनन्। कार्यालय भएको भए पनि सोझै जान सकिने थियो। तर, त्यो अवस्था भएन,' प्राधिकरणका एक अधिकारीले भने, 'त्यसैले पुनर्बिमा ब्रोकरलाई यहाँ शाखा कार्यालय खोल्न अनिवार्य गरिएको हो।'

शाखा कार्यालय स्थापना गर्न आशयपत्र लिएका चार ब्रोकर

१. एक्सपेरिट्स इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
२. पायोनियर इन्स्योरेन्स तथा पुनर्बिमा ब्रोकर्स प्रालि (भारत)
३. रिस्क केयर इन्स्योरेन्स ब्रोकिङ सर्भिसेस प्रालि (भारत)
४. बिकन इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)

नेपालमा कार्यालय खोल्ने विदेशी रि-इन्स्योरेन्स ब्रोकर

१. जेबी बोडा इन्स्योरेन्स एन्ड रि-इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
२. श्रीधर इन्स्योरेन्स ब्रोकर प्रालि (भारत)
३. फर्स्ट पोलिसी इस्योरेन्स ब्रोकर्स प्रालि (भारत)
४. सिनर्जी रि-इन्स्योरेन्स लवुअन लिमिटेड (मलेसिया)
५. युआइबी एसिया रि-इन्स्योरेन्स ब्रोकर्स प्रालि (सिंगापुर)

व्यवसाय नहुँदा पनि कार्यालय खोल्न चाहँदैनन् ब्रोकर

नेपालमा सोचेजस्तो व्यवसाय पाउन नसकेपछि पुनर्बिमा ब्रोकरहरू शाखा कार्यालय खोल्न आनाकानी गरेको प्राधिकरणका एक अधिकारीले बताए। 'यसबिचमा जेन-जी आन्दोलनलगायतका कारण पनि यो काम भएनजस्तो लाग्छ। तर, अर्को कुरा के छ भने, नेपालमा यस्तो व्यवसाय घट्दै गएको छ। त्यसमाथि कम्पनी रजिस्टार कार्यालयमा दर्ता हुनुपर्छ। ५० हजार डलर रकम एयरमार्क गरेर राख्नुपर्छ,' स्रोतले भन्यो, 'व्यवसाय नभएको अवस्थामा ब्रोकरहरू योबराबरको लगानी गर्न आनाकानी गरिरहेको अवस्था पनि हो।'

यसैगरी कार्यालय सञ्चालन गर्दा पनि उनीहरूको थप खर्च हुन्छ।

बिमा कम्पनीहरूले लिएको जोखिम (व्यवसाय) सबै आफैं धारण गर्न सक्दैनन्। त्यो अवस्थामा उनीहरूले आफूले धारण गर्न सक्ने जोखिम राखेर बाँकीको पुनर्बिमा (बिमाको पनि बिमा) गर्छन्। नेपालबाट पुनर्बिमाका लागि वार्षिक करिब १४ अर्ब रुपैयाँ बाहिरिने गरेको बिमा कम्पनीहरूको अनुमान छ। नेपाली बिमा कम्पनीले ब्रोकर वा सिधै पुनर्बिमा कम्पनीमा गएर पुनर्बिमा गर्न सक्छन्। त्यसरी नेपाली बिमा कम्पनीसँग कारोबार गर्ने रि-इन्स्योरेन्स ब्रोकर तथा पुनर्बिमा कम्पनी प्राधिकरणमा सूचीकरण हुनुका साथै नेपालमा शाखा पनि खोल्नुपर्ने व्यवस्था छ।

बिमा कम्पनीहरूले ब्रोकरमार्फत पुनर्बिमा गरेका हुन्छन्। तर, ब्रोकरको कार्यालय नहुँदा उनीहरूलाई दाबी प्रक्रिया अघि बढाउन समस्या भइरहेको छ। त्यसमाथि दाबी प्रक्रियाको ताकेता गर्न पनि समस्या भइरहेको छ। साथै, पछिल्लो समय पुनर्बिमा कम्पनीबाट आउने दाबी भुक्तानीमा पनि ढिलाइ हुने गरेको छ। त्यस्ता समस्यालाई समाधान गर्ने उद्देश्यले रि-इन्स्योरेन्स ब्रोकरलाई नेपालमा शाखा कार्यालय खोल्न कडाइ गर्न लागिएको प्राधिकरणका अधिकारी बताउँछन्।

नेपालमा कार्यालय नभएका विदेशी रि-इन्स्योरेन्स ब्रोकर

१. महिन्द्रा इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (भारत)
२. अलर्ट इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
३. विलिस इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन)
४. इन्टरलिंक इन्स्योरेन्स तथा पुनर्बिमा ब्रोकिङ प्रालि (भारत)
५. केएम दस्तुर एन्ड कम्पनी प्रालि (मलेसिया)
६. मनोज पुनर्बिमा ब्रोकर्स लिमिटेड (संयुक्त अरब इमिरेट्स)
७. लकटन कम्पनिज इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (चीन)
८. केएम दस्तुर पुनर्बिमा ब्रोकर्स प्रालि (भारत)
९. प्रोटेक्सन इन्स्योरेन्स सर्भिसेस डब्ल्युएलएल (बहराइन)
१०. सलासर सर्भिसेस इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
११. प्रुडेन्ट इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
१२. युनिलाइट पुनर्बिमा ब्रोकर्स प्रालि (भारत)
१३. विलिस टावर्स वाटसन इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
१४. इन्फिना पुनर्बिमा ब्रोकिङ प्रालि (भारत)
१५. फल्क्रम ग्लोबल पुनर्बिमा ब्रोकर्स प्रालि (माउरिसस)
१६. एसिई इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
१७. जेबी बोडा एन्ड कम्पनी (एस) प्रालि (सिंगापुर)
१८. जेबी बोडा एन्ड कम्पनी (युके) लिमिटेड (लन्डन)
१९. हेरिटेज इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
२०. सिम्बो ब्रोकर्स प्रालि (सिंगापुर)
२१. भारत पुनर्बिमा ब्रोकर्स प्रालि (भारत)
२२. फोडहुई इन्टरनेसनल इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन)
२३. युनिसन अनप्यारालल इन्स्योरेन्स सोलुसन्स (भारत)
२४. एलायन्स ब्रोकर्स प्रालि (भारत)
२५. जियाङ टाई इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन)
२६. जेके इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (भारत)
२७. इन्डिया इन्स्योर रिस्क म्यानेजमेन्ट एन्ड इन्स्योरेन्स ब्रोकिङ सर्भिसेस
२८. चेडिड युरोप इन्स्योरेन्स एन्ड पुनर्बिमा ब्रोकरेज लिमिटेड (साइप्रस)
२९. हाउडेन इन्स्योरेन्स ब्रोकर्स इन्डिया प्रालि (भारत)
३०. ल्होजोङ इन्स्योरेन्स ब्रोकर्स प्रालि (भुटान)
३१. कन्टिनेन्टल इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (चीन)
३२. एस्पायर इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत)
३३. विलिस लिमिटेड (लन्डन)
३४. जेनिसिस रिस्क म्यानेजर्स (माउरिसस)
३५. सिनो इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (हङकङ)
३६. के इन्टरनेसनल एएमइए लिमिटेड (संयुक्त अरब इमिरेट्स)
३७. विलिस टावर्स वाटसन ब्रोकर्स प्रालि (सिंगापुर)
३८. चार्टर गिलम्यान इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (हङकङ)
३९. टङचाङ इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन)
४०. टाइजरस् इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (लन्डन)
४१. एयर युनियन इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन)
४२. एमएनके री लिमिटेड (डिआइएफसी) (संयुक्त अरब इमिरेट्स)
४३. प्रोटेक्सन री (बहराइन)
४४. अकुर्रा इन्टरनेसनल लिमिटेड (मलेसिया)
४५. रिस्क एक्सचेन्ज (डिआइएफसी) लिमिटेड (संयुक्त अरब इमिरेट्स)

■ पाँचदिने 'रौतामाई-त्रियुगा महोत्सव' हुँदै



उदयपुरको धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यले भरिपूर्ण रौतापोखरी क्षेत्रमा पहिलोपटक पर्यटन महोत्सव आयोजना हुने भएको छ। पर्यटन क्षेत्रको उजागर गर्ने उद्देश्यले प्रथम रौतामाई-त्रियुगा पर्यटन महोत्सव, २०८२ आगामी २९ चैतदेखि आयोजना हुने भएको हो। रौतापोखरी रौतामाई गाउँपालिका- ६ मा अवस्थित एक सुन्दर प्राकृतिक पोखरी हो। जुन समुद्री सतहबाट करिब ५,९०० फिट (१,७७० मिटर) उचाइमा छ। करिब एक बिघा क्षेत्रफलमा फैलिएको यो पोखरी जिल्ला सदरमुकाम गाईघाटबाट करिब २० किलोमिटर उत्तरमा पर्छ। तस्बिर : **विदुर कटुवाल** / नयाँ पत्रिका

■ मध्यपूर्व तनावको प्रभावबारे एडिबीको अध्ययन रिपोर्ट

एसियाको आर्थिक वृद्धिदर १.३% विन्दुले घट्ने, मूल्यवृद्धि ३.२ प्रतिशत विन्दुले बढ्न सक्ने

नयाँ पत्रिका

मध्यपूर्वमा देखिएको तनावका कारण एसियाको अर्थतन्त्र नै प्रभावित हुने एसियाली विकास बैंक (एडिबी)को अध्ययनले देखाएको छ। मध्यपूर्व तनावको प्रभावले एसियाको आर्थिक वृद्धिदर घट्न सक्ने तथा मूल्यवृद्धि बढ्ने सो अध्ययनले देखाएको हो।

एडिबीले हालै सार्वजनिक गरेको प्रतिवेदनले मध्यपूर्वमा देखिएको तनावका कारण चालू आर्थिक वर्ष २०२६/२७ मा एसिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर १.३ प्रतिशत विन्दुले घट्न सक्ने देखाएको हो। त्यस्तै, मूल्यवृद्धि दर ३.२ प्रतिशत विन्दुले बढ्न सक्नेसमेत देखिएको हो। खासगरी मध्यपूर्व तनावका कारण सिर्जित ऊर्जाको उच्च मूल्यवृद्धि, आपूर्ति शृंखला र व्यापारमा देखिएको अवरोध एवं कसिलो वित्तीय अवस्थाका कारण एसियाको अर्थतन्त्र प्रभावित हुने एडिबीले जनाएको छ। त्यस्तै, पर्यटन र रेमिट्यान्ससमेत प्रभावित हुने अध्ययनले देखाएको छ।

यो क्षेत्रको विकासशील अर्थतन्त्र खासगरी अवरोधको अवधि कति रहने भन्नेमा भर पर्नेछ। यदि तनाव छिट्टै सकिएमा ऊर्जाको मूल्यवृद्धिमा देखिएको दबाब चाँडै समाधान हुनेछ। यदि तनाव लम्बिएमा वृद्धिदर र मूल्यवृद्धिमा ठुलो असर पर्नेछ। यदि मध्यपूर्वको तनाव तथा अवरोध जुन २०२६ सम्म मात्रै चलेमा आर्थिक वृद्धिदर ०.३ प्रतिशत विन्दुले घट्ने तथा मूल्यवृद्धि दर ०.६ प्रतिशत विन्दुले बढ्नेछ। यदि युद्ध सेप्टेम्बर २०२६ सम्म लम्बिएमा आर्थिक वृद्धिदर ०.७ प्रतिशत विन्दुले घट्ने र मूल्यवृद्धि १.२ प्रतिशत विन्दुले बढ्ने देखिएको छ। तर, अमेरिका, इजरायल-इरान युद्ध २०२७ को फेब्रुअरीसम्मै पुगेमा एसियाको आर्थिक वृद्धिदर १.३ प्रतिशतले विन्दुले घट्ने तथा मूल्यवृद्धि दर ३.२ प्रतिशतले घट्ने एडिबीको अध्ययनले देखाएको हो। 'लामो समयसम्मको ऊर्जा अवरोधले विकासशील एसिया प्रशान्तको अर्थतन्त्रलाई न्यून वृद्धिदर र उच्च मूल्यवृद्धि दरको अप्ठ्यारो यात्रामा लैजानेछ,' एडिबीका चिफ इकोनोमिस्ट अलबर्ट पार्कले भने, 'सरकारले सबैभन्दा कमजोरलाई संरक्षण गर्दै दीर्घकालीन र सहनशील अर्थतन्त्र निर्माणमा ध्यान दिनुपर्छ।' सरकारले ऊर्जामा सहुलियत दिने, कमजोर क्षेत्रलाई प्रोत्साहन तथा सहजीकरण गर्नेलगायत नीति लिनुपर्नेसमेत एडिबीले औंल्याएको छ।

मार्जिन सेवा दिने ब्रोकरले नेप्सेबाट लाइसेन्स लिनुपर्ने

ब्रोकरले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेप्सेमा अनुमतिपत्र नवीकरण गराउनुपर्ने

पवन तिमिल्सिना / नयाँ पत्रिका

मार्जिन कारोबार गर्न चाहने सेयर ब्रोकरले नेपाल स्टक एक्सचेन्ज (नेप्से)बाट अनुमति लिनुपर्ने भएको छ। सेयर लगानीकर्तालाई ऋण प्रवाह गर्न १ फागुनदेखि लागू हुने गरी नेपाल धितोपत्र बोर्डले मार्जिन कारोबारसम्बन्धी निर्देशिका, २०८२ जारी गरेको थियो। सोही निर्देशिकाको दफा १४ बमोजिम नेप्सेले कार्यप्रक्रिया बनाई लागू गरेको हो।

मार्जिन कारोबार सुविधा प्रदान गर्न चाहने ब्रोकरको चुक्ता पुँजी न्यूनतम २० करोड रुपैयाँ हुनुपर्ने व्यवस्था छ। त्यस्तै, राफसाफ सदस्यता प्राप्त गरेको, निक्षेप सदस्य वा निक्षेप सदस्य सूचीकृत संगठित संस्थाको सेयरधनी रहेको वा सहायक सूचीकृत संगठित संस्थाका रूपमा रहेको ब्रोकरको मुख्य सूचीकृत संगठित संस्थाले निक्षेप सदस्यता प्राप्त गरेको र ब्रोकरले बोर्डको अनुमतिपत्र र नेप्सेको सदस्यता लिएको हुनुपर्ने व्यवस्था छ।

मार्जिन सेवा दिने ब्रोकरले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेप्सेमा अनुमतिपत्र नवीकरण गराउनुपर्ने उल्लेख छ। नवीकरण नगरेमा अनुमतिपत्र स्वतः खारेज हुने व्यवस्था छ। अनुमतिपत्र खारेज भएको ब्रोकरलाई एक वर्ष व्यतीत नभएसम्म नयाँ अनुमतिपत्र प्रदान गर्ने व्यवस्था नभएको निर्देशिकामा उल्लेख छ। ब्रोकरले लगानीकर्ताको अहित हुने कार्य गरेको नेप्सेको छानबिन तथा सुपरिवेक्षणबाट ठहर भएमा मार्जिन कारोबार सुविधा उपलब्ध गराउने अनुमतिपत्र स्थगन वा खारेजीसमेत हुनेछ। जुन कारणले अनुमतिपत्र स्थगन गरिएको हो, सो कारण विद्यमान नरहेमा नेप्सेले स्थगन फुकुवा गर्न सक्नेछ। अनुमतिपत्र खारेज भए पनि ब्रोकरले मार्जिन कारोबार सुविधा प्रदान गर्न ग्राहकसँग गरेको सम्झौताबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउनेछैन।

नेप्सेमा सूचीकृत कम्पनीको सेयर खरिदमा मात्रै ब्रोकरले ग्राहकलाई मार्जिन कारोबार सुविधा दिनुपर्ने उल्लेख छ। यस्तो कम्पनीमा लगानी गर्दा तत्काल कारोबार हुन सक्ने गरी कम्तीमा २५ लाख कित्ता सेयर सर्वसाधारणमा जारी भई नेप्सेमा सूचीकृत भएको, नेटवर्थ चुक्ता पुँजीबराबर वा सोभन्दा बढी भएको, पछिल्लो तीन वर्षमा कम्तीमा दुई वर्ष खुद नाफा भएको, प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) मार्फत निष्कासन भएको सेयर सूचीकरण भएको कम्तीमा दुई वर्ष पूरा भएको हुनुपर्ने उल्लेख छ।

लगानीकर्ताले मार्जिन कारोबार सुविधा उपयोग गर्नका लागि ब्रोकरसमक्ष मार्जिन कारोबार खाता खोल्न निवेदन दिनुपर्नेछ। ब्रोकरले लगानीकर्ताबाट निवेदन तथा बोर्डले तोकेअनुसारको ग्राहक परिचय विवरण (केवाइसी) प्राप्त गर्नुपर्नेछ। ब्रोकरले निवेदन तथा ग्राहक परिचय प्राप्त गरेपछि लगानीकर्तासँग सम्झौता गरी निजका नाममा मार्जिन कारोबारका लागि अलग्गै खाता खोली मार्जिन कारोबार सुविधा उपलब्ध गराउनुपर्नेछ। ब्रोकरको कारोबार प्रणालीमा रहेको लगानीकर्ताको कारोबार खाताबाट नै मार्जिन कारोबार सुविधा दिन सकिने अवस्था भएमा छुट्टै मार्जिन कारोबार खाताको आवश्यकता पर्नेछैन।

लगानीकर्ताले मार्जिन कारोबार सुविधाअन्तर्गत खरिद रकमको न्यूनतम ३० प्रतिशतले हुन आउने रकम ब्रोकरले लगानीकर्तासँग प्रारम्भिक मार्जिनका रूपमा लिनुपर्नेछ। मार्जिन कारोबार सुविधाअन्तर्गत खरिद गरिएको सेयर, मार्जिन रकम तथा सम्बन्धित ग्राहकको विवरण छुट्टाछुट्टै अभिलेख बनाई राख्नुपर्नेछ। मार्जिन कारोबार सुविधाअन्तर्गत खरिद भएको सेयरको मूल्यांकन दैनिक रूपमा मार्केड टु मार्केटका आधारमा गर्नुपर्ने उल्लेख छ। तर, उक्त सेयरको मूल्यमा भएको वृद्धिका आधारमा थप सुविधा दिन पाइने छैन। ग्राहकको जोखिम मूल्यांकन, बजारको अवस्था तथा सूचीकृत कम्पनीको सेयरमा निहित जोखिमलाई दृष्टिगत गरी ब्रोकरले ३० प्रतिशत मार्जिनभन्दा बढी मार्जिन माग गर्न सक्नेछ।

सेयरको बजार मूल्यमा हुने गिरावटका कारण मार्जिन कारोबार सुविधाअन्तर्गत खरिद गरेको सेयरमा आवश्यक पर्ने सम्भार मार्जिन कायम गर्ने दायित्व लगानीकर्ताको हुनेछ। लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेको अवस्थामा ब्रोकरले मार्जिन कल गर्नुपर्नेछ। मार्जिन कल गरेको अर्को कारोबार दिनको कारोबार सुरु हुनुअगाडि सम्बन्धित लगानीकर्ताले नगद वा मार्जिन कारोबारयोग्य सेयर जम्मा गरी कम्तीमा सम्भार मार्जिन कायम गर्नुपर्नेछ। मार्जिन कल गरेको दोस्रो कारोबार दिनसम्म पनि सम्बन्धित लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा ब्रोकरले सम्भार मार्जिन कायम गर्न आवश्यक पर्ने मार्जिन खाताअन्तर्गतका कुनै पनि सेयर बिक्री गर्न सक्नेछ। मार्जिन कल गरेपछि कुनै पनि समयमा मार्जिन खाताका लगानीकर्ताको मार्जिन १५ प्रतिशत वा सोभन्दा कम भएमा ब्रोकरले लगानीकर्ताको मार्जिन कारोबार खाताका सम्भार मार्जिन कायम गर्न आवश्यक पर्ने सेयर बिक्री गर्न सक्नेछ। यसरी धितोपत्र बिक्री गर्दा ब्रोकरलाई लगानीकर्ताको अनुमति आवश्यक पर्नेछैन। मार्जिन कर्जाको भाखा समाप्त भई नवीकरण नभएको वा नगद भुक्तानी गरी मर्जिन कर्जा चुक्ता नगरेको अवस्थामा बाहेक ब्रोकरले अन्य कुनै कारणले मार्जिन खाताका रहेका सेयर बिक्री गर्न सक्नेछैन। लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा ब्रोकरले लगानीकर्तासँग उक्त मार्जिन कायम गर्न आवश्यक रकमबराबरको धितोपत्र बजारमा सूचीकृत ए, बी र जी वर्गमा रहेका कम्पनीको सेयर धितोका रूपमा लिन सक्नेछ। सेयरको मूल्य गणना गर्दा बजार मूल्यको ६० प्रतिशतले हुन आउने मूल्यलाई मात्र गणना गर्नुपर्नेछ।

मार्जिन खाताअन्तर्गत रहेका सेयरमा सूचीकृत कम्पनीहरूले बोनस सेयर जारी गर्ने भएमा दाखिल खारेज बन्दपछि मार्जिन खाताको वास्तविक मार्जिन गणना गर्दा उक्त सेयरले प्राप्त गर्ने बोनस सेयरलाई बजार मूल्यका आधारमा गणना गर्नुपर्नेछ। बोनस सेयर स्वतः धितो बन्धकमा जानेछ। ब्रोकरले ब्याज तथा शुल्कसम्बन्धी व्यवस्थालाई आफ्नो कार्यप्रक्रियामा उल्लेख गर्नुपर्नेछ।



सल्यानमा अदुवा उत्पादनमा वृद्धि

यो वर्ष किसानले ४० देखि ५० रुपैयाँ किलोका दरले अदुवा बिक्री गरेका छन्, सल्यानको अदुवा दाङ, सुर्खेत, नेपालगन्ज र भारतसम्म पुग्छ

सल्यानमा **दीपक शर्मा**

विगतका वर्षहरूमा बिक्री नभएर निराश बनेका सल्यानका अदुवा किसानहरू पछिल्लो दुई वर्षयता अदुवाले राम्रो मूल्य पाउँदा हर्षित भएका छन् । नगदेबालीका रूपमा रहेको अदुवा उत्पादन गरेर वर्षौंदेखि जीविका चलाउँदै आएका कृषक दुई वर्षयता अदुवाले बजार र राम्रो मूल्य पाएपछि खुसी भएका छन् ।

गत वर्ष ३५ क्विन्टल बिक्री गरेका बागचौर नगरपालिका- ७ का दीपेश डिसीले यो वर्ष ५० क्विन्टल अदुवा बिक्री गरेको बताए । ३५ डोका बिउका लागि राखेको उनको भनाइ छ । उनले भने, 'अदुवाको मूल्य स्थिर नहुँदा अदुवा खेतीमा लगानी गर्ने कि नगर्ने भन्नेमा किसान दोधारमा छन् ।

उत्पादन भएको वर्ष मूल्य जाँदैन । कम उत्पादन गरेको वर्ष राम्रो मूल्य पाइन्छ । तर, विगत दुई वर्षदेखि अदुवाले उचित मूल्य पाइरहेको छ ।' बिउ नछानेको अदुवा प्रतिक्विन्टल पाँच हजार पाँच सय र बिउ छानेको चार हजार पाँच सय रुपैयाँ



क्विन्टल बिक्री गरेको डिसीको भनाइ छ । यो वर्ष ४५ डोकाजति अदुवा लगाउने योजनाका साथ बिउ राखेको उनको भनाइ छ । यस्तै, छत्रेश्वरी गाउँपालिका- २, दहखोलाका डम्बर महरले पछि यो वर्ष ६ क्विन्टल अदुवा बिक्री गरेको बताए । एक क्विन्टल लगाएकोमा ६ क्विन्टलसम्म फलेको उनको भनाइ छ । चार हजार रुपैयाँ क्विन्टलका दरले आफूले अदुवा बिक्री गरेको महरले बताए । उनले भने, 'अदुवाले राम्रै मूल्य पाएको छ । किसानले गरेको लगानीअनुसार मूल्य नभए पनि विगतका वर्षहरूको तुलनामा राम्रै मूल्य पाइरहेको छ । यस वर्ष ६ क्विन्टल अदुवा लगाउने सोचमा रहेको छु ।' कृषि विकास कार्यालय सल्यानका अनुसार सल्यानमा एक हजार चार सय २० हेक्टर क्षेत्रफलमा अदुवा खेती हुँदै आइरहेको छ । चालू आर्थिक वर्षमा २० हजार नौ सय ५० मेट्रिकटन अदुवा उत्पादन भएको कृषि विकास कार्यालय सल्यानका ईश्वरनारायण घर्तीले जानकारी दिए ।

गत आर्थिक वर्ष एक हजार चार सय २० हेक्टर क्षेत्रफलमा २० हजार नौ सय नौ मेट्रिकटन अदुवा उत्पादन भएको थियो । क्षेत्रफल समान भए पनि गत आर्थिक वर्षभन्दा चालू आवमा उत्पादनमा वृद्धि आएको उनको भनाइ छ । यस वर्ष किसानले ४० देखि ५० रुपैयाँ किलोका दरले अदुवा बिक्री गरेको घर्तीले बताए । सल्यानको अदुवा दाङ, सुर्खेत, नेपालगन्ज र भारतसम्म जाने गर्छ ।

ग्लोबल आइएमईको नयाँ वर्षको क्यालेन्डर सार्वजनिक

काठमाडौं/ ग्लोबल आइएमई बैंकले पौभा कलाको दिव्य रङ र दर्शनसहितका तस्बिर समावेश गरी नयाँ वर्ष ०८३ को क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकको कर्पोरेट कार्यालय कमलादीमा आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्राडा सन्दुक रुइतले क्यालेन्डर सार्वजनिक गरेका हुन् ।



सार्वजनिक कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, तिलगंगा आँखा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङसहित बैंकका उच्च व्यवस्थापनका कर्मचारीको उपस्थिति रहेको थियो ।

पौभा कला नेवार जातिको मौलिक चित्रकला हो । क्यालेन्डरमा विशेषगरी काठमाडौं उपत्यकामा बस्ने नेवाः समुदायसँग गहिरो सम्बन्ध रहिआएको पौभा कलाका दुर्लभ चित्रहरू समावेश गरिएको छ । बैंकले विगत केही वर्षदेखि नेपाली कला, साहित्य, संस्कृति र सभ्यताको संरक्षण तथा प्रवर्द्धनका आफ्नो क्यालेन्डरमा मौलिक चित्र समावेश गर्ने गरेको छ ।

बैंकले ०७९ मा नेपालको मौलिक मिथिला संस्कृति झल्कने चित्र, ०८० मा मण्डला चित्रकला, ०८१ मा विभिन्न समयमा स्वदेश फर्काइएका प्राचीन कलाकृति र ०८२ मा पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्बिर समावेश गरी क्यालेन्डर प्रकाशन गरेको थियो ।

बैंकले देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ७९ एटिएम, एक सय ४७ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयबाट सेवा प्रदान गर्दै आइरहेको छ ।

कर्पोरेट

वाडा अटो सोमा बिवाइडी किन्दा विशेष छुट



काठमाडौं/ नेपालका लागि बिवाइडीको आधिकारिक वितरक साइमेक्स इंकले विशेष अफर ल्याएको छ । कम्पनीले पोखराको लेकसाइडस्थित तालबाराही चौरमा ११ देखि १५ चैतसम्म चल्ने वाडा अटो सोलाई लक्षित गरी उक्त अफर ल्याएको जनाएको छ ।

पाँच दिनसम्म चल्ने इभेन्टमा बिवाइडीले सीमित समयका लागि विशेष अफर उपलब्ध ल्याएको छ । कम्पनीका अनुसार प्रत्येक गाडी बुकिङबापत पाइने सो स्पेसल वाडा अटो सो अफरमार्फत ग्राहकका लागि इलेक्ट्रिक मोबिलिटीतिर स्विच हुने उपयुक्त मौका हुने बताइएको छ । यसअन्तर्गत ब्याट्री र मोटरमा १० वर्ष वा दुई लाख किलोमिटरको वारेन्टी, एक वर्षको फ्री इन्स्योरेन्स उपलब्ध हुनेछ ।

त्यसैगरी, एक वर्षको सडक दस्तुर छुट, आकर्षक नगद छुट, फ्री एसेसरिज, कम्प्लिमेन्ट्री होम चार्जर पनि सँगै उपलब्ध हुने बताइएको छ । यसका लागि स्टल ए१२ मा अवलोकन गर्न सकिनेछ ।

'काठमाडौंबाहिरका ग्राहकसँग जोडिन र बिवाइडीले नेपालको इलेक्ट्रिक मोबिलिटीलाई कसरी पुनर्परिभाषित गरिरहेको छ भन्ने देखाउनका लागि वाडा अटो सो एउटा उत्कृष्ट प्लाटफर्म हो । हाम्रो विशेष अफर र प्रमाणित प्रविधिमार्फत इभीको स्वामित्वलाई सहज पहुँचयोग्य र फलदायी बनाउने लक्ष्य हामीले लिएका छौं,' कम्पनीले भनेको छ ।

बिवाइडीका सबै सवारीसाधन कम्पनीकै एड्भान्स्ड ब्लेड ब्याट्री टेक्नोलोजी र ई-प्लाटफर्म ३.० ले सुसज्जित छन्, जसले सुरक्षा, कार्यक्षमता र दक्षतालाई अझै बढाउन भूमिका खेलेको कम्पनीले बताएको छ ।

हाइब्रिड प्लस प्रविधिका एमजी विद्युतीय कार

काठमाडौं/ एमजीले नयाँ प्रविधिसहितका हाइब्रिड कार विकास गरिरहेको छ । यी सवारीसाधनमा इलेक्ट्रिक टर्बो र विशेष मोटर प्रयोग गरिनेछ, जसले आवाज निकै कम बनाउनेछ । नयाँ 'हाइब्रिड प्लस' प्रणाली जर्मनीको फ्रान्कफर्टस्थित एमजीको इन्जिनियरिङ केन्द्रमा विकास भइरहेको छ । यो प्रणाली आउँदै गरेको एमजी एस ९ प्लग-इन हाइब्रिड कारमा पहिलोपटक प्रयोग हुन सक्ने अनुमान गरिएको छ । साथै, एमजीले आफ्ना विद्युतीय कारमा पनि ठुलो सुधार गर्ने योजना बनाएको छ । सेमी सोलिड स्टेट भनिने नयाँ प्रकारको ब्याट्री यस वर्ष युरोपमा एमजी चार विद्युतीय ह्याचब्याकको उच्च संस्करणमा प्रयोग गरिनेछ, जुन यस प्रकारको पहिलो ठुलो मात्रामा उत्पादन हुने ब्याट्री हुने बताइएको छ ।



फ्रांकफर्टमा आयोजित एक कार्यक्रममा एमजीका वरिष्ठ इन्जिनियर क्यू जीले नयाँ इलेक्ट्रिक टर्बो प्रतिमिनेट ७० हजार घुम्न सक्ने जानकारी दिए । इलेक्ट्रिक टर्बोले गाडीको क्षमता र दक्षता दुवै सुधार गर्छ । यसले विद्युतीय र पेट्रोल इन्जिनबिच शक्ति वितरणलाई अझ सहज बनाउँछ । नयाँ 'हाइब्रिड प्लस' प्रणालीमा आराम बढाउन विशेष डिजिटल ड्याम्पिङ प्रविधि पनि समावेश गरिएको छ ।

एमजीले नयाँ प्रणाली र टर्बोलाई सहयोग गर्न १.८३ किलोवाट घण्टाको ठुलो ब्याट्री पनि थप्दै छ । यी सुधारसँगै नयाँ हाइब्रिड कार पुराना मोडेलभन्दा अझै स्मुथ, शान्त र छिटो हुने अपेक्षा गरिएको छ ।

एमजीको 'सोलिडकोर' नामको नयाँ सेमी सोलिड स्टेट ब्याट्री पनि यस वर्षको अन्त्यतिर उपलब्ध हुने अनुमान गरिएको छ । यस डिजाइनले बढी ऊर्जा सञ्चय गर्न सक्ने भएकाले गाडीको दूरी बढ्छ । साथै छिटो चार्ज हुने र विभिन्न तापक्रममा राम्रो प्रदर्शन गर्ने क्षमता पनि हुन्छ । यी सबै नयाँ प्रविधिमार्फत एमजीले आफ्ना भविष्यका गाडीलाई अझ शक्तिशाली, सहज, शान्त, सुरक्षित र ऊर्जा दक्ष बनाउने लक्ष्य राखिएको कम्पनीले जनाएको छ ।

माछापुच्छ्रे क्यापिटलले सञ्चालन गऱ्यो वित्तीय साक्षरता



काठमाडौं/ माछापुच्छ्रे क्यापिटल लिमिटेडले ग्लोबल मनी विक-२०२६ मा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । क्यापिटलले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिका तथा युवामा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले शिक्षामूलक कार्यक्रम सञ्चालन गरेको जनाइएको छ । उक्त कार्यक्रममार्फत वित्तीय ज्ञान, सिप तथा सकारात्मक मनोवृत्तिको विकासमा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ ।

क्यापिटलले ३ चैतमा बितारा बालग्राम, कलंकीमा, ६ चैतमा जनता माध्यमिक विद्यालय, हरैचा, मोरङमा र ८ चैतमा बोडे माध्यमिक विद्यालय, बोडे, भक्तपुरमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा विद्यालय प्रशासनका कर्मचारीमाझ वित्तीय सचेतना तथा अन्तर्क्रिया कार्यक्रम गरेको जनाएको छ ।

यस्ता कार्यक्रममार्फत युवालाई सानो उमेरदेखि नै आर्थिक रूपमा सचेत बनाउन, जिम्मेवार वित्तीय निर्णय लिन तथा समग्र वित्तीय स्थायित्व कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास क्यापिटलले लिएको छ ।

कुमारी बैंकले सुरु गऱ्यो मास्टरकार्ड सेवा

काठमाडौं/ कुमारी बैंक लिमिटेडले मास्टरकार्ड सेवा औपचारिक रूपमा सुरु गरेको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमार्फत बैंकले आफ्ना ग्राहकका लागि बिहीबारबाट डेबिट मास्टरकार्ड जारी गर्न सुरु गरेको जानकारी गराएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) रामचन्द्र खनालले बैंकको डिजिटल रूपान्तरण तथा ग्राहकमैत्री सेवाका क्षेत्रमा कुमारी बैंकले लिँदै आएको अग्रसरताबारे प्रकाश पारे । मास्टरकार्डजस्ता विश्वव्यापी भुक्तानी समाधानले बैंकको सेवा क्षमतामा थप वृद्धि गर्ने सिइओ खनालले बताए ।

यस्तै, बैंकका प्रमुख डिजिटल बैंकिङ अधिकृत अनिश



ताम्राकारले मास्टरकार्डको महत्त्व, यसको प्रयोगका सम्भावना तथा ग्राहकलाई पुग्ने प्रत्यक्ष फाइदाबारे जानकारी दिए । यो कार्डमार्फत भौतिक तथा डिजिटल दुवै माध्यमको उपयोग सरल र सुरक्षित हुने बताए । बैंकका अनुसार यो मास्टरकार्ड नेपाल, भारत र भुटानका सबै मास्टरकार्ड स्वीकार गर्ने एटिएम तथा तथा पोसमा प्रयोग गर्न सकिनेछ । यसको क्रेडिट कार्ड सेवा पनि चाँडै सुरु हुने र अनलाइन तथा अन्तर्राष्ट्रिय भुक्तानीसमेत सहज हुने बताइएको छ । बैंकले गत वर्षदेखि नै आफ्ना एटिएममा मास्टरकार्ड स्वीकार गर्दै आएको र अब आफ्नै कार्ड जारी गरेसँगै ग्राहक सेवामा थप सहज हुने विश्वास लिएको छ ।

बैंकले देशभरका दुई सय ९७ शाखा सञ्जाल, तीन सय १५ एटिएम, ४६ एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिँदै आइरहेको छ ।

रत्ननगर प्रहरीलाई एसबिआईको सहयोग



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले चितवनस्थित इलाका प्रहरी कार्यालय रत्ननगर, टाँडीलाई विभिन्न अत्यावश्यक सामग्री सहयोग गरेको छ ।

बैंकका प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्यले जिल्ला प्रहरी परिसर चितवनका प्रहरी उपरीक्षक गोविन्द पुरीलाई एक कार्यक्रमबिच ती सामग्री हस्तान्तरण गरेका हुन् । हस्तान्तरण कार्यक्रममा प्रहरी अधिकृतहरू तथा बैंकका कर्मचारीसमेतको सहभागिता रहेको थियो ।

यस सहयोगबाट जेन-जी आन्दोलनमा क्षति भएको इलाका प्रहरी कार्यालय, रत्ननगर, टाँडीको सेवा प्रवाह सहज हुने लक्ष्य बैंकले राखेको छ । बैंकले देशभरका एक सय दुई शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, २१ शाखारहित बैंकिङ र एक सय २७ एटिएममार्फत ग्राहकलाई बैंकिङ सेवा दिँदै आएको छ ।

अपांगता भएकालाई एनएमबि बैंकले गऱ्यो सहयोग



काठमाडौं/ एनएमबि बैंकले अपांगता भएका व्यक्तिलाई सहयोग गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सुर्खेतको भेरिगंगा नगरपालिकामा अपांगता भएका व्यक्तिलाई सहयोग सामग्री वितरण गरेको हो । सहयोग सामग्रीमा ह्विलचेयर, एल्बो क्रचेसलगायत छन् ।

यो सहयोग सामाजिक विकास मन्त्रालयको आयोजना तथा करुणा फाउन्डेसन र राष्ट्रिय अपांग महासंघ नेपालको सहकार्यमा सञ्चालित 'अपांगता रूपान्तरण तथा पुनर्स्थापना साझेदारी कार्यक्रमअन्तर्गत गरिएको हो । कार्यक्रममा भेरिगंगा नगरपालिकाका नगर प्रमुख यज्ञप्रसाद ढकाल, कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । नगर उपप्रमुख अनसरा बोहरा, एनएमबि बैंकका लुम्बिनी प्रदेशका एरिया म्यानेजर रमेश रेग्मी, सुर्खेत शाखाका शाखा प्रबन्धक सुमन सुवेदीलगायतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमका लागि एनएमबिले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पाँच लाख सहयोग प्रदान गरेको छ ।

कामना सेवा र अशोका रिसोर्टबिच छुट दिने सम्झौता



काठमाडौं/ कामना सेवा विकास बैंकले चितवन, भरतपुरस्थित अशोका रेसोर्ट प्रालि तथा होटेल अशोकासँग सेवाशुल्क छुटसम्बन्धी सम्झौता गरेको छ । छुटसम्बन्धी सम्झौतामा बैंकका तर्फबाट नारायणगढ क्षेत्रका प्रमुख सुरेन्द्र भण्डारी र होटेलका प्रबन्ध निर्देशक अशोक अधिकारीले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअन्तर्गत बैंकका कर्मचारी र ग्राहकले अकोमोडेसन, फुड र बेभरेजमा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् । बैंकका ग्राहकले बैंकसँगको आबद्धता भएको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बताइएको छ । यो सहकार्यबाट बैंकसँग आबद्ध सम्पूर्ण ग्राहकले विशेष लाभ लिने बैंकले विश्वास लिएको छ ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

संशोधन गरिएको बारे

सूचना प्रकाशन मितिः २०८२/१२/१३ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।११।२९ गते "Construction of Hariyali Park (Phase–II), Ward No. 10" मा प्रकाशित ठेक्काको "Minimum Work Experience of Similar Size and Nature" मा "Atleast One Building Construction Project" हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गरिएको व्यहोरा अनुरोध छ ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २००१/१२/१५ **स्व. खगिसरा खड्का** स्वर्गारोहणः वि.सं. २०८२/१२/०१

यस महासंघका पूर्व कार्य समिति सदस्य एवं नेपाल प्रगति निर्माण सेवा प्रा.लि.का सञ्चालक श्री किशोर खड्काज्यूका ममतामयी माता **खगिसरा खड्का**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई शोधवृत्ति वितरणका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२।१२।१३

भाषा, संस्कृति र पर्यटन क्षेत्रको विकास र विस्तारमा यस सम्बन्धी अध्ययन अनुसन्धानको भूमिकालाई मध्यनजर राख्दै स्नातक तह वा स्नातकोत्तर तहमा अध्ययनरत पर्यटन सम्बन्धी विषयहरु (जस्तै पर्यापर्यटन/पर्वतारोहण अध्ययन) तथा विभिन्न भाषा सम्बन्धी विषयहरु (जस्तै तामाङ भाषा, नेपाल भाषा, संस्कृत भाषा, लोपोन्मुख तथा अन्य मातृभाषाहरु) मा बागमती प्रदेशलाई अध्ययनको क्षेत्र बनाई अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्न "विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीको शोध अनुसन्धानको निवेदन मूल्याकंन तथा छनोट कार्यविधि, २०८२" कार्यान्वयनमा रहेको छ ।

यसै सन्दर्भमा सम्बन्धित विद्यार्थीहरुले शोध अनुसन्धानको सम्बन्धित क्याम्पसबाट स्वीकृत प्रस्ताव सहित यो सूचना प्रकाशित भएको मिति देखि २०८३ साल जेठ मसान्तसम्म निवेदन दर्ता गर्नुपर्नेछ । साथै थप जानकारीका लागि मन्त्रालयको वेबसाइट (mocatbagamati@gmail.com) मा रहेको कार्यविधि हेर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश सचिव

पयुटार बचत तथा ऋण सहकारी संस्था लि.
तारकेश्वर, काठमाडौं, फोन: ०१-५१३६०४१

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२ चैत्र १३ गते शुक्रबार

यस पयुटार बचत तथा ऋण सहकारी संस्था लि.बाट कर्जा लिई सो कर्जाको साँवा, व्याज र हर्जाना रकम नतिर्ने तपसिलका ऋणीहरूको नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्रमा आफूले तिर्न बुझाउनु पर्ने साँवा, व्याज र हर्जाना रकम चुक्ता गर्नु आउनहुन र उपरोक्त अनुसारको रकम तिरी बुझाई सकेको भए सो को निस्सा प्रमाण पेश गर्नुहुन सुचित गरिन्छ । उक्त समयावधि भित्र पनि तिर्न बुझाउन आउनु भएन भने प्रचलित सहकारी ऐन नियमावली वमोजिम प्रक्रिया अगाडि बढाई तपाई र तपाईको परिवारको चल, अचल जायजेथाबाट कानुन वमोजिम असूल उपर गरिने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	जमानीको नाम ठेगाना	कर्जा लिएको मिति	कर्जाको साँवा, व्याज र हर्जाना रकम
साइली तामाङ डाडाँगाउ.-०६ रसुवा ना.प्र नं ५८४५।१५३ रसुवा	प्लेक्ता तामाङ रसुवा जिल्ला, डाडागाउ.०७ ना.प्र नं ४५।७४९ रसुवा	२०७६-०८-१९	६२,४४,४०७।-
सानु तमाङ गोले लप्चाङ्ग -०७ नुवाकोट ना.प्र नं ८२२४४।८२१ नुवाकोट	कमल गोले सुर्यगढी-०१ नुवाकोट ना.प्र नं २५।०१।८०।००५८२ नुवाकोट	२०८०-०८-१५	१५,४१,९३३।-
मुक्त बहादुर श्रेष्ठ सुन्दरादेवी-०४ नुवाकोट ना.प्र नं १८७७।५७०९० नुवाकोट	ईश्वरी श्रेष्ठ सुन्दरादेवी -०४ नुवाकोट ना.प्र नं २५।०१।६९।०४८७३ नुवाकोट	२०८०-१०-१५	१,०५,१२,३५३।-
भरत प्रसाद घिमिरे जितपुरफेदी ०५ काठमाण्डौं ना.प्र नं २५२९-६६२७-५०३७, काठमाण्डौ	रामेश्वर घिमिरे जितपुरफेदी ०५ काठमाण्डौं ना.प्र नं १०३४/४९५७३, काठमाण्डौ	२०८१-०७-०७	३४,८०,५४५।-

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७७
शुक्रबार १३ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

राखेपले निलम्बन गरेपछि एन्फाको निर्वाचन स्थगित

झापामा शुक्रबारदेखि हुने भनिएको एन्फाको निर्वाचन राखपले निलम्बनको पत्र पठाएपछि अर्को सूचना जारी नभएसम्मका लागि स्थगित, यसअघि २८ माघ र २७ फागुनमा हुने भनिएको निर्वाचन पनि स्थगित गरिएका थिए

झापामा **रमेश सुवेदी**

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निलम्बनमा परेपछि अखिल नेपाल फुटबल संघ (एन्फा)ले १३ चैतका लागि तय निर्वाचन स्थगित गरेको छ। एन्फा निर्वाचन समितिले सूचना जारी गर्दै एन्फा निर्वाचन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरेको हो। योसमेत एन्फा निर्वाचन तीनपटक स्थगित भएको हो। यसअघि पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फा कार्यसमितिले २८ माघमा पहिलोपटक र २७ फागुनमा झापामै हुने भनिएको निर्वाचन स्थगित गरेको थियो।

उच्च अदालत पाटनमा मुद्दा दायर भएपछि पहिलोपटक एन्फा निर्वाचन स्थगित भएको थियो। अदालतको अल्पकालीन आदेशपछि निर्वाचन स्थगित भएको हो। २७ फागुनमा तय निर्वाचन प्रतिनिधिसभा निर्वाचनको आचारसंहिता लागू भएका कारण निर्वाचन आयोगको पत्रपछि स्थगित भएको थियो। यसपटक एन्फा निर्वाचन समितिका संयोजक रामचन्द्र गौतम, सदस्यसचिव लोकेन्द्र ओली तथा सदस्य सम्झना केसीले संयुक्त विज्ञप्ति जारी गर्दै अर्को सूचना प्रकाशित नभएसम्मका लागि निर्वाचन स्थगित गरिएको जनाएका छन्। निर्वाचन समितिले राखेपको तीन महिना निलम्बन गरेको पत्र पाएपछि निर्वाचन स्थगित गरिएको विज्ञप्तिमा भनिएको छ।

'एन्फालाई राष्ट्रिय खेलकुद परिषद्ले ११ चैतमा तीन महिनासम्मका लागि निलम्बन गरेको भन्ने पत्र एन्फा सचिवालयमार्फत यस निर्वाचन समितिलाई १२ चैतमा प्राप्त भएकाले १३ चैतका लागि तय गरिएको मतदान कार्यक्रम अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको छ,' एन्फा निर्वाचन समितिले निकालेको सूचनामा भनिएको छ।

एन्फाका प्रवक्ता सुरेश शाहले आफूहरू राखेप, फिफा र एएफसीको निर्देशन पालना गर्ने संस्था भएको बताएका छन्। शाहले राखेपको निलम्बन पत्र फिफामा पठाएको बताए। 'हामीले राखेपबाट आएको पत्र फिफामा पठाएको छौं। यद्यपि, अदालतले निर्वाचन रोक भनेको छैन। राखेपले रोक्नुचाहिँ गलत हो,' उनले भने।

केसी समूहद्वारा निर्वाचन बहिष्कारको घोषणा

राखेपले एन्फालाई निलम्बन गरेपछि अध्यक्ष पदका प्रत्याशी दीर्घबहादुर केसी नेतृत्वको समूहले बिहीबार दिउँसो पत्रकार सम्मेलन गरी झापामा हुने साधारणसभा तथा निर्वाचन बहिष्कार गर्ने घोषणा गरेको थियो। सहिद स्मारक 'ए', 'बी', 'सी' तथा जिल्ला संघको संयुक्त रूपमा आयोजित पत्रकार सम्मेलनमा केसी प्यानलले निलम्बित अवस्थामा रहेको एन्फाले गर्ने निर्वाचनमा सहभागी हुनु राज्यको कानुनको अवज्ञा हुने भन्दै बहिष्कार गर्नु नै उचित विकल्प भएको जनाएको छ। केसीले एन्फाको नेम्वाङ नेतृत्वको वर्तमान कार्यसमितिको पहिलो बैठकदेखि हाबी भएका कारण नै एन्फा अहिलेको अवस्थामा पुगेको बताए।

केसीले आफूहरू उम्मेदवार भए पनि एन्फाले निर्वाचनस्थलसमेत स्पष्ट नपारिएको र निर्वाचन समितिले समान व्यवहार नगरेको जनाए। पत्रकार सम्मेलनमा एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पा, वर्तमान उपाध्यक्ष विराटजंग शाही, पूर्वउपाध्यक्ष उपेन्द्रमान सिंह तथा वरिष्ठ उपाध्यक्षका उम्मेदवार सुन्दरनरसिंह जोशी, उपाध्यक्ष पदका चार उम्मेदवार गणेश चन्द, उत्तमराज भण्डारी, विश्वासविक्रम शाह र विजय घले उपस्थित थिए। पूर्वउपाध्यक्ष सिंहले एन्फा निलम्बनलाई नेपाली फुटबलका लागि 'कालो दिन'को संज्ञा दिए। 'केही व्यक्तिको अयोग्यता र स्वार्थका कारण नेपाली फुटबल यो अवस्थामा पुगेको हो,' उनले भने, 'लामो समयदेखि शीर्ष डिभिजन लिग आयोजना हुन नसक्दा खेलाडीहरू बिदेसिन बाध्य भएका छन्। जसका कारण नेपाली फुटबल गम्भीर संकटतर्फ उन्मुख भइरहेको छ।'

एन्फाका पूर्वअध्यक्ष शेर्पाले सन् २०२२ मा तयार गरिएको निर्वाचन आचारसंहिता फिफा र एएफसीबाट स्वीकृत भए पनि त्यसको पालना नभएको दाबी गरेका छन्। 'खेलकुद विकास ऐनअनुसार धेरै जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य पुनः उम्मेदवार बन्न मिल्दैन। एन्फाले अन्तर्राष्ट्रिय निकायलाई गलत सन्देश दिएको वा दोहोरो मापदण्ड अपनाएको देखिन्छ,' उनले भने, 'नेपालको कानुन सबै संघसंस्थाले पालना गर्नुपर्ने भएकाले यसलाई तेस्रो पक्षको हस्तक्षेप भन्न मिल्दैन।' यसैगरी, एन्फा निलम्बनमा परेपछि अध्यक्षका अर्का उम्मेदवार कुमार केसी पक्षले निर्वाचनमा सहभागी नहुने घोषणासमेत गरेका थिए।

साधारणसभा हुने स्थानको टुंगो थिएन

गत मंगलबार एन्फा प्रशासनले १३ चैतमा हुने निर्वाचनका लागि कार्यालय बन्द हुने विज्ञप्तिमार्फत जानकारी दिएको थियो। एन्फा पदाधिकारी मंगलबार बिहानै झापातर्फ लागेका थिए। पंकज पक्षका सबै प्रतिनिधि झापा पुग्दा निर्वाचन गरिने स्थानको जानकारी एन्फाका प्रतिनिधिले कसैलाई दिएनन्। 'विवादकै कारण एन्फाले रातिसम्म पनि साधारणसभा हुने स्थानबार जानकारी दिइएन,' निर्वाचनमा सहभागी एक सदस्यले नयाँ पत्रिकासँग भने। नेम्वाङको कार्यकाल आगामी ५ असारमा सकिँदै छ। उनले जिल्ला र प्रदेश निर्वाचन नगरी दोस्रो कार्यकाल दोहोऱ्याउने रणनीतिसहित केन्द्रको निर्वाचन घोषणा गरेका हुन्। जसका कारण चुनावी साधारणसभा गत पुसदेखि नै विवादास्पद बन्दै आएको थियो।

यसैबिच, झापामा विवाद थेग्न नसक्ने स्थिति देखेपछि राखेपको पत्रको बहाना बनाएर निर्वाचन स्थगित गरिएको एन्फा स्रोतले बतायो। 'सरकारले नै निर्णय गरेपछि झापाको माहोल पनि त्यस्तै बन्यो। यहाँ प्रहरीको बल प्रयोग हुने देखियो। प्रशासनको हस्तक्षेप हुन सक्ने सम्भावना देखेरै एन्फाले चुनाव स्थगित गर्नुपरेको हो,' स्रोतले भन्यो।

राखेपले निर्वाचन रोक्न एन्फालाई पटक-पटक निर्देशन दिएको थियो। राखेप कार्यकारी समितिको बुधबारको बैठकले खेलकुद विकास ऐन, २०७७ को दफा २९ (२) लाई टेकेर एन्फामाथि तीन महिनाका लागि निलम्बन गरेको थियो।

विवादमुक्त हुन नसकेको कार्यकाल

अध्यक्षका प्रत्याशी शेर्पालाई ६ मतान्तरले हराउँदै एन्फा नेतृत्वमा पुगेका नेम्वाङको कार्यकाल सकसपूर्ण रह्यो। नेम्वाङका कुनै पनि निर्णय र बैठक विवादमुक्त भएनन्। सँगै एउटै प्यानलबाट जितेका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित अन्य पदाधिकारीसँग नेम्वाङले राम्रो सम्बन्ध बनाउन सकेनन्। कामभन्दा विदेश भ्रमणमा बढी केन्द्रित रहेको आरोप उनीमाथि छ। २३ कात्तिक ०८० मा हेटौंडामा भएको साधारणसभामा उनले अविश्वासको प्रस्तावको समाना गर्नुपऱ्यो। उनले महिला लिग र सहिद स्मारक लिग एकपटक मात्र गरे। घरेलु लिग हुनै छाडेपछि राष्ट्रियस्तरका खेलाडी बिदेसिए। खेलाडीले मैदानमा खेल्न वातावरण हुनुपर्ने माग राखी दुई साताअघि एन्फा मुख्यालयमा तालाबन्दी गरेका थिए। त्यसपछि क्लबहरूले आफूसँग भएको सम्झौता कार्यान्वयनको माग राखी एन्फा मुख्यालयमै रिले अनशन बसेका थिए। गत मंगलबार उनीहरूले रिले अनशन तोडेका थिए।

नेम्वाङ प्यानल हाबी

नेम्वाङले दोस्रो कार्यकालका लागि नयाँ पदाधिकारीसहित आफ्नो प्यानल बनाइसकेका थिए। उनले आफ्नो प्यानलबाट दावा लामालाई वरिष्ठ उपाध्यक्ष बनाउने तयारी गरेका थिए। १० मध्ये चार उपाध्यक्षमा नेम्वाङ पक्षबाट विकासनारायण श्रेष्ठ, मनीष जोशी, महेन्द्र क्षेत्री र अनिल मल्ल छन्। उपाध्यक्षका प्रत्याशी पेमा डोल्मा लामा, विश्वासविक्रम, अनिल श्रेष्ठ, उत्तमराज भण्डारी, विजय घले र गणेशबहादुर चन्दले चुनाव बहिष्कार गर्ने निर्णय गरेका थिए। १३ सदस्यका लागि २८ जनाको उम्मेदवारी परेको थियो।

नेम्वाङको पक्षबाट सदस्यमा प्रवीणकुमार सुवाल, पुरुषोत्तम थापामगर, भोजराज शाही, मणिराज विष्ट, दीपेन्द्र धिमाल, प्रवीणकुमार यादव, भरतबहादुर बुढाथापा, टीकाराम लामा, केशवकुमार कार्की, देवनारायण चित्रकार, भगवानबहादुर दर्लामी मगर, ठाकुरबहादुर सुस्लिङ र मणिकुमार लिम्बूले उम्मेदवारी दिएका थिए।

शंकरको शतकमा पुलिसको सानदार जित

नयाँ पत्रिका

ओपनर शंकर रानाको शतकीय इनिङ्सको सहयोगमा नेपाल पुलिस क्लबले बिहीबार प्रधानमन्त्री (पिएम) एकदिवसीय कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेशमाथि सात विकेटको सानदार जित निकालेको छ। मूलपानी मैदानमा सन्दीप लामिछानेको कप्तानीमा रहेको बागमतीले ४९.२ ओभरमा सबै विकेट गुमाएर २६५ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा पुलिसले ४४ ओभरमा तीन विकेटको नोक्सानीमा २७१ रन जोड्दै सानदार जित हात पारेको हो।

जितसँगै पुलिस ४ अंकका साथ शीर्ष स्थानमा उक्लिएको छ। पुलिसले तीनमध्ये दुई खेल जितेको। त्रिभुवन आर्मीको पनि ४ अंक छ। तर, रनरेटमा पछि पर्दा आर्मी दोस्रो स्थानमा रह्यो। बागमती २ अंकसहित छैटौं स्थानमा छ। पुलिसले बागमतीलाई सहज पाखा लगाउने क्रममा ओपनिङको उत्कृष्ट साथ पायो। ओपनर दिनेश खरेल र शंकरले पहिलो विकेटका लागि २४.५ ओभरमा १५९ रनको साझेदारी गर्दै टोलीलाई जितको आधार खडा गरेका थिए।

सुवास खत्रीको ओभरमा दिनेश उत्तरम मगरबाट स्टम्पिङ भए। उनले ७५ बलमा आठ चौका र तीन छक्का प्रहार गरी ७० रनको योगदान दिए। इनिङ्सको ४२.६ ओभरमा शतकीय इनिङ्स खेलेका शंकर आउट भए। उनले १२८ बलमा ११६ रन बनाउन १३ चौका र चार छक्का प्रहार गरेका थिए। उनले ११६ बलमा शतक लगाएका थिए। पुलिसले तेस्रो विकेटका लागि ८० बलमा ७८ रन जोडेको थियो। पुलिसको जितमा कप्तान आरिफ शेखले ४७ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ४३ रनको नटआउट इनिङ्स खेले। यसैगरी, बागमतीले पुलिसलाई २४ अतिरिक्त रन दिएको थियो। जसमा १९ वाइड रह्यो।

दुई अर्धशतक

पहिलो ब्याटिङ गरेको बागमतीका लागि दुई खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका थिए। मध्यक्रमका ईशान पाण्डे र पवन थापाले अर्धशतक लगाउँदा बागमतीले पुलिसलाई चुनौतीपूर्ण लक्ष्य दिएको हो। ईशानले ८० बलमा ६ चौका र तीन छक्का प्रहार गरी ७० रन जोडे। पवनले १०१ बलमा ६ चौका र एक छक्काको सहयोगमा सर्वाधिक ७९ रन जोडेका थिए।

यी दुवैले चौथो विकेटका लागि १२४ रनको साझेदारी गर्दै टोलीलाई ७१-३ बाट १९५-४ को बलियो स्थितिमा पुऱ्याए।

आर्मीको सहज जित

आर्मीले मूलपानी मैदानमा गण्डकी प्रदेशमाथि सात विकेटको जित निकाल्यो। पहिलो ब्याटिङ गरेको गण्डकीले ४९.४ ओभरमा सबै विकेटको गुमाएर २०९ रन जोडेको थियो। प्रत्युत्तरमा आर्मीले ३४ ओभरमा तीन विकेटको क्षतिमा २१० रन जोड्दै २ अंक बटुल्यो। आर्मीको जिजमा कुशल मल्लले अलराउन्ड खेल देखाए। उनले ब्याटिङमा ४२ बलमा ४३ रन तथा बलिङमा १८ रन दिएर दुई विकेट हात पारेका थिए। आर्मीका लागि ओपनर तृतराज दासले ५१ बलमा आठ चौका र एक छक्का प्रहार गरी ५१ रन बनाए। कप्तान विनोद भण्डारीले ५७ बल सामना गरी सात चौका र दुई छक्का प्रहार गरी ५८ रन जोडे।



खेल संक्षेप

कर्णालीका सदस्यसचिवमा चन्द

सुर्खेत/ कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्यसचिवमा रवीन्द्र चन्द नियुक्त भएका छन्। मन्त्रिपरिषद् बैठकले बिहीबार चन्दलाई नियुक्ति गरेको प्रदेश सरकारका प्रवक्ता तथा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए। प्रवक्ता शाहका अनुसार परिषद्को उपाध्यक्ष तथा सदस्यहरूसमेत नियुक्ति गरिएको छ। उपाध्यक्षमा प्रमोद हमाल नियुक्त भएका छन्। हमाल यसअघि पनि परिषद्को उपाध्यक्ष भइसकेका थिए। यसपटकको सदस्यसचिवका लागि हमालको समेत दाबी थियो। अखिल नेपाल फुटबल संघ (एन्फा)को केन्द्रीय कार्यसमिति सदस्यका रूपमा कार्यरत चन्दले संघभित्र प्रभावशाली भूमिका निर्वाह गर्दै आएका छन्। नवनियुक्त सदस्यसचिव चन्द आरसी ३२ फुटबल एकेडेमी संस्थापक अध्यक्ष हुन्। खेलाडीका रूपमा उनले क्रिकेटमा यू-१५, यू-१९ र सिनियर टोलीबाट राष्ट्रियस्तरमा प्रतिनिधित्व गरिसकेका छन्। छैटौं राष्ट्रिय खेलकुदमा फुटबल खेलाडीका रूपमा सहभागी थिए।

आइटिएफमा सहभागी हुँदै नेपाल

काठमाडौं/ नेपाली टेनिस खेलाडी आइटिएफ डेभलपमेन्ट च्याम्पियनसिप (फाइनल)मा सहभागी हुँदै छन्। नेपाली टेनिस टोली प्रतियोगितामा सहभागी हुन बिहीबार श्रीलंकाको कोलम्बो प्रस्थान गरेको छ। कोलम्बोमा आइटिएफअन्तर्गत सर्टिक १ र २ का प्रतिस्पर्धा २९ मार्चदेखि १० अप्रिलसम्म चल्ने आयोजकले जनाएको छ। पुरुष टोलीमा विश्वविशेष डल्लाकोटी र अर्याशराज पौडेलले भाग लिनेछन्। महिलामा सारा पन्त र एरा खत्रीले नेपालको प्रतिनिधित्व गर्नेछन्। प्रशिक्षकमा सन्तोष खत्री छन्। प्रतियोगितामा एसियाका १५ राष्ट्रको सहभागिता रहने नेपाल टेनिस संघले जनाएको छ।

नेपाली एथलेटिक्स टोली भारतमा

काठमाडौं/ तेस्रो खुला रिले च्याम्पियनसिपमा सहभागी हुन ११ खेलाडीसहित १४ सदस्यीय नेपाली एथलेटिक्स टोली बिहीबार भारतको चन्डीगढ गएको छ। १८ मार्चसम्म हुने प्रतियोगितामा पुरुषतर्फ शिवराज पार्की, सुशील केसी, आदेश यादव, अरुण महतो थारू, प्रेम सुनार, प्रकाश दनुवार र सञ्जीव नेपाली रहेका छन्। महिलामा सीमा चौधरी, अनिशा विक, सुमित्राकुमारी चौधरी र भग्रथी चौधरी छन्। प्रशिक्षकमा उषाकुमारी कर्ण, बुद्धकुमारी घिमिरे र विमला रानामगर रहेका छन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहतालगायतले बिदाइ गरेका छन्।

फिफा सिरिजका लागि प्रारम्भिक टोली घोषणा

काठमाडौं/ फिफा सिरिज, २०२६ का लागि ३२ सदस्यीय नेपाली राष्ट्रिय महिला फुटबलको प्रारम्भिक टोली घोषणा भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले थाइल्यान्डमा आयोजना हुने सिरिजको तयारीका लागि खेलाडीको नाम सार्वजनिक गरेको हो। खेलाडीमा अनिता बस्नेत, अनिता केसी, अनिता लम्जेल, अञ्जना रानामगर, अञ्जिला तुम्बापो सुब्बा, अस्मिता नेपाली, वर्षा ओली, विमला बिके, बिर्सना चौधरी, दीपा शाही, गीता राना, हिरा भुजेल, जेनिफर राना, मनमाया दमाई छन्। यसैगरी, मीना देउवा, नेहाकुमारी चौधरी, निशा ठोकर, पुनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मिकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सविना चौधरी, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सुक्रिया मियाँ, सुशीलाकुमारी चौधरी र उषा नाथले पहिलो चरणमा स्थान बनाएका छन्। फिफा सिरिज अन्तर्राष्ट्रिय मैत्रीपूर्ण प्रतियोगिता हो। जसले विभिन्न राष्ट्रका टोलीलाई प्रतिस्पर्धात्मक अभ्यासको अवसर प्रदान गर्छ। सिरिजमा नेपाल, आयोजक थाइल्यान्डसहित न्यु क्यालेडोनिया, डिआर कंगो छन्। दुई खेलको विजेताले फाइनल खेल्नेछन्। पराजितले तेस्रो स्थानका लागि खेल्ने तालिका रहेको छ। नेपालले १२ अप्रिलमा कंगोको सामना गर्नेछ।

भारतसँगै बंगलादेश पनि सेमिफाइनलमा



एजेन्सी/ माल्दिभ्समा चलिरहेको साफ यू-२० च्याम्पियनसिपमा पाकिस्तानले लगातार दोस्रो हारको सामना गरेको छ। मालेमा बिहीबार पाकिस्तान भारतसँग ३-० ले पराजित भयो। हारसँगै समूह 'बी'मा पाकिस्तान प्रतियोगिताबाट बाहिरिने पहिलो टोली बनेको छ। मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा भारतको जितमा ओमाङ डोडुमले दुई तथा विशाल यादवले एक गोल गरे। समूह 'बी'मा भारतको यो पहिलो खेल हो। यो नतिजासँगै बंगलादेशले पनि एक खेलअगावै अन्तिम चारमा स्थान सुरक्षित गरेको छ। बंगलादेशले आफ्नो पहिलो खेलमा पाकिस्तानलाई २-० ले हराएको थियो। समूह 'ए'बाट नेपालले अन्तिम चारमा स्थान बनाइसकेको छ।

टाइम्स लगातार आठौं खेलमा विजयी

काठमाडौं/ हिमालयन जाभा बास्केटबल लिगमा टाइम्स बास्केटबल क्लबले लगातार आठौं खेलमा जित हात पारेको छ। दशरथ रंगशाला कभर्डहलमा बिहीबार भएको खेलमा टाइम्सले रोयललाई ७८-६७ ले पराजित गरेको हो। टाइम्सले नौ खेलबाट १७ अंक जोडेर शीर्ष स्थानमाथि कब्जा जमाएको छ। टाइम्सका लागि पेम्बा शेर्पा म्यान अफ दी म्याच घोषित भए।

अर्को खेलमा त्रिभुवन आर्मी क्लबले सोलो बास्केटबल क्लबलाई ८८-७० ले पराजित गरेको छ। आर्मीको यो सातौं जित हो। आर्मीले आठ खेलबाट १५ अंक जोडेको छ। आर्मीका लागि सिमोन गुरुङले सर्वाधिक २२ स्कोर गरे। नेपाल बास्केटबल संघद्वारा आयोजित दोस्रो संस्करणमा आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। डबल राउन्ड रोबिनका आधारमा हुने लिगमा कुल ५६ खेल हुनेछन्। लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन्। प्लेअफअन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबिच पहिलो क्वालिफायर हुनेछ। पहिलो



क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबिच दोस्रो क्वालिफायर हुनेछ। पहिलो र दोस्रो क्वालिफायरको विजेताबिच फाइनल खेल हुनेछ। प्रतियोगिताको विजेताले चार लाख र उपविजेताले दुई लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ। तेस्रो हुनेले एक लाख र प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुने पनि पुरस्कृत हुनेछन्।

लिभरपुल छाड्न तयार भए सलाह

एजेन्सी

इजिप्टका मोहमद सलाहले इंग्लिस क्लब लिभरपुल छाड्ने भएका छन्। नयाँ सिजन २०२७ मा सलाह क्लबको जर्सीमा नदेखिने लिभरपुलले जनाएको छ। यसै साता इजिप्टका स्ट्राइकर सलाहले लिभरपुल छाड्ने सहमति गरेका थिए। क्लबले भने बुधबार राति मात्र सार्वजनिक गरेको थियो।

सलाहले नौ वर्ष इंग्लिस क्लबबाट प्रतिस्पर्धा गर्न पाउनु आफ्ना लागि गर्विलो क्षण भएको बताएका छन्। सन् २०१७ मा उनी इटालियन क्लब रोमाबाट लिभरपुल आएका थिए। नौ वर्ष एनफिल्डमा रहँदा उनी क्लब इतिहासकै महान् खेलाडीका रूपमा स्थापित भए। यस अवधिमा उनले लिभरपुललाई दुई प्रिमियर लिग, युरोपियन च्याम्पियन्स लिग, फिफा क्लब विश्वकप, युइएफए सुपर कप, एफए कप, दुईपटक लिग कप र एकपटक एफए कम्युनिटी सिल्ड दिलाए।

उनले लिभरपुलबाट समग्रमा ४३५ खेलमा २५५ गोल गरेका छन्। लिभरपुलका सर्वाधिक गोल गर्ने खेलाडीका रूपमा उनी तेस्रो स्थानमा छन्। उनले चारपटक प्रिमियर लिग गोल्डेन बुट जित्दै व्यक्तिगत रूपमा पनि धेरै उपलब्धि हासिल गरेका छन्। लिभरपुलले सलाहको बिदाइ अर्को वर्ष मात्र गर्नेछ। सन् २०२७ को नयाँ वर्षमा लिभरपुलले सलाहको भव्य बिदाइ गर्ने जनाएको छ।

सलाहको आगमनपछि चम्किएको लिभरपुल

जर्मन प्रशिक्षक जर्गेन क्लोपको समयमा सलाहलाई साडियो माने र रोबटो फिर्मिगोले उत्कृष्ट साथ दिएका थिए। यी तीनजना खेलाडीले इंग्लिस प्रिमियर लिगमा तहल्का नै मच्चाएका थिए। तत्कालीन प्रशिक्षक क्लोपले पनि सलाहको आगमनले लिभरपुलले एउटा दिशा पाएको प्रतिक्रिया दिएका थिए।

लिभरपुलले सलाहको बहिर्गमनको जानकारी दिँदा खेलाडीले भने खासै प्रतिक्रिया दिएका छैनन्। लिभरपुलले ६ बुँदामा सलाहले चालू सिजनको अन्त्यसम्म क्लब छाड्ने सहमति गरेको खुलासा गरेको थियो। तर, सलाहले घुमाउरो रूपमा लिभरपुल एक विश्वकै उत्कृष्ट क्लबका रूपमा टिप्पणी गरेका छन्। 'यहाँ लामो अवधि बस्न चाहेको थिएँ। लिभरपुलबाट बाहिरिने कल्पना नै गरेको थिइनँ,' उनले भने, 'लिभरपुल एउटा क्लब मात्र नभएर इतिहास नै हो।' सलाहले नौ वर्ष लिभरपुलमा रहँदा धेरै पक्ष सिक्न र अनुभव गर्ने अवसर पाएको बताए। 'नौ वर्ष यति छिटो बित्यो, मलाई थाहा नै छैन,' उनले भने, 'यहाँ रहँदा एनफिल्डलाई दोस्रो घर बनाएँ। सबै समर्थकले उत्तिकै माया गरेका छन्।'

साउदी प्रो लिगमा ध्यान

नयाँ सिजनपछि सलाह कुन क्लबमा जाने भन्ने यकिन छैन। तर, अन्तर्राष्ट्रिय मिडियाहरूले सलाहलाई साउदी प्रो लिगबाट राम्रो प्रस्ताव आएको दाबी गरेका छन्। पछिल्लो समय सन्न्यासको सँघारमा रहेका चर्चित खेलाडीको प्रमुख गन्तव्य साउदी प्रो लिग बनेको छ। साउदी क्लब अल इत्तिहादले सलाहलाई पुनः प्रस्ताव गरेको छ। सन् २०२३ मै इत्तिहादले उनलाई भित्र्याउने प्रयास गरेको थियो। तर, सलाहले केही वर्ष लिभरपुलमै रहने बताउँदै साउदी क्लबको प्रस्ताव अस्वीकार गरेका थिए। यसपटक भने लगभग इत्तिहादको प्रस्तावबाट उनी खुसी छन्।

यसकारण साउदी प्रो लिगमा आबद्ध हुनकै लागि उनले लिभरपुलसँग थप सम्झौता नगरी बहिर्गमनको बाटो रोजेको एजेन्सीले जनाएको छ। 'एजेन्टको सहयोगबाट

> सन् २०२७ सम्मका लागि लिभरपुलसँग सम्झौता गरेका मोहमद सलाहले चालू इंग्लिस प्रिमियर लिग नै अन्तिम सिजन भएको जनाएका छन्। नौ वर्ष एनफिल्डमा रहँदा उनले ४३५ खेलमा २५५ गोल गरे।



इजिप्टका खेलाडीले इत्तिहादसँग अन्तिम वार्ता गरिसकेका छन्,' एजेन्सीले जनाएको छ, 'यसपटक उनी लिभरपुलबाट बाहिरिने पक्का भइसकेको छ।'

पछिल्लोपटक लिभरपुल र सलाहबिच सन् २०२७ सम्म सम्झौता भएको थियो। लिभरपुल यसपटक २०औं प्रिमियर लिग जित्ने अभियानमा छ। सलाहका म्यानेजर अर्ने सोल्टले पनि आगामी डिसेम्बरमा सलाह र साउदी क्लबबिच सम्झौता हुने बताएका छन्। अफ्रिकन कपपछि नै सलाहले वार्ता थालेको उनको भनाइ छ। युरोपियन च्याम्पियन्स लिगमा सलाह अन्तिमपटक च्याम्पियन्स लिगमा सहभागी हुनेछन्। उनले पेरिस सेन्ट जर्मेन (पिएसजी)विरुद्ध क्वार्टरफाइनलमा प्रतिस्पर्धा गर्नेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com